
# आर्थिक असमानता

## एक परिचय



इमन बट्लर

# आर्थिक असमानता

Ps KL/ RO

ODG A6\N/

C GJFB

LJKNJ KLTS

**प्रकाशक**:
समृद्धि फाउण्डेशन
६६४, भिमसेनगोला मार्ग, मीनभवन खरीबोट
काठमाडौं, नेपाल

फोनः ९७७-१-४५६४६१६
ईमेलः info@samriddhi.org
वेवसाइटः www.samriddhi.org

डिजाइन र लेआउटः रोशन बस्नेत

नेपाली अनुवाद सर्वाधिकार © समृद्धि फाउण्डेशन

यस नेपाली अनुवाद प्रतिलिपि अधिकारअन्तर्गत संरक्षित छ। सन् २०२२ मा इन्स्टिच्युट अफ इकोनोमिक अफेयर्स, लन्डनले प्रकाशन गरेको तथा प्रसिद्ध लेखक इमन बट्लर द्वारा लिखित आन 'इन्ट्रोडक्सन टु इकनोमिक इन्इक्वालिटि' नामक पुस्तकलाई नेपालीमा अनुवाद गरी प्रकाशित गर्न आवश्यक सम्पूर्ण प्रतिलिपि अधिकार समृद्धि फाउण्डेशनले सम्बन्धित व्यक्ति तथा संस्थाहरुबाट प्राप्त गरेको छ। समृद्धि फाउण्डेशनको पूर्व अनुमतिविना यस पुस्तकको आंशिक वा पूर्ण रुपमा छापा अथवा विद्युतिय माध्यममा प्रतितिपि निकाल्न वा पुनः प्रकाशन गर्न पाइने छैन।

समृद्धि फाउण्डेशन द्वारा नेपालीमा प्रथम पटक २०८० फागुनमा प्रकाशित।

# विषयसूची

*लेखकका बारे* *क*
*कृतज्ञता* *ख*
*सारांश* *ग*
*चित्रहरुको सूची* *घ*

**१. असमानतामाथि बहस** **१**
असमानतामाथि सर्वसम्मति १
असमानताबारे चर्चा (न्यारेटिभ्स) १
भाष्यमा सवाल ३

**२. परिभाषा, मापन, सफाई** **५**
अर्थ तथा आशय ५
आर्थिक असमानता ६
सैद्धान्तिक व्याख्या ७
आय असमानता मापन ७

**३. आम्दानीको मापनमा उठेका सवाल** **११**
तथ्याङ्कमा अभाव ११
तथ्याङ्कगत त्रुटि तथा चुकेका कुराहरु १२
हामी कोसँग तुलना गरिरहेका छौं ? १२
एउटा अविश्वसनीय दृष्टान्त १३

**४. सम्पत्तिको मापनमा सवाल** **१५**
तथ्याङ्कका कमीकमजोरी १५
भ्रम श्रृजना गर्ने अन्य कारक १६
हामी कोसँग तुलना गर्दैछौं ? १७
सत्यको विरुपण १७

**५. अन्तर्राष्ट्रिय तुलना** **१९**
वैश्विक असमानताको भाष्य १९
अन्य स्पष्टिकरण २०
समानता, गरिबी र विकास २१

**६. के अझै धनी हुनुपर्छ धनीहरू ?** **२३**
धन अनिश्चित छ २३
सम्पत्तिको अन्य स्वरुप २४
समानता बिना समृद्धि २४

**७. नैतिक मामिलामा प्रश्न गर्नु** **२७**
मानवतामा विश्वव्यापी तर्क २७
जोन रल्सः समानता र निष्पक्षता २८

**८. व्यावहारिक दाबीहरूप्रति सवाल उठाउनु** **३१**
दि स्पिरिट लेभल भन्ने पुस्तकमा भएका त्रुटिहरु ३१
ध्यानलाई गलतमार्गनिर्देश ३३

**९. कार्यस्थलमा समान ज्याला** **३५**
समान ज्यालाको विरोधाभास ३५
के ज्यालामा लैङ्गिक अन्तर छ ? ३६
के प्रमुख कार्यकारी अधिकृत सम्पत्तिवाल रहन लायक छन् ? ३८

**१०. समीकरण नीतिको मूल** **४१**
नैतिकतादेखि राजनीतिसम्म ४१
समान परिणाम सम्भव छैन ४१
दुर्भाग्यको क्षतिपूर्ति ४२

**११. समानताकालागि राजनीतिक दृष्टिकोण** **४५**
बराबरीबाट हिस्सेदारी ४५
मानिसहरुको आवश्यकतालाई सम्बोधन ४५
मतभेदलाई कम गर्ने क्रम ४६

**१२. अवसरमा समानता** **४९**
समान अवसरको अर्थ ४९
के हामीले विरासतको चिन्ता लिनुपर्छ ? ५०

**१३. पुनर्वितरण नीतिहरू** **५३**
प्रगतिशील करप्रणाली ५३
सम्पत्ति कर ५४
न्यूनतम मजदूरी ५५
विभिन्न समूहहरुकानिम्ति अलग मानक ५६
आर्थिक विकास ५७

**१४. प्रजातन्त्र र समानता** **५९**
गठबन्धनको राजनीति ५९
पुनर्वितरणको हदबन्दी ६०
बराबरी तुल्याउनेलाई बराबर कसले बनाउँछ ? ६२

**१५. समानतामा बाधाहरू** **६३**
कानूनी र नागरिक समानता ६३
समानता र गतिशीलता ६३
गतिशीलताको विरुद्ध बाधाहरु ६४

**१६. असमानताको भूमिका** **६७**
के मानिसहरुले समानता चाहेका हुन् ? ६७
समान र असमान समाजहरु ६७
पैसा र प्रतिष्ठा ६८
ग्रोइङ्ग द पाई (अर्थतन्त्रमा सुधार) ६९

**१७. निष्कर्ष** **७१**

**सन्दर्भ सामग्रीहरू**

# लेखकका बारे

विश्वको पलिसी थिङ्क ट्याङ्क सँस्थाहरुमध्ये एक अग्रणी हो आदम स्मिथ इन्स्टिच्यूट । त्यसैका निर्देशक हुन् इमन बट्लर । अर्थशास्त्र र मनोविज्ञानमा डिग्री हासिल गरेका उनले दर्शनशास्त्रमा विद्यावारिधि गरेका छन् । साथै उनी मानार्थ डक्टर इन लिट्रेचर हुन् । सन् १९७० मा उनले यूएस् हाउस अफ रिप्रिजेन्टेटिभ्स वाशिङ्गटनका लागि काम गरेका थिए । आदम स्मिथ इन्स्टिच्यूट सह-स्थापना गर्नकालागि बेलायत फर्किनुअघि उनी मिशिगनस्थित हिल्सडेल कलेजमा दर्शनशास्त्र पढाउँदथे । भ्याली फोर्जमा फ्रिडम मेडल अफ फ्रिडम्स फाउण्डेशन जित्नुका साथै यूके नेशनल फ्री इन्टरप्राइज अवार्ड जितेका छन् । आन्थेम फिल्म फेस्टिभलमा उनको सिनेमा 'सिक्रेट्स अफ दि म्याग्ना कार्टा' पुरस्कृत भएको थियो भने उनको किताब 'फाउण्डेशन्स अफ अ फ्रि सोसाइटी' ले फिशर प्राइज पाएको छ ।

एमनका अन्य पुस्तकहरुमा आदम स्मिथ, मिल्टन फ्रिडम्यान, एफ्. ए. हायेक र लुडविग भौँ मिजेसका परिचय सामेल छन् । उनले शास्त्रिय उदारवाद, जनचाहना, पूँजीवाद, प्रजातन्त्र, व्यापार, अस्ट्रियन स्कूल अफ इकनोमिक्स र महान् उदार विचारकहरुबारे प्रारम्भिक पुस्तिकाका साथै 'दि कन्डेन्स्ड वेल्थ अफ नेशन्स' र 'दि बेस्ट बुक अन दि मार्केट' पनि निकालेका छन् । 'फोर्टी सेन्चुरीज अफ वेज एण्ड प्राइस कन्ट्रोल्स' र अनेक भागमा प्रकाशित आइक्यू पुस्तकका उनी सहलेखक हुन् । उनी प्रिन्ट, रेडियो र अनलाइन मिडियाका निम्ति नियमित लेख्दछन् ।

# कृतज्ञता

थुप्रै मित्रहरुलाई तिनका सुझावहरु र तिनले उपलब्ध गराएका श्रोतहरुका निम्ति धन्यवाद । तथ्य र सन्दर्भमा अनुसन्धान गरिदिने आदम स्मिथ इन्स्टिच्यूटकी फियोना टाउन्सलेलाई उनको कामका लागि विशेष रुपमा धन्यवाद ।

# सारांश


अर्थसम्बन्धी किताब र लेखहरुको सङ्ख्यासँगै आर्थिक र राजनीतिक बहसलाई आर्थिक असमानताको मुद्दाले तताएको छ। समानता सामान्यतया आफैँमा राम्रो मानिने मात्र होइन, यसले स्वास्थ्य तथा भरोसा जस्ता अन्य मूल्यलाई समेत सुनिश्चित गर्दछ।

संसारभरिका अधिकांश भौतिक र वित्तिय सम्पत्तिका मालिक केही धनाढ्यहरु छन्, जसका मुट्ठीमा दुनियाँभरिको सर्वाधिक आय छ। सर्सर्ती हेर्दा यस्ता आँकडा स्तब्ध तुल्याउने खालका देखिन्छन्। र, असमानतालाई कम आयू, निम्नकोटिको शिक्षा, मानसिक स्वास्थ्य अवस्था, मोटोपन, राजनीतिक अस्थिरता र अन्य सामाजिक समस्यासँग जोडेर हेरिन्छ। र, अभियानकर्ताहरुले धनमा कर, कल्याणकारी राज्यको विस्तार र न्यूनतम मजदूरीमा बढोत्तरी जस्ता कुरामा आवाज उठाउँछन्।

तर, यस्ता आवाजमा गम्भीर त्रुटिहरु पाइन्छन्।

उदाहरणका लागि असमानतालाई नाप्न कठिन छ। पूर्वकर आय निकै असमान देखिन्छ, कर र कल्याणकारी लाभ (शिक्षा, आवास र स्वास्थसेवासम्म पहुँच लगायत) ले जीवनस्तरमा वास्तविक असमानताहरुलाई नाटकीय रुपले कम गराइदिन्छ। मानिसहरुलाई आफ्नो कामबाट मिल्ने अधिकांश लाभ केवल वित्तिय मात्र नभई प्रोत्साहन, आनन्द र सन्तुष्टि पनि हुन्छ।

अर्को तरिकाले हेर्दा असमानताका आँकडाहरुले मिथ्या सूचना दिन्छन्। आम तौरमा मानिसहरुको आम्दानी उनीहरुको जीवनकालमा बढ्दछ, र अधिक कमाई गर्नेहरुले अधिक बचत गर्न सक्दछन्। प्रत्येक व्यक्तिले आफ्नो जीवनकालमा बिल्कुल समान राशि कमाएको छ भने पनि वृद्ध र युवावस्थाका मानिसहरुलाई एउटै डालोमा हालेर हेर्ने हो भने त्यसका आँकडाहरुले व्यापक असमानता देखाउन सक्छन्।

असमानताको कथनमा बनेका नीतिहरु पनि समस्यायूक्त छन्।

यद्यपि हामी 'आय वितरण' का कुरा गर्दछौँ, तर यथार्थमा सचेत रहेर कसैले पनि वितरण गर्दैन। आम्दानी भनेको प्रत्येक व्यक्तिको आर्थिक गतिविधिको परिणाम मात्र हो। न त धन र आम्दानीको स्वरुप नै शून्यराशिको हुन्छ। वास्तविकता के हो भने कुनै व्यक्ति अधिक धनी हुनुको अर्थ अर्को मान्छे झन गरिब हुनु भन्ने हुँदैन। त्यसको साटो विगत दुई शताब्दीभित्र बजार र व्यापारको विस्तारले सम्पूर्ण विश्वलाई धनी बनाइदिएको छ।

समानताको नाउँमा पुनर्वितरण असंगत कुरा हो किनभने यसको लागि हामीले मानिसहरुसँग असमान व्यवहार गर्नु पर्ने हुन्छ। र, यसले मानिसहरुको रोजाईले जन्माएको आर्थिक अवस्था प्रतिबिम्बित गर्ने यथार्थलाई नजरअन्दाज गरिदिन्छ। जस्तो कि कुनै व्यक्तिले आकर्षक तलब पाईने काम छाडेर परिवारलाई अधिक समय दिने अथवा तलबभन्दा पनि सन्तुष्टि मिल्ने जागिर, या आराम र फुर्सदलाई रोज्न सक्छ।

उच्च कर, न्यूनतम मजदूरी र बृहत् कल्याणकारी राज्य जस्ता नीतिले पारिश्रमिकमा कटौती गरिदिन्छ र काम, बचत, उद्यम र प्रगतिलाई हतोत्साहित गरिदिन्छ भन्ने भनाई छ पुनर्वितरण सोचका आलोचकहरुको। किनभने कार्यक्रमको प्रबन्ध राजनीतिज्ञहरुले गर्ने भएकाले सहयोग गरिबहरुको पोल्टामा नगई अधिक राजनीतिक प्रभाव भएका समूहमा वितरित हुनेछ।


™

मत सर्वेक्षणअनुसार मानिसहरुलाई असमानता मन पर्दैन, तर समानताभन्दा अन्य प्राप्तिलाई उनीहरु माथ्लो श्रेणीमा राख्दछन् । असमानताप्रति ध्यान केन्द्रित गऱ्यौं भने वास्तविक समस्याबाट हाम्रो ध्यान भड्किन सक्छः त्यसैले सबैको समृद्धिलाई उँभो लैजाने परिस्थिति कसरी सिर्जना गर्न सकिन्छ भन्ने कुरातर्फ हाम्रो ध्यान रहनुपर्छ ।

# चित्रहरूको सुची


चित्र १: दि लरेञ्ज कर्भ ८

चित्र २: सन् १८२० देखी सन् २०१५ सम्म चरम गरिवीमा रहेका मानिरहरुको विश्वव्यपी जनसंख्या २२

# १ असमानतामाथि बहस

## असमानतामाथि सर्वसम्मति

अर्थशास्त्री, प्राज्ञ र सामाजिक शोधार्थीहरुद्वारा प्रकाशित पुस्तकहरुको बढ्दो सङ्ख्याका कारण आर्थिक असमानताले प्राज्ञिक र राजनीतिक बहसमा प्रमुख स्थान ओगटेको छ ।

विभिन्न व्यक्तिहरुमध्ये, अर्थशास्त्री जे. के. गेलब्रेथ उनको 'द एफ्ल्यूयण्ट सोसाइटी' (सन् १९५८) मा ज्यादतिहरुको निन्दा गर्दछन् । 'अ थियोरी अफ जस्टिस' (सन् १९७१) मा दार्शनिक जोन रल्स असमानता अनुचित र तर्कहीन दुवै छ भनेर दावा गर्छन् । अधिकांश सामाजिक समस्यासँग असमानता जोडिएको छ भनी अनुसन्धाताहरु केट पिकेट र रिचर्ड विल्किन्सन आफ्नो 'द स्पिरिट लेभल' (सन् २०१०) मा लेख्दछन् । नोबेल अर्थशास्त्री जोसेफ स्टिग्लिट्जको दृष्टिमा असमानताले समाजमा कलह भित्र्याउँछ, आफ्नो 'द प्राइस अफ इनइक्विलिटी' (सन् २०१३) मा उनले लेखेका पनि छन् । र, 'क्यापिटल' (सन् २०१७) मा विश्वभरि सम्पत्ति करको सामना नगरुञ्जेल धनीहरु हमेशा धनी नै हुँदै जान्छन् भन्ने तर्क थोमस पिकेटी गर्दछन् । उता, न्यूनतम तलब नीति, कल्याणकारी खर्चमा वृद्धि, सिमान्त आयकर दर (जुन कहिलेकाहीँ सय प्रतिशतसम्म पुग्न जान्छ) र सम्पत्तिमाथि कर लगाउने प्रस्तावसहित राजनीतिज्ञहरुले अभियान चलाएका छन् ।

यसैले असमानताका खराबीहरुमा आम सहमति देखिन्छ । तैपनि थुप्रै अर्थशास्त्री, दार्शनिक र सामाजिक अनुसन्धाताहरु पनि छन्, जसको कुरा कम सुनिएको छ र जो तर्कहरुमा सवाल गर्छन् र तिनमाथि बनेका नीतिहरुको मूल्य निकै ज्यादा छ भन्ने कुरामा विश्वास गर्दछन् ।

## असमानताबारे चर्चा (न्यारेटिभ्स)

**स्तब्ध तुल्याउने आँकडा ।** पहिलो नजरमा हेर्दा आयअसमानतामाथिको आँकडा स्तब्ध तुल्याउने खालको छ । यूरोपको आँकडा हेर्दा शीर्ष दश प्रतिशत आर्जकहरुको आय पुछारका ५० प्रतिशतको कमाइभन्दा १० गुणा ज्यादा छ । पूर्वी एशिया, रुस र उत्तर अमेरिकामा यो आँकडा १५ गुणा ज्यादा छ भने ल्याटिन अमेरिका, दक्षिण तथा दक्षिणपूर्वी एशियामा यो २० गुणा ज्यादा छ । र, अफ्रिका एवं मध्यपूर्वमा शीर्षका १० प्रतिशतले पुछारका ५० प्रतिशतभन्दा ३० गुणा ज्यादा कमाइ गर्दछन् ।

सम्पत्ति असमानताका आँकडा हेर्ने हो भने त्यो झन् ज्यादा गम्भीर छ । यूरोपमा १० प्रतिशत सर्वाधिक सम्पन्नहरुले सम्पत्तिको कूल ६० प्रतिशत भन्दा ज्यादा हिस्सा ओगटेका छन् । यो सङ्ख्या उत्तरी अमेरिका, दक्षिण तथा दक्षिणपूर्वी एशियामा लगभग ७० प्रतिशत छ भने रुस, मध्य एशिया, मध्यपूर्व, अफ्रिका, र ल्याटिन अमेरिकामा त्यो सङ्ख्या ७० प्रतिशतभन्दा ज्यादा छ । कुल मिलाएर विश्वका सर्वाधिक सम्पन्नहरुको १० प्रतिशतसँग निर्बाध रुपमा संसारको ७६ प्रतिशत सम्पत्ति छ र (यू.एन्. का अनुसार) एक प्रतिशत सर्वाधिक धनीहरुसँग त्यसको ४० प्रतिशत हिस्सा छ । अक्सफोर्ड कमिटि फर फेमिन रिलिफ (अक्सफ्याम) को दाबीअनुसार लगभग दुई हजार जना डलर अरबपतिहरुसँग संसारका पाँच अरब सर्वाधिक निर्धनहरुकोभन्दा ज्यादा सम्पत्ति छ ।

धनीहरु झन्झन् धनी हुँदै गएको देखिन्छ । विकसित मुलुकहरुमा शीर्ष एक प्रतिशतद्वारा आर्जित आम्दानीको हिस्सा सन् १९२० र सन् १९७० बीच नराम्रोसँग खस्कियो । तर, त्यसपछिको पाँच दशकभित्र यो फेरि उकासियोः अमेरिकाका १० प्रतिशत सर्वाधिक धनाढ्यहरुले तिनको सम्पत्तिलाई पाँच गुणा बढाए भने सर्वाधिक सम्पन्न एक प्रतिशतले आफ्नो सम्पत्ति सात गुणाले बढाए । दुनियाँभरि गरिएको विश्व असमानता प्रतिवेदनले सङ्केत गरेअनुसार सन् १९९५ पछि एकातिर औसत सम्पत्ति लगभग तीन प्रतिशतले बढेको छ भने अर्कोतिर संसारका सर्वाधिक सम्पन्नहरुको सम्पत्ति त्यही दरमा दुई या तीन गुणाले बढेको छ । सर्वाधिक सम्पन्न १ प्रतिशतले यस्तो अवस्थामा पनि सम्पूर्ण सम्पत्तिबृद्धिको लगभग २/५ हिस्सा कब्जा गरे, उता संसारका सर्वाधिक गरीब ५० प्रतिशतले केवल २/१०० हिस्सा मात्र पाए ।

**असमानताप्रति चासो ।** यसलाई व्यापक रुपमा अनुचित मानेर हेरिएको कुरा जाहेर छ । र, आत्म-सुदृढिकरणको कुरा पनि जाहेर छः उत्तराधिकार र लालनपालनमार्फत धनीका सन्तानहरुले असामान्य सुविधा शुरुमै पाउँछन्, र जोसँग पैसा छ उसले झन् सहजै पैसा कमाउन सक्छ र आफ्नो असामान्य सुविधा सुरक्षित राख्न सक्छन् । असमानताका केही विश्लेषकको दाबीअनुसार धनीहरु आफूलाई धनी र अरुलाई निर्धन बनाइरख्न जानीबुझीकन आफ्नो धनको उपयोग गर्दछन्। राजनीतिक दलहरुका निम्ति उनीहरु पैसा बगाउन तैयार हुन्छन् ताकि आफ्ना करीबका मान्छेहरुको चुनाव सुरक्षित होस्, जसले उनीहरुको करमा कटौती गराउनेछन् र अरुको निम्ति गरिने कल्याणकारी खर्चमा अङ्कुश लगाउनेछन् । औद्योगिक समाजका गरिब परिवारहरुले आफ्नो काम अन्य मुलुकबाट खोसिएको देखेका छन् । तर, धनीहरुसँग भने अतिरिक्त धन छ, र उनीहरु आफ्नो आर्थिक कारोवार बढ्दै गएको हेरिरहेका छन्, जसलाई रोक्न कुनै उचित कर व्यवस्था छैन ।

द स्पिरिट लेभलका लेखक यसमा अझै थप्छन् र कमआयू, स्तरहीन शिक्षा, आपसी भरोसामा कमी, अधिक मानसिक रोग, आत्महत्या, मोटोपन, हत्या र राजनीतिक अस्थिरतासँग असमानता गाँसिएको छ भनी दाबी गर्छन् । बेलायतको इक्वेलिटी ट्रस्टको भनाईअनुसार अधिक समानतामार्फत 'हत्या र मोटोपनको दर आधामा झर्नसक्छ, मानसिक रोग दुई तिहाइले कम हुनसक्छ, झ्यालखाना र कैशोर्यमै गर्भाधान ८० प्रतिशतले घट्नसक्छ एवं आपसी भरोसाको स्तर ८५ प्रतिशतले बढ्न सक्छ ।'

**प"नर्वितरणको माँग ।** समानतालाई आफैँमा स्पष्ट रुपले राम्रो मानिन्छः निष्पक्ष र न्यायसङ्गत मात्र होइन, आफैँमा र ाम्रो हो समानता, जसले स्वास्थ्य, शान्ति र आपसी भरोसा जस्ता मूल्य प्रदान गर्दछ । यसलाई आधारभूत मानवीय मूल्यबाट प्राप्त हुने स्वरुपमा पनि हेरिन्छ-मानिसहरु जन्मिँदै समान छन् भने उनीहरुले समान अवसरहरुको आनन्द लिन पाउनुपर्छ र उनीहरु सबैले उत्पादन गरेका सारा कुराहरुमा उनीहरुको समान हिस्सेदारी हुनुपर्छ । भनिन्छ, प्रमाणको बोझ ती मानिसहरु बोकिरहेका छन् जसले यसको विरोध गर्दछन् । स्पष्टरुपमा राम्रोलाई छाड्नुअघि कस्तो लाभको अपेक्षा गर्दछन् भन्ने कुरा उनीहरुले देखाउन सक्नुपर्छ ।

यसबीचमा हामीले समानता बढाउने लक्ष्य लिनुपर्छ भन्ने धारणा पनि अगाडि सरेको छ । परोपकार पर्याप्त छैनः सामाजिक तथा कर क्रान्ति मात्र पर्याप्त हुनसक्छ, जसमा प्रगतिशील आयकर, सम्पत्ति कर, बृहत् कल्याणकारी राज्य एवं स्वास्थ्य, आवास, शिक्षा, न्यूनतम मजदूरी, मजबुत ट्रेड यूनियन, विभेदविराधी कानूनहरु रोजगारीका अवसरलाई विस्तार गर्ने उपाय जस्ता आधारभूत कुराहरुमा समान पहुँच सामेल हुनेछन् ।

या योभन्दा पनि ठूलो क्रान्ति । केही अभियन्ताहरुको तर्क यस्तो पनि छ कि असमानताको समस्या पूँजीवादमा अर्न्तनिहित समस्या हो र बिल्कूल अलग प्रकारको आर्थिक समस्याले मात्र यसलाई अन्त्य गर्न सक्छ ।

## भाष्यमा सवाल

असमानताको न्यारेटिभ सर्वपरिचित भइसक्यो र यसलाई व्यापक रुपमा यति सहज ढङ्गले लिन थालिएको छ कि यसबारे ज्यादा चर्चा चलाईरहन शायदै आवश्यक छ । यसको साटो यस किताबमा न्यारेटिभलाई दृष्टिकोणमार्फत हेरिनेछ र यसका दाबीहरुलाई अहिलेसम्म भएका आलोचनाहरुको कसीमा केन्द्रित रहेर परिक्षण गर्ने प्रयास गरिनेछ । त्यस्ता आलोचनाहरु जून महत्वपूर्ण र व्यापक छन् र जसले समान ध्यान हासिल गर्न सङ्घर्ष गर्नु परेको छ ।

**मापन समस्या ।** उदाहरणकालागि न्यारेटिभका समीक्षकहरुको भनाईमा आम्दानीको असमानतालाई मापन गर्न कठिन छ । पैसा नै सबै थोक होइनः मानिसहरुले सन्तोषजनक, उत्साहदायी र सुखद जागिरका कारण 'मनोवैज्ञानिक लाभ' पनि हासिल गरेका हुन्छन्- तर त्यसलाई तौलिन सकिँदैन । त्यसबाहेक करअघिको आय निकै असमान देखिन सक्छ, तर कर तिरिसकेपछि निकै कम हुन आउँछ । र, कल्याणकोश र निवृत्तिभरण जस्ता राज्यले दिने सुविधा मुख्यतयाः गरिबहरुकै पोल्टामा जान्छ । अन्ततः हामी सबैलाई उपभोग गर्न जे उपलब्ध हुन्छ त्यो धेरै ज्यादा समान हुन्छ ।

अर्को मुद्दा यो पनि छ कि मानिसहरुको आम्दानी आमतौरमा उनीहरुको जीवनकालको उत्तरार्द्धतिर वृद्धि हुँदै जान्छ (र, धन त अझै अधिक, किनभने अधिक आय आर्जन गर्ने वृद्ध व्यक्तिहरुले अझै ज्यादा बचत गर्न सक्छन्), त्यसैले जीवनको विभिन्न चरणमा मानिसहरुको तुलना गर्दै आँकडाहरुमा असमानता बढाईचढाई प्रस्तुत भएको देखिन्छ ।

सरकार वा व्यापारिक सँस्थाहरुसँग रहेका जस्ता अधिकाधिक सम्पत्ति गणनामा सामेलै भएका हुँदैनन्, जसका कारण अधिकांश सम्पत्ति केही धनाढ्य व्यक्तिहरुमा नियन्त्रित छ भन्ने गलत धारणा हामी बनाउँदछौं । त्यसको अलावा धनमा उतार चढाव हुन्छ, किनभने मानिसहरुको सम्पत्ति (स्टक, बण्ड, सम्पत्ति र सवारीसाधन जस्ता) को मूल्य तलमाथि हुन जान्छ । वास्तवमा यदि कुनै आर्थिक दुर्घटना घट्यो भने सबैको सम्पत्ति घट्छ । तर, धनाढ्यहरुको सम्पत्ति अझ ज्यादा घट्छ । यद्यपि प्रत्येकको हालत झन खराब भएको यस्तो अवस्थामा समानता बढ्नेछ । के हामीले यही चाहेको हो त ?

**असमान व्यवहार ।** 'समानता' र 'आम्दानी वितरण' एकआपसमा गाँसिएका शब्दावली हुन् र हामी वास्तवमा परिणामहरुमा आएका अन्तरकाबारे कुरा गर्दैछौं भन्ने केही समीक्षकहरुको भनाई छ । राम्रा र नराम्रा कारणहरुबाट यस्तो परिस्थिति देखा परेका हो, कसैले पनि जानीबुझीकन त्यसलाई 'वितरण' गरेको हुँदैन । समानताको नाउँमा गरिएको पुनर्वितरण एउटा विरोधाभास हो किनभने यसको लागि हामीले मानिसहरुसँग असमान व्यवहार गर्नुपर्ने हुन्छ, एउटासँग लिएर अर्कोलाई दिएझैं । त्यसबाहेक असङ्ख्य गैरआर्थिक तरिकाले मानिसहरुमा भिन्नता हुन्छ जस्तो कि पारिवारिक पृष्ठभूमि वा कसैको शक्ति या आकर्षक व्यक्तित्व जस्ता प्राकृतिक क्षमता । यस्ता सबै कुराले तिनको आर्जन क्षमतालाई प्रभावित गर्न सक्छ, तर तिनलाई मापन गर्न असम्भव हुन्छ । र, मानिसहरुको तक्दीर पनि उनीहरुको आफ्नो चुनावमा निर्भर गर्छः खराब विकल्प चुनेका मानिसहरुलाई मुआब्जा दिनु भनेको अधिक खराब विकल्पहरुलाई प्रोत्साहित गर्नु हो ।

**नीतिगत समस्याहरू ।** असमानता कम गराउन प्रस्तावित गरिएका प्रगतिशील कर र उच्च राज्यलाभ जस्ता नीतिहरुले प्रोत्साहनलाई कम गराउने एवं काम, बचत, उद्यम, नयाँ उद्योगको खोज, प्रगति र समृद्धिलाई हतोत्साहित गर्छ भन्ने केही समीक्षकहरुको भनाई छ । तिनबाट आएका राजस्व गरिबहरुको पोल्टासम्म पुग्नेछैन बरु समूहगत राजनीतिक शक्तिअनुसार वितरित हुनेछ । कुनै पनि अवस्थामा राज्यका कार्यक्रमहरु खासमा निष्पक्ष छैनन् । उदाहरणकालागि यदि लाभ लिनका लागि तपाईंको सन्तान छैन भने शिक्षादीक्षाको प्रावधान मुश्किलले 'समान' छ । र पुनर्वितरण गर्नका लागि जिम्मेवार राजनीतिज्ञ र कर्मचारीहरुका निम्ति कार्यसम्पन्न गर्नका लागि व्यापक शक्तिको खाँचो पर्नेछ, जसको दुरुपयोग हुने सम्भावना हुनेछ ।

**अन्य चासोहरू ।** अनुचिततताप्रति मानिसहरुको आपत्ति छ भन्ने कुरा सर्वेक्षणहरुबाट जानकारी मिल्छ। तर, अन्य मुद्दाहरुलाई असमानताभन्दा ज्यादा महत्व दिइएको पाइन्छ । अधिकांश मानिसहरु कडा मिहिनेत गरेर अगाडि बढ्न चाहन्छन्, समान समाजमा रहन चाहँदैनन् । वास्तवमा भन्ने हो भने मानिसहरु समानताका लागि होइन, स्वतन्त्रता र भाग्यको खोजीमा अन्य देशहरुमा बसाइँ सर्न आफ्नो ज्यानलाई जोखिममा मोल्छन् ।

समीक्षकहरुका अनुसार सम्पत्तिमा असम्भव समानता ल्याउने प्रयास गर्नुको साटो हामीले सम्पत्ति पैदा गर्ने तर्फ ध्यानलाई केन्द्रित गर्नुपर्दछ । मानिसहरुको आत्मसुधारका विरुद्ध बाधाहरुलाई हटाएर एवं उनीहरुलाई स्वतन्त्र तथा अलग प्राणीका रुपमा राखेर समीक्षकहरु समान कानूनी एवं राजनीतिक अधिकारका निम्ति वकालत गर्दछन् । यसबाट आम्दानी तथा सम्पत्तिमा ठूलो अन्तर जन्मिन सक्छ, तर यदि यसले हरेक व्यक्तिलाई श्रेष्ठ बनाउँछ र गरिबी नाश गर्छ भने कुन चाहिँ मानवीय व्यक्तिले यसको समर्थन नगर्ला ?

# २ परिभाषा, मापन, सफाई

## अर्थ तथा आशय

सम्पत्ति र आम्दानीमा अधिक समानता आफैँमा स्पष्ट रुपले राम्रो छ । यस लोकप्रिय न्यारेटिभलाई केवल धनीहरुले मात्र विवाद गर्नेछन् । उनीहरुको विचारमा परिवर्तन ल्याउन सरकारको पहल आवश्यक छ । समानताले हरेक चीजलाई प्रभावित पार्ने भएको अन्य राजनीतिक उद्देश्यसँगै यसलाई प्राथमिकता दिनु पर्दछ । यथार्थ भने यति सरल छैन ।

केही मानिसहरु असमानताको न्यारेटिभलाई अर्थ तथा आशयमार्फत बुझ्न खोज्छन् । शुरुमा भनिसकिएको छ कि मानिसहरु थुप्रै तरिकाले स्वाभाविक रुपमा असमान छन् । उमेर, शक्ति, क्षमता, प्रतिभा र व्यक्तित्व जस्ता कुराहरुले मानिसको कमाईको सम्भावनालाई प्रभावित गर्न सक्छ । यद्यपि यति नै माात्रामा असर गर्छ भन्न हामी सक्दैनौं । हामी यी व्यक्तिगत विशेषतामध्ये अधिकांशलाई मापन गर्न सक्दैनौं, त्यसलाई बराबर तुल्याउनु त परै जाओस् । शायद त्यसैले असमानताको न्यारेटिभ आम्दानी र आयभित्र केन्द्रित छ, जुन सम्भावित रुपले मापनयोग्य र हेरफेरयोग्य पनि छ । तर, भलै हामी मानिसहरुको आम्दानी र आयलाई बराबर गर्न सकौंला, तैपनि ती अन्य अनेक तरिकाहरुले असमान नै रहनेछन् ।

के हुने र नहुनेबीच बराबरी गराउनु कुनै पनि तरिकाले जायज र निष्पक्ष कुरा होला र ? एकातिर केही मानिसहरु साह्रै मिहिनेती, उद्यमी र मितव्ययी हुनाका कारण अधिक कमाउँछन् र ज्यादा सम्पत्तिका अधिपति बन्छन् र अर्कोतिर केही मान्छेहरु त्यस्ता नभएका कारण कम कमाउँछन् र आर्जन गर्छन् भने के हामीले ती चरित्रगत भिन्नतालाई नजरअंदाज गरेर तिनलाई कुनै पनि प्रकारले आर्थिक रुपमा बराबर बनाउने कोशिश गर्नुपर्छ ? यसो गर्नु भनेको जिम्मेवारी र विवेकसम्मत काम मुश्किलले गर्नु हो ।

**शब्दावलीहरूको बोझ ।** असमानता र समानता जस्ता तरंगित तुल्याउने शब्दहरुले बहसलाई कहीँ पुऱ्याउँदैन । यी शब्दहरुले पृथक र समान भनेर बोध गराउने मात्र होइन, समान भनेको राम्रो र पृथक भनेको नराम्रो भन्ने भाव पनि यसमा लुकेको हुन्छ । यसले मानिसहरुलाई मानवीय अन्तरलाई बुझ्न छाडेर उक्त अन्तरलाई परिवर्तन गर्नेतर्फ प्रेरित गर्दछ । त्यसो गर्नु बुद्धिमानी हुनसक्छ, नहुन पनि ।

आम्दानीको वितरण र सम्पत्तिको वितरण भन्ने शब्दावली पनि मनविचलित गराउने खालको छ । तथ्याङ्कीय रिपोर्ट सुहाउँदो वितरण भन्ने शब्दको अर्थ कुनै व्यहोरा बुझाउने मात्र पनि हुनसक्छः उदाहरणका लागि, प्रत्येक उमेर समूहमा कति जना मानिसहरु छन् ? तर, दैनिक जीवनमा वितरणले आम्दानी र सम्पत्ति आर्जन गरिँदैन, बरु 'समाज' जस्तो कुनै व्यक्ति वा अङ्गले खास उद्देश्यसहित निर्धारित गर्दछ भन्ने कुरा बुझाउँछ ।

हामी जब विभिन्न समूहहरुले हासिल गरेको आम्दानीलाई वितरण गर्ने कुरा गर्दछौँ, तब भ्रम अझ थपिन्छ । मानौँ त्यो आम्दानी केक हो र परिवारबीच त्यो बाँडिनु पर्दछ । वितरण र जनताबीच जायज वितरण भन्ने शब्दावलीको आशय समान हिस्सेदारी एक मात्र नैतिक नतिजा हुनुपर्छ भन्ने हो ।

यसैले समानताको बहसको भाषाले हामीलाई यस कुरामा विश्वस्त हुन जोड गर्छ कि हामीले आम्दानी र सम्पत्तिमा रहेको

भिन्नतालाई बदल्न सक्छौं र बदल्नु पर्छ । हामीले केवल आर्थिक भिन्नता र आम्दानी एवं सम्पत्तिको विस्तारमा कुरा गर्न थाल्यौं र तरंगित तुल्याउने शब्दावलीहरुलाई त्यागिदियौं भने यो विमर्श ज्यादा स्पष्ट रुपमा अगाडि बढ्न सक्छ। दुर्भाग्यवश यस्तो हुने बाटो छाडेर बहस निकै पर पुगिसकेको छ । यद्यपि जब हामी असमानता र वितरण जस्ता शब्द प्रयोग गर्नेछौं तब ती विवरण हुन् चिकित्सकले सिफारिस गरेको पुर्जा होइनन् भन्ने कुरा हामीले बिर्सिनु हुँदैन ।

## आर्थिक असमानता

आर्थिक असमानता भनेको सम्पत्ति र आम्दानीमा रहेको भिन्नता हो, जसलाई यस किताबमा लेखकले मूख्य रुपमा उठाएका छन् । आम्दानी भनेको लाभको प्रवाह हो (सामान्यतया नगद) जुन कुनै व्यक्तिले जागिर या व्यापार वा भाडा या लगानीबाट प्राप्त लाभांशबाट कमाउँछ । (भाडा वा लाभांशलाई कहिलेकाहीँ अनार्जित आम्दानीको रुपमा विभेद गरिन्छ- जुन अर्को लादिएको शब्दावलि हो । जसले चल र अचल सम्पत्तिलाई जोगाउन र सञ्चित गर्न व्यवहार मिलाउनु पर्छ, र त्यसैकारण वास्तवमा ती पनि आर्जित सम्पत्ति हुने भन्ने कुरालाई नजरअंदाज गर्दछ ।)

कसैले आर्जन गरेको घर, जग्गा वा गाडीका साथै स्टक र बण्डजस्ता आर्थिक उपलब्धिको मूल्य नै सम्पत्ति हो । आम्दानी र सम्पत्तिका बीच यस्तो पनि भनाई छ कि कसैको जति धेरै आम्दानी हुन्छ उसले त्यति नै धेरै सम्पत्ति आर्जन गर्न सक्छ र जोसँग जति धेरै सम्पत्ति छ उसले त्यसबाट त्यति नै अधिक आम्दानी हासिल गर्न सक्छ ।

तर असमानता र गरिबी समान होइनन् । जनसङ्ख्या समान हुन सक्छ, तर त्यही जनसङ्ख्याभित्र गरिब या असमान तर धनी हुनसक्छन् । उदाहरणकालागि अमेरिका अन्य कैयौं मुलुकको तुलनामा कम समान हुन सक्छ, तर ऊ अधिकांश देशहरुको तुलनामा अधिक समृद्ध छ । म्यान्मार अधिकांश अन्य देशहरुको तुलनामा अधिक समान छ, तर अधिकांश अरु देशको तुलनामा गरिब पनि छ । बुरुण्डीमा कसैगरी जीवन निर्वाह गरिरहेका दुई जना किसानहरु समान हुन सक्छन्, तर तिनको गरिबीमा ती समान छन् ।

त्यसैले गरिबी शब्दको प्रयोग सावधानीपूर्वक गर्न आवश्यक छ । कुनै व्यक्ति वा समूहले अनुभव गर्नु परेको अभावको असामान्य अवस्थाका साथै यसले पूर्ण गरिबी पनि बुझाउन सक्छ । (त्यसमाथि पनि समय सँगसँगै अभावबारे हाम्रो धारणा बद्लिन सक्छ- जस्तो कि धारामा आउने तातो पानी अहिलेका निम्ति आवश्यक मानिन्छ भने एक सय वर्षअघि त्यसलाई विलासिताको कुरा मानिन्थ्यो ।) तर यसलाई सापेक्ष गरिबी पनि मान्न सकिन्छ, जहाँ मानिसहरुको आम्दानी औसत राष्ट्रिय आयभन्दा कम छ । आमतौरमा ६० प्रतिशत भन्दा कम आयलाई औसत राष्ट्रिय आय भनेर परिभाषित गरिएको छ । हामीले एकपल्ट फेरि सावधानी अपनाउनु पर्नेछः जस्तो कि एउटा धनी मुलुकमा जो मान्छेहरु सापेक्ष गरिबी रेखामुनि हुँदाहुँदै पनि निकै राम्रो हिसाबले सम्पन्न हुन सक्छन् भने गरिब मुलुकको सापेक्ष गरिबी रेखाभन्दा माथि रहेका मानिसहरु पूर्णतया सम्पन्न नहुन पनि सक्छन् । कुनै प्रकारको आर्थिक बृद्धिले सबैको आम्दानी दुई गुणा बढाइदिएको छ भने पनि सापेक्ष गरिबीको सङ्ख्या उही रहनेछ भन्ने कुरा पनि याद राख्नुपर्छ ।

समानता भनेको समता होइन । आर्थिक समानता भनेको एकरुप धन वा आम्दानी हो- वस्तुनिष्ठ र निष्पक्ष । समता भनेको स्वीकार्य मानिएको आम्दानी वा धनको वितरण हो । र त्यो व्यक्तिपरक कुरा हो ।

## सैद्धान्तिक व्याख्या

आर्थिक असमानताबारे थुप्रै सैद्धान्तिक व्याख्याहरु गरिएका छन् । कार्ल मार्क्सले यसलाई आर्थिक शक्ति र श्रमिकहरुको शोषणको परिणाम माने । म्याक्स वेबरको भनाईमा सामाजिक स्तर, स्वामित्व र राजनीतिक शक्तिमा भएको अन्तरले दर्जानुक्रम जन्मायो, र त्यही कुरा आम्दानीमा प्रतिबिम्वित भयो । कार्यक्षेत्रमा अगाडि बढ्न व्यवधान खडा गरेर महिला र अल्पसंख्यकलाई असर पुऱ्याउने 'ग्लास सिलिब' र पितृसत्तालाई आधुनिक नारीवादीहरुले आरोप लगाउन सक्छन् । नवउदार वादीहरु यसलाई अवैयक्तिक बजार प्रक्रियाको उद्देश्यपूर्ण परिणाम मान्न सक्छन् र आर्थिक एवं राजनीतिक शक्तिमा ध्यान केन्द्रित गरेर सरकारी हस्तक्षेप हुँदो हो त आर्थिक असमानतामा कमी आउन सक्थ्यो भनी तर्क दिन्छन् । यस्ता तर्कहरुको कुनै कमी छैन ।

व्यावहारिक रुपमा हेर्ने हो भने असमानतामा बजारको अवस्थाले प्रभाव पारेको हुन्छ । उदाहरणका लागि 'ग्लोबलाइजेशन' (वैश्वीकरण) ले औद्योगिक देशहरुका उत्पादकलाई सस्ता श्रमिक भएका मुलुकबाट श्रम हासिल गर्न प्रेरित गर्दछ । वैश्वीकरणले वाणिज्य र सुचना प्रविधिको क्षेत्रमा काम गर्ने उच्चशील्प भएका कामदारको मांगमा वृद्धि ल्याएको छ । जसले मौजूदा आम्दानीको अन्तरलाई बढाएको छ ।


सरकारले चालै नपाइकन पनि असमानता बढाउन सक्दछ । आवास या इन्धन वा पोशाकजस्ता आवश्यक वस्तुमा उन्नतिरोधक करले गरिब मानिसहरुलाई हानि हुन्छ, किनभने उनीहरुका निम्ति त्यो घरेलु बजेटको ठूलो हिस्सा हो । कल्याणकारी प्रावधानले अधिक मानिसहरुलाई कामको खोजी गर्नेभन्दा आफूलाई दिइएको अपेक्षाकृत कम फाइदा हुने सामाजिक उपदानमा रमाउन सक्छन् । यस्ता उदाहरण अनेक छन् ।

सामाजिक परिवर्तनले पनि अन्तर ल्याउन सक्छ । उदाहरणकालागि अल्पशिक्षा र शिल्प भएका आप्रवासीहरुको ठूलो ताँतीले पहिले नै कम तलबमा चलिरहेको रोजगारलाई झन् दवाब दिन सक्छ । यसले रोजगारमा महिलाहरुको सङ्ख्यामा वृद्धि हुन सक्छ, तीमध्ये अधिकांशले (कम पारिश्रमिकमा) रोजगारदातासँग ज्यादा मांग नराख्ने र पार्टटाइम काममै चित्त बुझाउन सक्छन् । घरमा दुई जना कमाउने मान्छे छन् र एकल व्यक्ति वा एकल माता-पिताको वृद्धि हुन्छ भने त्यसले पनि परिवार को आम्दानीमा अन्तर बढाउँछ । र, वृद्धहरुको आबादीको अर्थ यो पनि निस्कन सक्छ कि त्यस्ता अधिक मानिसहरु छन्, जसले अब कमाउन छाडेका छन् । तर, तिनीहरुसँग धनको अधिक बचत छ ।

## आय असमानता मापन

आय असमानताको मापन गर्ने मानक लोरेञ्ज कर्भबाट शुरु हुन्छ जसलाई अमेरिकी अर्थशास्त्री म्याक्स लोरेञ्जले विकसित गरेका हुन् । तेर्सो अक्षमा सबभन्दा गरिबदेखि लिएर सबभन्दा धनीहरुको कमाउ समूहको बचत सङ्ख्या छ भने ठाडो अक्षमा उनीहरुले हासिल गरेको आयको बचत प्रतिशत छ । यदि पूर्ण समानता हुन्थ्यो भने जनसङ्ख्याको प्रत्येक *क* प्रतिशतको आय समान *क* प्रतिशत देखिन्छ । यसले ग्राफमा ४५ डिग्रीको सीधा रेखा बनाउँछ । त्यहाँ जति धेरै असमानता हुन्छ, बक्र त्यति नै ज्यादा अर्थात ४५ डिग्री रेखाको मुनि देखिन्छ ।

**चित्र १ : लोरेञ्ज कर्भ**




उल्लेखित ग्राफमा देखाइएको बक्र र ४५ डिग्री रेखा *(क)* को बीचको क्षेत्रमा देखिने ४५ डिग्री रेखा *(ख)* को मुनि रहेको क्षेत्रको अनुपातबाट जनसङ्ख्याको आर्थिक असमानताको एक साङ्खिकीय माप अर्थात गिनी कोएफिशियन्ट (व्यवस्थापन/गुणाङ्क) उपलब्ध हुन्छ। यो नाम इटालेली साङ्खिकीविद् कोर्राडो गिनीबाट रहन गएको हो। अनुपात जति धेरै हुन्छ, असमानता उति नै ज्यादा हुन्छ। ० अङ्क प्राप्त गिनी कोएफिशियंटको अर्थ पूर्ण समानता हुन्छ, १ अङ्क देखिएको छ भने पूर्ण असमानता। यसअनुसार सम्पूर्ण आय एकै जना व्यक्तिको पोल्टामा गएको मानिन्छ।

यस हिसाबले केही रोचक परिणाम देखाउँछ। विश्व जनसङ्ख्या समीक्षाको वार्षिक गणनाअनुसार कतिपय अफ्रिकेली मुलुकहरु (दक्षिण अफ्रिका, नाम्बिबिया जस्ता) अत्यधिक असमान देखिन्छन्। कतिपय ल्याटिन अमेरिकी मुलुक (कोलम्बिया, भेनेजुएला जस्ता) पनि यही लहरभन्दा कम देखिन्नन्। कतिपय पूर्व सोभियत राज्य (यूक्रेन र स्लोभेनिया जस्ता) हरु अधिक समान देखिन्छन्, तर तीभन्दा स्क्यान्डेभियाली मुलुक (फिनल्याण्ड र आइसल्याण्ड जस्ता) को नाउँ पूर्व सोभियत राज्यभन्दा अलि पछि आउँछ। यद्यपि अमेरिकालाई आमतौरमा अत्यधिक असमान मानिन्छ, तैपनि यो फगत सबभन्दा असमान तेश्रो मुलुकको श्रेणीमा पर्दछ। बेलायत भने सबभन्दा अधिक समान मुलुकमा तेश्रो नम्बरमा पर्दछ।

**अभाव।** दुर्भाग्यवश 'आउटलेअर्स' अर्थात बाह्य कारकको कारणहरुप्रति निकै संवेदनशील छ गिनी कोएफिशियन्ट। यसको अर्थ के हो भने केही निकै धनी व्यक्तिले बृहत् आबादीमा पनि सङ्ख्यालाई धेरै हदसम्म बदल्न सक्छन्। अन्य मापन यस समस्याप्रति कम संवेदनशील छन्- जस्तो कि पाल्मा अनुपात (जुन आबादीको शीर्ष सबैभन्दा धनी १० प्रतिशतको आय या सम्पत्ति हिस्सेदारीको तुलनामा आबादीको मुनि सबभन्दा गरिब ४० प्रतिशतको आय वा सम्पत्तिको हिस्सेदारी गर्नेलाई

भनिन्छ। पाल्मा अनुपात चिलेका अर्थशास्त्री ग्याब्रियल पाल्माको नाउँमा राखिएको हो, जसले यस सिद्धान्तको विकास गरेका थिए) र कुज्नेत्स अनुपात (कुज्नेत्स अनुपात भनेको आमतौरमा माथिल्लो तहमा आर्जन गर्ने २० प्रतिशत परिवारलाई प्राप्त हुने आय र सबभन्दा कम कमाउने परिवारलाई जाने आयको अनुपातको मापन हो, जसलाई आमतौरमा सबभन्दा कम २० प्रतिशत या सबभन्दा कम ४० प्रतिशले मापन गरिन्छ। यसलाई अमेरिकी अर्थशास्त्री साइमन कुज्नेत्सले सन् १९५०-६० मा विकसित गरेका थिए।)। तैपनि यी मापनहरुले हामीलाई कुनै मुलुकमा विद्यमान असमानताका सटीक प्रकृति (जस्तो कि विविध जातिय, उमेर र लिङ्ग समूहबीच मतभेद) बारे केही भन्दैनन्, ती कसरी उत्पन्न भए भन्ने कुरा भन्दछन्।

**प्रवृत्ति।** यद्यपि गिनी कोएफिसियन्ट एउटा अपरिष्कृत र सम्भावित रुपमा निकै भ्रामक पद्धति हो, तर असमानताको बहसमा यसैलाई सबभन्दा ज्यादा उद्धृत गर्ने गरिएको छ। र, यसले कमसेकम प्रवृत्तिलाई उद्घाटित गरिदिन सक्दछः उदाहरणकालागि यसअनुसार सन् १९२० र १९८० को दशकका बीच विकसित मुलुकहरुमा असमानता कम भयो-यसो हुनुमा आमतौरमा कल्याणकारी सहयोग र शिक्षाको भूमिकालाई जस दिइन्छ। तर, सन् १९९० पछि अमेरिका जस्ता केही विकसित देशमा असमानता बढ्दो प्रतीत हुन्छ। यसमा भने वैश्वीकरण, आर्थिक विकास, धनीलाई सुविधा पुग्ने कर कटौती, विदेशगमन र गरिब श्रमिकहरुलाई आवाज उठाउन एवं वेतनवृद्धिमा सहयोग पुऱ्याउन नसक्ने कमजोर ट्रेड यूनियनलाई जिम्मेवार ठहऱ्याइन्छ। तर, यूरोपियन यूनियन र बेलायत जस्ता अन्य स्थानहरुमा प्रवृत्तिकाबारे कमै चर्चा हुन्छ।

अघिल्ला दशकहरुमा बढ्दा र घट्दा दुवै प्रवृत्तिहरु निश्चित रुपमा विभिन्न कारणहरुको परिणाम हो। तर, यीमध्ये कुनै एकको प्रभावलाई मापन गर्नु कठिन छ। वैश्वीकरण बलियो कारण हुन सक्छ, किनभने एकातिर यसले (पहिले नै आकर्षक तलब भएका) उच्च प्रतिभाहरुको मांग बढाएको छ भने अर्कोतिर सस्तो पर्ने कारणले गर्दा सामान उत्पादन विकासशील मुलुकहरुमा गर्ने चलन भित्र्याएको छ। करकटौतीको वर्तमान अवस्थाले सम्पन्न वर्गको स्थिति झन् श्रेष्ठ तुल्याउन सक्छ। तर, त्यो भन्दा शक्तिशाली असर भनेको यस्तो अवस्थाले धनीहरुलाई पूर्व कर कम तिर्न पाइने कारणले घर फर्किन प्रेरित गर्नसक्छ र अन्य मुलुकका सम्पन्न व्यक्तिहरुलाई पनि यतातिर आकर्षित गर्न प्रेरित गर्न सक्छ।

यद्यपि अधिकांश ठाउँमा प्रवासी कामदार गरिबै हुन्छन्। त्यसैले प्रवासीहरुको बढ्दो सङ्ख्याले असमानतालाई बढाएको हुनसक्ने अन्तराष्ट्रिय द्रव्यकोष धारणा छ। प्रवासी श्रमिकहरुले हाल विकसित देशहरुको आबादीको १२ प्रतिशत ओगटेका छन् भने यो सङ्ख्या सन् १९९० मा ७ प्रतिशत थियो। कतिपय मुलुकमा राज्यद्वारा सञ्चालित उद्योगहरु निजीकरण हुन थालेपछि ट्रेड यूनियनहरु कमजोर भएका छन्। तर, आधुनिक अर्थव्यवस्था साना, प्रतिस्पर्धी उद्यममा टिकेको छ। जसले गर्दा तलबमा मोलमलाई गर्ने कुरा सामान्य भएको छ। यसो भन्दैमा आधुनिक अर्थतन्त्र कमजोर छ भन्ने होइन। र फेरि, आर्थिक वृद्धिमा हुने छलाङ्ग आमतौरमा बढ्दो असमानतासँग गाँसिएको हुन्छ। तर, समृद्ध औद्योगिक मुलुकहरुको तुलनामा विकासशील मुलुकहरुको वृद्धि निकै मजबुत देखिन्छ। त्यसैले त्यहाँ भईरहेको बढ्दो असमानताको बलियो कारण यो कुरा हुन सक्दैन।

**असररहित असमानता?** यी सम्भावित कारकहरुमार्फत अध्ययन गर्दा असमानताका केही कारणहरु अनिच्छित हुन सक्छन् भन्ने कुरा महसुस गर्नु महत्वपूर्ण हो, बाँकी कारणहरु भने असररहित हुन सक्छन्। उदाहरणकालागि गिनी कोएफिसियन्टमा त्यसको प्रभाव जस्तोसुकै भएपनि सामान्य समृद्धिमा विकास र भुमण्डलीकरणको सकारात्मक असर पर्दछ। ट्रेड युनियनहरु कमजोर हुनुमा तिनलाई कमजोर तुल्याउन कुनैपनि राजनीतिक अभियानको तुलनामा आर्थिक परिवर्तन र प्रगतिको प्रभाव ज्यादा हुनसक्छ। न्यून करले कुनै पनि मुलुकलाई आफ्नो बाहिरिएको पुँजी फिर्ता ल्याउन र नयाँ लगानी आकर्षित गर्न सहयोग पुऱ्याउन सक्छ, जसले भविष्यमा उक्त मुलुकलाई समृद्ध बनाउन मद्दत गर्नेछ। अर्को शब्दमा भन्ने हो भने सकारात्मक परिवर्तनको परिणाम पनि हुनसक्छ असमानता, जसले अधिक निर्धनलाई लाभ पुऱ्याउँछ।

# ३ आम्दानीको मापनमा उठेका सवाल

## तथ्याङ्कमा अभाव

यस्ता हामीलाई देखाएका कुरामा भर पर्ने वा सीमित रहने हो भने गिनी कोएफिसियन्ट पनि सीमित श्रोत र सन्देहयूक्त सूचनामा निर्भर हुनेछ । विभिन्न मुलुकहरुले फरकफरक तरिका र दुरुस्तीका अलग तरिकाले आम्दानीको तथ्याङ्कलाई मापन गर्दछन् । जसले गर्दा त्यसको अन्तर्राष्ट्रिय तुलना अविश्वसनीय हुन जान्छ । विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता अन्तर्राष्ट्रिय सँस्थाहरुले यस्ता फरक परिणामलाई भरपाई गर्ने कोशिश गर्दछन्, तर यस्तो गर्नु श्रेष्ठ उपाय होइन ।

यहाँसम्म कि मुलुकभित्रै पनि आम्दानीको जानकारी अधूरो छ । उदाहरणकालागि अमेरिकाको हालको जनसङ्ख्या सर्भेक्षणमा पैसाको रसिदहरु मात्र उपलब्ध छ, आर्थिक लाभ यसमा सामेल छैन । र, गोपनीयताका कारण शीर्ष आम्दानीलाई उल्लेख गरिँदैन । आम्दानीको अमेरिकी राज्यकोष आँकडा सर्वाधिक कमाइ हुनेहरुका निम्ति परिपूर्ण छ, तर कम आय आर्जन गर्नेहरुकालागि त्यस्तो छैन । उक्त आँकडामा उमेर, शैक्षिक योग्यता र अन्य कारकहरु सामेल छैनन्, जसले हामीलाई आय-असमानताहरुको सीमा र प्रकृतिलाई बुझ्न मद्दत गर्न सक्थे ।

ट्याक्स कोडमा हुने वार्षिक परिवर्तनले पनि ट्रेण्ड डेटाहरु स्पष्ट हुँदैनन् । आम्दानी भनेर देखाइने आँकडाका साथै व्यापारको नाफा र घाटामा हुने अस्थिरताले पनि परिणामलाई अस्पष्ट बनाइदिन्छ । र, जनताहरुद्धारा उपयोग गरिने वस्तु र सेवालाई निकै हदसम्म स्थिर राख्ने अमेरिकाको मेडिकेयर र बेलायतको एन्एच्एस् जस्ता राज्यले दिने लाभलाई गिनी एप्रोचले राम्रोसँग सरोकार राखेको देखिँदैन ।

**कर तथा लाभहरु ।** आम्दानीको आकलन करभन्दा पहिले वा पछि गरिएको छ भन्ने कुरामा निकै हदसम्म निर्भर हुन्छ गिनीको परिणाम । उदाहरणकालागि इन्स्टिच्यूट फर फिस्कल स्टडिजका अनुसार बेलायतमा सर्वाधिक कमाई गर्ने शीर्ष एक प्रतिशत मानिसहरुले आयकर तिरोमा एक तिहाइभन्दा ज्यादा भुक्तान गर्दछन् । बेलायतका आर्जनकर्ताहरुमध्ये शीर्ष २० प्रतिशतले पुछारमा रहेका २० प्रतिशत आर्जनकर्ताहरुभन्दा १२ प्रतिशत अधिक कमाई गर्दछन् । तर अफिस फर नेशनल स्ट्याटिस्टिक्स (सन् २०२१) का अनुसार कर तिरेपश्चात र राज्यले दिने लाभ जोडेपछि त्यो घटेर केवल चार गुणामा झर्न आउँछ । यसैगरी कङ्ग्रेसनल बजेट अफिस (सन् २०२१) को रिपोर्टअनुसार ‘मीन्स-टेस्टेड’ (अर्थपरिक्षित) लाभले अमेरिकी आर्जनकर्ताबाट सबभन्दा कम पाँचौ हिस्साको आयमा ६८ प्रतिशतले वृद्धि भएको देखाउँछ भने करका कारण शीर्ष पाँचका आयमा २४ प्रतिशतले कमी भएको देखाउँछ ।

यसबाहेक सर्वव्यापी शिक्षा, स्वास्थ्य सेवा र रियायती यातायात जस्ता राज्यले दिने सुविधा पूर्णतया समान रुपमा वितरण गरिन्छ । त्यसबाहेक पार्क, प्रहरी सेवा, खेलकेन्द्रहरु, वृद्धसेवा गृह, सडक र फोहर सङ्कलनजस्ता स्थानीय सुविधाका प्रावधानलाई आँकडामा सामेल गरिएको छैन ।

अर्को शब्दमा भन्नुपर्दा, पहिलेदेखि नै एउटा समानीकरण प्रणाली मौजूद छ, जसले सोचेअनुरुप काम गरिरहेको छ । आम तौरमा करपश्चात र राज्यले लाभ दिएपश्चात बाँड्न योग्य आम्दानीका आधारमा अर्थशास्त्रीहरुले गिनी कोएफिशियन्टलाई उद्धृत गर्ने गर्दछन् । तर, हामीले कर र लाभलाई सामेल गर्नुअघि अधूरो आय तथ्याङ्कको प्रयोग गर्ने प्रचारकहरुसँग

सावधान रहनुपर्छ, जसले जनताको वास्तविक जीवन स्तरको सन्दर्भमा वास्तविक असमानतालाई निकै बढाइचढाइ पेश गर्दछन् ।

## तथ्याङ्कगत त्रुटि तथा चुकेका कुराहरू

कडाइका साथ तयार पारिएका वित्तिय आँकडाहरुमा समेत सवाल उठेका छन् । जस्तै कि शीर्ष आर्जनकर्ताहरुमध्ये धेरै थोरै यस्ता छन् जस्ले विश्वसनीय जानकारी दिन्छन्, तीमध्ये कैयौंको अनियमित कमाई छ, र जस्को कहिलेकाहीँ भारी आम्दानी हुन्छ भने कहिलेकाहीँ भारी नोक्सान पनि ।

**छायाँ आय ।** तथ्याङ्कमा नजरअन्दाज गरिएको अर्को कारक हो अघोषित आय- छाया अथवा अप्रकट (ब्याक पकेट) आय । सीमान्त (मार्जिनल) कर जति अधिक हुन्छ, त्यो त्यति नै ज्यादा हुने सम्भावना हुन्छ । सन् २०१८ को आइएम्एफ् वर्किङ् पेपरका अनुसार बेलायतको छाया आय कूल घरेलु उत्पादनभन्दा ६ प्रतिशतले ज्यादा छ, र यो यूरोपीय मापदण्डभन्दा कम हो । स्पेनमा यो ११ प्रतिशतले ज्यादा छ भने ग्रीसमा १४ प्रतिशतले, र बुल्गारियामा यो प्रतिशत आश्चर्यजनक रुपले १९ हुन आएको छ ।

कररहित अप्रकट आयले सम्भवतः कम आय हुने व्यक्तिहरुलाई सबैभन्दा फाइदा पुग्न सक्छ, र आधिकारिक आँकडामा यो नदेखिनाले असमानताको आँकडामा वृद्धि हुन जान्छ। यो यथार्थ हो कि कैयौँ शीर्ष आर्जन गर्नेहरुले आय कम देखाउन आफ्नो आम्दानी पेश गर्दा करका नियमहरुमा चलखेल गर्न सक्छन्, जसले गर्दा पेश गरिएको कागजातका कारण आय बढी समान देखिन्छ। तर, निकै विस्तारित छाया आयले लगभग निश्चित रुपमा यसको असरलाई प्रभावित गरिदिन्छ ।

**जीवनस्तर ।** यद्यपि करहरु, सामाजिक र वस्तुगत लाभहरु र अघोषित आयलाई आँकडामा समावेश गरिँदैन र यसले जीवनस्तरलाई निकै हदसम्म बराबर गराइदिन्छ जुन जीवनस्तर सबैले बहन गर्न सक्दछन् । यसैबीच इन्टरनेट, टेलिभिजन, फोन र भान्छामा प्रयोग हुने साधनहरु जस्ता महत्वपूर्ण सामान तथा सेवाहरुमा लगभग सबैको पहुँच भएको अवस्था अर्को ठूलो र नजरअन्दाज गरिएको कुरा हो । जसले असमानताको सही सूचना दिँदैन । कार्यालयमा पनि त्यही अवस्था छ । कर्मचारीसँग प्रत्यक्ष सरोकार राख्ने तलब या सँस्थाले तिरिदिने स्वास्थ्य बीमा रकम (जस्को अमेरिकामा विशेष महत्व छ) वा निवृत्तिभरण (नेदरल्याण्ड, आइसल्याण्ड, स्वीट्जरल्याण्ड, अस्ट्रेलिया र बेलायतमा विशेष महत्व भएको) जस्ता लाभ हुन्छन्, जसले वास्तविक असमानतालाई जति हो त्यसभन्दा कहीँ अत्यधिक कम देखाइदिन्छ ।

## हामी कोसँग तुलना गरिरहेका छौं ?

अधिकांश आयका आँकडाहरु घरेलु आम्दानीमा केन्द्रित हुन्छन् । तर, व्यक्तिगत आयलाई ध्यान दिने हो भने त्यसले असमानतालाई निकै ज्यादा वृहत् देखाइदिन्छ । उदाहरणकालागि जुन परिवारमा एक जना अधिक आर्जन गर्ने मान्छे, एकजना रोजगारी बिनाको श्रीमान वा श्रीमती र दुई अध्ययनरत सन्तान छन् भने त्यहाँ आयको हिसाबले निकै असमानता देखिनेछ, भलै चारै जनाको जीवनस्तर समान किन नहोस् । त्यसको विपरित त्यही घरमा चारै जना जागिर खान्छन् भने त्यहाँ आम्दानीमा कुनै असमानता नदेखिने प्रष्ट छ ।

तर, प्रत्येक घरको पारिवारिक बनोट यति विविध हुन्छ कि तिनको तुलना गर्न सजिलो छैन । उदाहरणकालागि कमाई नभएका विद्यार्थी र हेरचाह गर्नेहरुको सङ्ख्यामा भएको वृद्धिले समानतामा स्पष्ट वृद्धिबारे केही व्याख्या गर्न सक्छ । यद्यपि यी कमाई नभएकाहरु आवश्यक रुपमा गरिबीमै बाँचिरहेका छन् भन्ने कुनै आवश्यकता छैन । यसैगरी, एकल व्यक्तिको गृहस्थी र कमाउने सङ्ख्या धेरै भएकाहरुको परिवार दुवैले असमानताको आँकडालाई वृद्धि गराउन सक्छन् ।

**अन्य सामाजिक कारक ।** अन्य सामाजिक कारकहरुले पनि मापनलाई प्रभावित गर्दछ । ज्यादा धनी देशहरुमा ज्यादा गरिब मानिसहरुको बसाइसराइबारे यसअघि नै उल्लेख गरिसकिएको छ । र, लण्डन र न्यूयोर्क जस्ता केही शहरमा अत्यधिक धनी प्रवासीहरुको आगमनले असमानतालाई अझ ज्यादा बढाईदिएको छ । तर, असमानताका यी दीर्घकालीन कारक हुनुको साटो केवल अस्थायी कारक मात्र पनि हुन सक्छन् ।

तथापि, सबभन्दा महत्वपूर्ण कारक उमेर हो । मानिसहरुको आय उनीहरुको जीवनकालमा बढ्दै जान्छ । आमतौरमा उनीहरुको यात्रा कम तलबबाट शुरु हुन्छ- या उनीहरु कुनै पेशा अँगाल्न पढ्दै वा तालिम लिँदै छन् भने उनीहरुले केही कमाउन नसक्लान् पनि । त्यसपछि जब उनीहरुले ज्यादा अनुभव, कौशल, चिनजान, मौजुदा अवस्था र आत्मविश्वास हासिल गर्न थाल्छन्, उनीहरुको आम्दानी बढ्न थाल्छ । त्यसपछि जब उनीहरु सेवानिवृत्त हुन्छन् र आफ्नो बचतमा निर्भर हुन थाल्छन्, तब तिनको आम्दानी फेरि घट्न थाल्छ । यद्यपि अलगअलग व्यक्तिको कूल आय तिनको जीवनकालमा बिल्कुल समान भएपनि आँकडाले त्यसलाई स्पष्ट रुपमा असमानता देखाउने छ, किनभने आँकडाले सबैको सुक्ष्म अध्ययन (प्यानोऱ्यामिक स्न्यापशट) गरेको हुन्छ, जसमा कम आय भएका तन्नेरी र उच्च आय भएका प्रौढ दुवै सामेल भएका हुन्छन् ।

**समस्यारहित असमानता ।** उमेरको वृहत् असरजस्ता लुकेका कारकहरुलाई कुनै हदसम्म गिनी पद्धतिले मापन गरेपनि सम्भवतः हामी त्यसमा ज्यादा चिन्तित हुनु पर्दैन । आखिरमा आजका २० प्रतिशत शीर्ष आर्जन गर्ने तिनै मानिस हुन सक्छन् जो ४० वर्ष पहिले पुछारको २० प्रतिशतमा परेका थिए । र, आजका गरिब प्रवासी भोलिका करोडपति उद्यमी हुन सक्छन् । त्यसको साटो हामीले हेक्का राख्नु पर्ने चाहिँ के हो भने असमानताको आँकडाले त्यस्तो वास्तविकतालाई प्रतिविम्बित गर्न सक्छ जसलाई अधिकांश मानिसले समस्यारहित ठान्नेछन् । जरुरी छैन कि उच्च असमानताको मापनले केही खराब नै भइरहेछ भन्ने कुरालाई इङ्गित गरोस् ।

## एउटा अविश्वसनीय दृष्टान्त

घरपरिवारको बनोट, रोजगारको प्रकृति, उमेर समूह, राज्यबाट उपलब्ध लाभ र हामी कसरी मुद्रास्फितिको यकीन गर्दछौं भन्ने जस्ता तत्वहरु गिनी कोएफिसियन्टका लागि महत्वपूर्ण हुन आउँछन् । यस्ता तत्वहरुलाई समायोजन गर्नाले सार्वजनिक बहसलाई प्रभावित पार्ने गहिरो र फैलिँदो असमानताको विपरित तस्बिर देखा पर्न सक्छ ।

वस्तुगत रुपमा यकिन गर्न नसकिने कुरालाई नजरअन्दाज गर्नु । आयको आँकडालाई पैसाले मात्र यकिन गरिनु अर्को समस्या हो । तर, जागिरबाट प्राप्त हुने अधिकांश लाभ आर्थिक मात्र हुँदैनन् । अधिक चित्तप्रसन्न हुने काम गर्न केही मानिसहरुले स्वेच्छ्याले कम तलब लिन सक्छन्- राम्रो वातावरणमा मत मिल्ने सहकर्मीहरुसँग सुरक्षित, प्रिय र तनावरहित काम गर्न पाइने अवसर त्यसका कारण हुनसक्छन् । कोही भने ज्यादा पैसाका निम्ति निकृष्ट अवस्थामा फोहोर, अप्रिय या जोखिमपूर्ण काम गर्न रुचि राख्ने हुन्छन् । केही मानिसहरु पारिवारिक जिम्मेवारीका निम्ति समय निकाल्न करकडाइ नभएको या

पार्टटाइम (अंशकालिन) जागिर सचेत रुपमै कम तलबमा गर्न रुचाउँछन्, र कोही त्यसो गर्दैनन्। कोही भने भविष्यमा राम्रो जागिर पाउनकालागि योग्य हुन अहिले गरिरहेको नोकरीबाट आउने तलबलाई माया मार्न सक्छन्, र कसैले त्यसो गर्दैनन्।

आफ्नो इच्छाको मूल्यबारे मानिसहरुको व्यक्तिगत धारणाअन्तर्गत यस्ता खालका छनोटहरु निर्भर हुन्छन्। यो त्यस्तो चीज होइन जसको हामी यकिन परिमाण निकाल्न सक्छौं, तर असमानताको हिसाब निकाल्न यसबाट महत्वपूर्ण परिणाम निस्कन्छ। मानिसहरुको छनोटले तिनलाई आर्थिक रुपमा असमान बनाउन सक्छ, तर यदि उनीहरुले हासिल गर्ने गैर-आर्थिक लाभहरुलाई हामीले मापन गऱ्यौं भने निकै कम अन्तर देखिने सम्भावना छ।

**उपभोग।** कुनै पनि मामिलामा पैसा र आम्दानी केवल आधा कुरा हो। वास्तविक कुरा यो हो कि त्यसबाट मानिसहरुले के किन्दछन्। असमानताको भाष्यअनुसार सन् १९७० को उत्तरार्द्धदेखि सबैभन्दा अधिक आम्दानी गर्ने मानिसहरुको आय बढिरहेको छ र सर्वाधिक कम आम्दानी हुने मानिसहरुको आय 'स्थिर' भएको छ, जसले गर्दा असमानतामा वृद्धि भइरहेछ।

एउटा व्यापक सामान्यीकरण हो यो। हालका वर्षहरुमा गरिएको मापनअनुसार केही विकसित राष्ट्रहरु (जस्तै अमेरिका) मा असमानता बढेको छ, तर सबैमा होइन। उदाहरणकालागि मार्क मोर्गन र थेरेसा नीफले वर्ल्ड इन्इक्वेलिटी ल्याबकालागि गरेको अनुसन्धानअनुसार यूरोपमा असमानता सन् १९८० को दशकको मध्यदेखि सन् १९९० को दशकको मध्यसम्म बढेको थियो, त्यसबेलादेखि यो प्रष्ट रुपमा उस्तै रहेको छ। र, शीर्ष १० प्रतिशत कमाउनेहरुको करपश्चातको आय पुछार मा रहेका ५० प्रतिशतको तुलनामा कम हुँदैछ।

यसको अतिरिक्त 'बढ्दो असमानता' दाबीले सार्वजनिक सेवा राज्यप्रदत्त लाभमार्फत समान तुल्याउने कारकलाई नजर अन्दाज गर्दछ। र, हामीले किनेका सामानमा आएको बृहत् मूल्यमा गिरावट (र गुणवत्तामा सुधार) जुन बढ्दो उत्पादकता, प्रविधि र वैश्वीकरणबाट सम्भव भएको हो भन्ने कुरालाई पनि यसले नजरअन्दाज गर्दछ। केहीको नाम लिनुपर्दा गाडी, औषधि, घरेलु उपकरण र इलेक्ट्रोनिक सामानहरु निकै सस्ता हुन पुगेका छन्। यसले विशेष रुपमा गरिब परिवारहरु लाभान्वित भएका छन्, फोन र डिशवाशरको सङ्ख्यामा भने यो लागु हुँदैन, जसको उपभोग अधिक आय भएका मानिसहरुले गर्दछन्। श्रेष्ठतर र सस्तो भोजन, स्वास्थ्यसेवा, यातायात र परिधानले अरु कसैको भन्दा गरिबहरुको जीवनस्तरलाई प्रशस्त बढाएको छ।

यस बीचमा, मानिसको औसत आयूमा उल्लेखनीय वृद्धि भएको छ, र शिशु मृत्यूदर अब दुर्लभप्रायः भएको छ। मानिसहरुको काम घण्टामा सीमित भएको छ र तिनले लामो छुट्टी लिन थालेका छन्। यो 'रोकिएको' छैन, बरु यसमा उल्लेखनीय सुधार हुँदैछ जसले कम आय हुनेहरुलाई सर्वाधिक लाभ भएको छ। यसले जीवनस्तरको वास्तविक अन्तरलाई कम गरेको छ, तर आँकडामा यसको हिसाब देखिँदैन। जीवनस्तरमा सुधार आएको छ कि छैन भन्ने कुराको सूचकका रुपमा गर्न गिनी, पाल्मा र कुज्नेत्सका आय असमानता मापन प्रणाली असफल देखिन्छन्।

# ४ सम्पत्तिको मापनमा सवाल

## तथ्याङ्कका कमीकमजोरी

विभिन्न खालका समान कारणहरुले गर्दा आम्दानीको तुलनामा सम्पत्तिलाई मापन गर्न झन कठिन छ। त्यस्ता अरबपति धेरै कम छन्, जसको आधारमा विश्वसनीय आँकडा बनाउन सकियोस्। घरहरु र कम्पनीका शेयरहरु जस्ता जायदादका मूल्य वर्षैपिच्छे या यहाँसम्म कि दिनप्रतिदिन फेरिइरहन्छ। जसले गर्दा कुनै व्यक्तिको 'सम्पत्ति' को अनुमान लगाउन मुश्किल हुन्छ। र, सरकारले कर उद्देश्यहरुकालागि आयमा निगरानी राखेको त हुन्छ, तर सम्पत्तिमा भने आमतौरमा त्यतिखेर मात्रै कर लगाउन सकिन्छ जतिखेर ती बेचिन्छन्। यसैले कति जना मानिसहरुसँग कति सम्पत्ति छ भन्ने कुराको हामीसँग अस्पष्ट चित्र मात्र रहन्छ। र, यसैले सम्पत्ति असमानतामा एकदम सही मापन गर्ने उपाय हुँदैन।

श्रोतबाट सूचना। सम्पत्तिको अन्तर अनुमान गर्ने शास्त्रीय तरिका मृतकहरुको सम्पत्ति जाँच गर्नु हो, जुन कर उद्देश्यहरुकालागि दर्ज गरिएको हुन्छ। तर, यस विधिले फगत निकै धमिलिएको तस्बिर मात्र हासिल हुन्छ। उदाहरणकालागि सम्पत्ति करबाट जोगिने मनसाय लिएका परिवारहरुले गाडी, गरगहना, नगद तथा घरायसी सामान जस्ता सम्पत्तिहरुलाई अक्सर कम मूल्याङ्कन गरेका (वा नदेखाएका) हुन्छन्। र, खासमा यी निकै सामान्य सम्पत्ति हुन्, र पछि यिनै कम सम्पत्तिहरुको एउटा ठूलो हिस्सा बन्दछ। यसको प्रभाव कम सम्पत्तिहरु अझ कम देखाउन प्रयोग हुन्छ, जसले गर्दा स्पष्ट असमानता बढेर जान्छ।

साथै वृद्धावस्थामा दिवङ्गत व्यक्तिहरु (जीवनचक्रको असर अनुसार) औसतभन्दा ज्यादा धनी हुन्छन्। यसैले तिनीहरुको उपस्थितिले सामान्य आबादीमा देखिने तस्बिरको पूर्ण रुपमा प्रतिनिधित्व गर्दैन। र, पूरै जनसङ्ख्याको ती साना इकाइ भएका र उनीहरु पृथक भएका कारण तिनीहरुमा आधारित आँकडा संवेदनशील हुन्छन्। जस्तै कि कुनै पनि वर्ष अभिलेखमा दर्ज गरिएको कुनै एक जना अरबपतिको निधनले स्पष्ट असमानतालाई बढाइदिन्छ।

**राज्यको अधिकार।** सम्पत्तिको स्वरुप राज्यको लाभ सेवाहरुको मूल्य हो जस्लाई व्यापक रुपमा मानिए पनि नजरअन्दाज गरिएको छ। कल्याणकारी काम तथा निवृत्ति (पेन्सन) जस्ता राज्य प्रदत्त लाभ नगदका रुपमा त्यसका प्राप्तकर्ताहरुलाई दिइन्छ, जुन निकै वर्षसम्म एकनास दिइरहनुपर्ने हुन सक्छ। त्यसैले हामी त्यस आय प्रवाहलाई पूँजीगत मूल्यमा मिलाउन सक्छौँ-र त्यस धनराशिलाई वचत खातामा राखेर ब्याज भुक्तानबाट समान प्रवाह सिर्जना गर्न सकिन्छ।

यसैले राज्यबाट पाइने प्रत्याभूतिपूर्ण नियमित आय पनि सम्पत्तिको एउटा स्वरुप हो। यो आधिकारिक आँकडामा समाविष्ट हुँदैन, तर यसले ठूलो फरक पारेको हुन्छ। बोस्टनको फेडेरल रिजर्भ ब्याङ्ककालागि लिण्डसे ज्याकब्स र सहकर्मीहरुले (सन् २०२१) मा गरेको शोधअनुसार अमेरिकामा निवृत्ति र सामाजिक सुरक्षाको मूल्य सबै सम्पत्तिको आधा हिस्सा हुन आउँछ। यसलाई जोड्यौं भने सम्पत्ति असमानताको आँकडा निकै कम हुन जान्छ।

विद्यालय र अस्पतालहरु जस्ता राज्यप्रदत्त सेवाहरुले मानिसहरुलाई गैर-आर्थिक लाभको प्रवाह प्रदान गर्दछ। त्यो पनि पूँजी मूल्य हुनुका साथै सम्पत्तिको एउटा स्वरुप हो। यी निरन्तर सेवाहरु हासिल गर्नकालागि तपाईंलाई कति रकम लगानी गर्न आवश्यक पर्थ्यो भन्ने कुराबारे एकपल्ट सोचौं। तैपनि यस स्वरुपको सम्पत्तिलाई नजरअन्दाज गरिन्छ। अत्यधिक विकसित

कल्याणकारी राज्य भएका केही मुलुकहरुमा ती राज्यप्रदत्त लाभ र सेवाहरुको पूँजी मूल्य व्यक्तिगत सम्पत्तिका अन्य सबै स्वरुपभन्दा निकै ज्यादा हुनसक्छ । र, सबैकालागि उपलब्ध भएका कारण तिनमा एउटा शक्तिशाली तर अभिलेख नभएको समान रुपमा प्रभावित पार्न सक्ने असर छ ।

अमेरिकी आँकडामा यस्तो विचित्रको लेखा-पद्धति विशेषतः दिग्भ्रमित गर्ने खालको छ, उदाहरणकालागि अमेरिकी आँकडामा निजी निवृत्ति समावेश छ, तर सार्वजनिक निवृत्ति समावेश छैन, गृह स्वामित्व सामेल छ, तर आवास अनुदान छैन । यस्ता त्रुटिहरुले असमानतालाई बढाईचढाई गर्दछ, र यसमा कम तर्कसंगतता भेटिन्छ ।

**ऋणात्मक सम्पत्ति ।** एउटा अर्को साङ्ख्यिकीय समस्या छ, त्यो के भने कति मानिसहरुसँग 'ऋणात्मक सम्पत्ति' भएको अभिलेख राखिएको छ, यद्यपि जरुरी छैन कि ती गरिब होउन् । यहाँसम्म कि धनी मानिसहरु पनि मोर्टगेज (बन्धकी) र ऋणको घेराभित्र छन् । अमेरिकी र यूरोपेली चिकित्साशास्त्र अध्ययन सँस्थानका नव-स्नातकहरुमध्ये कति जना धनी घरानाका होलान्, तर तिनले भविष्यमा औसतभन्दा ज्यादा कमाईको अपेक्षा गर्दै ठूलो परिमाणको छात्रऋणको भार बोक्दै काम शुरु गरेका हुनसक्छन् । यस्ता मामिलालाई अपरिष्कृत आँकडामा सामेल गर्नाले (जस्तै कि अक्सफ्याम, जसले समीक्षा स्वीकार गर्नुअघि वार्षिक असमानता रेटिंगमा अपरिष्कृत आँकडालाई स्थान दिने गर्थ्यो) स्पष्ट रुपमा सम्पत्ति असमानतामा वृद्धि हुन्छ ।

**मानव पूँजी ।** सम्पत्तिको आँकडामा सबभन्दा महत्वपूर्ण त्रुटि शायद मानव पूँजी हो, यो त्यो आर्थिक मूल्य हो जुन मानिसहरुले आफ्नो अनुभव र कौशलमार्फत हासिल गरेका हुन्छन् । जसभित्र शिक्षा, प्रशिक्षण, कौशल र राम्रो स्वास्थ्य अवस्था जस्ता सम्पत्ति सामेल हुन्छन् र जसले तिनलाई रोजगारदाताहरुको निम्ति ज्यादा उत्पादनशील र उपयोगी बनाएको हुन्छ । सम्पत्तिको यस स्वरुपलाई मापन गर्न असम्भव छ, तर यो केही हदसम्म हामी सबैसँग पाईन्छ, त्यसैले यो भौतिक सम्पत्तिको तुलनामा पुरै आबादीमा निकै ज्यादा समान रुपले व्याप्त छ । फेरि, यसलाई नजरअन्दाज गर्दा त्यसले सम्पत्ति असमानतालाई भएभन्दा ज्यादा व्यापक देखाउँछ ।

## भ्रम श्रृजना गर्ने अन्य कारक

सम्पत्ति असमानता मापन गर्दा एउटा विचित्र तर महत्वपूर्ण कुरा के छ भने यदि धनी मानिसहरुको सम्पत्तिको मूल्यमा गिरावट आउँछ भने (जस्तो कि सन् २००८- ०९ को आर्थिक उथलपुथलमा भएको थियो) भलै कोही राम्रो अवस्थामा नहुन्, मापन गरिएको समानतामा वृद्धि हुन्छ । र, त्यस्तो अवस्थामा लगानीकर्ताहरुको स्थिति त झन् खराब हुन्छ । त्यसैले समानतालाई समृद्धि ठान्ने अन्योल खडा गरिनु हुँदैन ।

एउटा अर्को समस्या हो कर निर्धारण । विभिन्न खालका सम्पत्तिलाई फरकफरक तरिकाले कर लगाइन्छ, जसले गर्दा तिनका मूल्य प्रभावित हुन जान्छन् । र, आर्थिक सम्पत्तिमा कर निर्धारण बारम्बार परिवर्तित हुन्छ, जसले गर्दा सम्पत्ति (र त्यसपछि समानता) का आँकडामा गडबडी आउँछ । मुद्रास्फितिले पनि विभिन्न खालका सम्पत्तिको मूल्यलाई अस्तव्यस्त तुल्याइदिन्छ- कुनैको मूल्य घटाईदिन्छ (जस्तो कि नगद बचत) र अन्य (जस्तो कि सुन र घरजग्गा जस्ता सम्पत्ति) को माँगलाई बढाईदिन्छ ।

## हामी कोसँग तुलना गर्दैछौं ?

आयलेझैं जीवनचक्र (लाइफ साइकल) ले पनि आँकडालाई भ्रमित गर्न सक्छ । यद्यपि मानिसहरुको आय साधारणतया तिनको जीवनकालमा वृद्धि हुन्छ, र युवाहरुको तुलनामा वृद्धहरुले अधिक बचत गर्न सक्छन् । यसैले महत्वपूर्ण ढङ्गले उनीहरुको आय भन्दा सम्पत्तिमा वृद्धि हुन्छ । भलै पूर्ण जीवनकालिक समानता किन नहोस्, प्रत्येक व्यक्ति उसको विल्कूल समान कूल बचतका साथ सेवानिवृत्त हुँदैछ भने पनि आँकडाले निकै ठूलो असमानताको सङ्केत दिनेछ । किनभने यहाँनेर युवा र गरिब मानिसहरुको तुलना वृद्ध र धनी मानिसहरुसँग गरिँदैछ । र, जसैजसै दीर्घजीवन बढ्दो छ, समाजमा अधिक वृद्ध र अझ धनीहरुको सङ्ख्या उल्लेखनीय हुँदैछ, जसले असमानतालाई झन् बढाउँदैछ ।

घरजग्गाको मूल्यवृद्धिले त्यसको असरबाट सम्पत्तिमा असमानता वृद्धि हुन्छ, किनभने सर्वाधिक व्यक्तिगत सम्पत्ति जमीन र आवासमा लगानी भएको हुन्छ । बेलायत जस्ता केही देशमा घरको मूल्यमा उल्लेखनीय वृद्धि, सम्पत्तिको असमानताको स्पष्ट वृद्धिको प्रमुख कारण बनेको छ । सम्पत्ति भएकाहरु (ज्यादाजसो वृद्ध समूह) को सम्पत्तिको मूल्यमा वृद्धि देखिएको छ, सम्पत्ति नहुनेहरु (ज्यादाजसो युवा वर्ग) त्यस वृद्धिबाट चुकेका छन् ।

वास्तवमा भन्ने हो भने बेलायतको मामिलामा आवास असमानता राज्यको क्रियाकलापले बढेको छ, कम भएको छैन । निर्माण नियन्त्रणले नयाँ घरको निर्माण र पुराना घरलाई रुपान्तर गर्न निषेधित गरेको छ । यसले उपलब्ध घर निर्माणलाई निरुत्साहित गर्दछ । उता केही घर खरिदकर्ताहरुलाई दिइने अनुदानसहित आप्रवास र लाभकारी नीतिहरुले घरको माँगमा वृद्धि ल्याउँछ । परिणामस्वरुप घरजग्गाको मूल्यमा वृहत वृद्धि हुँदो छ । त्यसैले हामीले याद राख्नु पर्ने कुरा के छ भने राज्यको हस्तक्षेप असमानताको औषधि होइन, बरु त्यसको कारण हो ।

## सत्यको विरूपण

त्यसैले आयको तुलनामा सम्पत्तिको अझ धेरै असमानता छ भन्नुबाहेक गिनी कोएफिसियन्टसँग कुनै चारा छैन, तर वास्तविक स्थितिका निम्ति यो एउटा अविश्वसनीय मार्गदर्शिका बनेको छ । र, नियोजित आँकडाको गुणवत्ताका हिसाबले अत्यधिक संवेदनशील छ ।

अधिक सम्पत्ति कुनै व्यक्तिहरुसँग होइन, त्यो त सरकार (विधायकहरुद्वारा नियन्त्रित) र निगम (शेयरधनीहरुद्वारा नियन्त्रित) हरुसँग छ भन्ने कुराको हेक्का राख्न जरुरी छ । संसारमा अधिकांश सम्पत्ति केही अरबपतिहरुको नियन्त्रणमा छ भन्ने धारणा अतिशयोक्ति हो । र, त्यसमाथि यदि मानिसहरुले कडा मिहिनेत गरेर, विवेकपूर्ण बचत गरेर र बुद्धिमत्तापूर्ण ढङ्गले लगानी गरेर सम्पत्ति जोड्छन् जसले आर्थिक वृद्धि र सुव्यवस्थित समृद्धिलाई बढाउँछ भने के यो निन्दाको साटो सराहना गर्नुपर्ने कुरा होइन र ?

# ५ अन्तर्राष्ट्रिय तुलना

## वैश्विक असमानताको भाष्य

वैश्विक असमानताको भाष्य सर्वविदित छः दशकौंदेखि असमानता बढिरहेछ, अरबपतिहरु खरबौं कमाइरहेछन् भने श्रमिकहरुको कमाई भने खरबौंमा डुबिरहेछः सबभन्दा धनी १ प्रतिशतसँग संसारको सम्पत्तिको टु- फिफ्थ हिस्सा छः शीर्ष दश अरबपतिहरुसँग कैयन् देशको तुलनामा अधिक सम्पत्ति छः सबभन्दा धनी अझ धनी हुँदैछन् भने सबभन्दा गरिब ऋणमा डुब्दै जाँदैछन्: शीर्ष १ प्रतिशतले पुछारमा रहेका ५० का तुलनामा संसारको आर्थिक वृद्धिको दुई गुणा हिस्सा हासिल गरेका छन्: र यी असमानताहरुले गरिबी र स्वास्थ्य हेरचाहमा अभाव, आवास, सरसफाई, शिक्षा र अवसरमा पहुँचहीनतालाई प्रतिविम्बित गर्दछन् ।

तथ्याङ्कमा समस्या । माथि चर्चा गरिएका तथ्याङ्क सङ्कलनको समस्याहरुलाई मध्येनजर गर्दै हामीले यी दाबाहरुमा सन्देह प्रकट गर्नु पर्दछ ।

जब आय र सम्पत्तिको आँकडाहरु फरकफरक तरिका र फरकफरक सटीकतासँग सङ्कलन गरियो भने कुनै एउटा देशभित्रको सटीक आँकडा प्राप्त गर्न निकै मुश्किल हुन्छ, विभिन्न देशहरुबीच तुलना गर्नु त परको कुरा हो । विनिमय दर जस्ता भेदहरुले पनि परिणामलाई भ्रमित गर्दछः किनभने गरिब देशमा सामान्य मूल्य कम हुन्छ, जसले गर्दा ती झन् निर्धन देखिन सक्छन् । कच्चा मूल्यको सट्टा क्रय शक्ति समानतालाई प्रयोग गरेर यसको क्षतिपुर्ति गर्न सकिन्छ, तर सार्वजनिक बहसमा जुन आँकडाहरु प्रस्तुत गरिन्छन् त्यसले यसलाई प्रतिविम्बित गर्दछ भन्ने कुराको परिक्षण गर्नु सदैव बुद्धिमानी ठहर्छ ।

**अविश्वसनीय स्पष्टिकरण ।** वैश्विक असमानताको पारम्परिक व्याख्याहरु पनि प्रचलित र सन्देहयूक्त दुवै छन् । उपनिवेशवाद र गुलामीको कुरा उठाइन्छ, यद्यपि उपनिवेश बनाउँदा त्यसलाई कब्जा गर्ने ल्याकतको लागतले उपनिवेशलाई लाभ पनि दिएको छ । जस्तो कि आदम स्मिथले भनेअनुसार गुलामी नैतिक रुपमा अपमानजनक मात्र थिएन त्यसले खराब आर्थिक व्यवस्था पनि निम्त्याएको थियो ।

प्राकृतिक श्रोतहरुमा अन्तरको कुरा उदाहरणका निम्ति उठाइएको छ, तैपनि हबकब र सिब्गापुर जस्ता ठाउँहरु त्यस लाभबिना पनि समृद्धिको सिँढी उक्लिए । त्यस्ता सम्भावित सम्पत्ति कानूनीराजको अनुपस्थितिमा शासक, पूँजीपति वा कुलीन वर्गद्वारा नियन्त्रित हुन्छ र त्यहाँ देशभित्रकैले लुट मच्चाउने अनुमति दिन्छ भन्ने कुरा शायद ज्यादा महत्पूर्ण रहन्छ ।

भोकमरी र प्राकृतिक विपत् (जस्तो भूकम्प) लाई पनि दोषी ठहऱ्याइन्छः तर जहाँ बजारलाई काम गर्ने अनुमति दिइन्छ, भोकमरी जस्ता विपत् बहुधा नियन्त्रणमा आएका छन् । साथै बढ्दो स्तर र अन्तर्राष्ट्रिय सहयोगले प्राकृतिक विपत्बाट हुने जीउधनको नोक्सानलाई धेरै हदसम्म कम गरिदिएको छ ।

एउटा अर्को धारणा यो छ कि गरिब मुलुक आमतौरमा वस्तुहरुको निर्यातमा निर्भर हुन्छन्, जसको मांग सीमित हुन्छ र तिनीहरु सँधै वस्तु उत्पादकहरुमा निर्भर रहन्छन्, जहाँ मांग अन्त्यहीन छ । तर, कैयन् गरिब मुलुकहरुले उन्नत प्रविधिमा

छलाङ्ग मारिदिएका छन्, जसले गर्दा यो दाबा पनि कमजोर भएको छ ।

एउटा अन्तिम स्पष्टिकरण, वैश्विकरणका कारण निश्चित रुपमा केही गरिब मुलुकका उत्पादकहरुले अधिक कुशलताका साथ आयातमा कटौती गरेको देखिएको छ । अर्कोतिर बाङ्ग्लादेश, भियतनाम र फिलिपिन्स जस्ता मुलुकको आयमा प्रचूर वृद्धि हुँदो छ, किनभने धनी मुलुकहरुले तिनलाई उत्पादनको अवसर दिएको छ ।

## अन्य स्पष्टिकरण

विश्वास प्रदान गर्ने स्पष्टिकरण अझ धेरै छन् ।

**साँस्कृतिक कारक ।** साँस्कृतिक असमानता, जस्तो कि केही स्थानहरुमा महिलाहरुलाई घरबाट बाहिर काम गर्न निषेध गरिनु या निम्न जीवनस्तरका समूहलाई कुनै व्यवसायमा अनुमति दिनु प्रष्ट रुपमा महत्वपूर्ण छ । अक्सर विभिन्न धार्मिक या जातिय समूहकाबीच यूद्ध र गृहयूद्धले लगानी र उन्नतिमा बाधा पुऱ्याउँदछन् । कहिलेकाहीँ त्यस्ता हिंसा सल्किन्छन् किनभने कुनै मुलुकमा प्रजातान्त्रिक सहमतिको साटो कुनै शक्तिद्वारा शासन गरिन्छ, अर्को शब्दमा भन्ने हो भने नागरिक सँस्थाहरु पनि निर्णायक हुन्छन् ।

**सँस्थागत र नीतिगत असमानता ।** त्यसपछि आयात प्रतिस्थापन जस्ता नीतिगत त्रुटिहरु पनि छन्- जस्तो कि मुलुकभित्रै घरेलु सामान उत्पादन गर्ने प्रयास, जुन सामान विदेशबाट अधिक सस्तो मूल्यमा खरिद गर्न सकिन्छ । त्यसैगरी केन्द्रीकृत आर्थिक योजना र उत्पादनले निजी लगानी र उत्पादनलाई दुरुत्साहित गर्न सक्छ, र गहिरो राजनीतिक असमानतालाई त्यसले परिपोषण गर्न सक्छ ।

बहस गर्न सकिएला, तर वास्तवमा अन्तर्राष्ट्रिय समानताकालागि सबभन्दा ठूलो खतरा अक्सर सरकार आफैँ हुन्छन् । उदाहरणकालागि साना व्यवसायमा गरिने मनोमानी र लगाइने अत्यधिक नियम, खराब परिणाम निकाल्ने राज्यीय विद्यालयहरु र उच्च करहरु, जसले हौसला निरुत्साह गर्छ एवं सार्वजनिक ऋण र संरक्षण, जसले मुलुकलाई पूर्ण रुपमा पछिल्तिर धकेल्छ । विदेशी सरकारले पनि यसमा मद्दत गर्न सक्दैनः चिनी या कफी जस्ता एउटै मात्र फसलमा निर्भर हुने कैयन् गरिब मुलुकले उच्च संरक्षित व्यापार अवरोध गरेका कारण तिनका सामानले अमेरिका र यूरोपियन यूनियन जस्ता समृद्ध बजारमा उचित मूल्य पाउँदैनन् ।

**पूँजी सञ्चय ।** पूँजीको सञ्चय पनि उत्तिकै नाजुक कुरा हो । कारखाना र मेशीनहरु जस्ता पूँजीगत सामानहरुमार्फत समुदायलाई निकै कम मिहिनेतमा अधिक उत्पादन गर्न सक्षम तुल्याउँछ, जति उनीहरु कुनै तवरले गर्न सक्थे । करिब २५० वर्षअघि औद्योगिक क्रान्ति यही स्पष्ट विचारमा निर्मित थियो जसले उन्नत मुलुकमा समृद्धिको आत्मसुदृढ चक्र भित्र्याएको थियो ।

यद्यपि आजका विकासशील मुलुकहरुले ज्यादाजसो यही खालको रणनीति अँगालिरहेका छन्, तर उनीहरुसँग आफ्नो सम्पत्ति र पूँजी (मानव पूँजी सहितः गुणात्मक शिक्षामा पहुँच पुऱ्याउन लगानी चाहिन्छ, तर यसले मुलुकको उत्पादकत्वमा निकै वृद्धि गराइदिन्छ) वृद्धि गर्न ज्यादा समय छैन । जस्तै कि सहाराका कैयन साना देशहरुले राज्यप्रदत्त समाजवाद जस्ता अन्य रणनीतिहरु अँगालेर अनुत्पादक रुपले समय बरबाद गरेका थिए, तर, अहिले पनि ती त्यही मार्गमा छन् ।

तथापि, पूँजी निर्माण एउटा लामो र कठिन प्रक्रिया हो, अन्ततोगत्वा विकसित मुलुकहरुलाई यहाँसम्म आइपुग्न लगभग २५० वर्ष लाग्यो जहाँ उनीहरु अहिले छन् (र, निश्चित रुपमा प्रक्रिया यसअघि नै शुरु भएको थियो, जसमा विधिको शासन, नागरिक र राजनीतिक अधिकार, शिक्षा र अन्य उदारवादी सँस्थाहरुको निर्माण तथा व्यापारिक लाभको व्यापक सराहना सामेल थियो) । यसैले, मुलुकहरुलाई बराबरीमा ल्याउने कोशिश गर्नुको साटो श्रेष्ठतम दीर्घकालीन रणनीति लिइयो भने तिनको पूँजी सञ्चय प्रक्रियालाई द्रुत बनाउन मद्दत पुग्न सक्छ ।

**नवीन दुनियाँ ।** मानिसहरु आफ्नो जीवनचक्रमा सम्पत्ति सञ्चय गर्दछन् र विश्वको आधा जनसङ्ख्या ३० भन्दा कम उमेरका मानिसले भरिएको छ भन्ने पनि हेक्का रहनुपर्छ । यसको विपरित अधिकांश विकसित मुलुकमा आधा मानिसहरुको उमेर ४० भन्दा माथि छ । यसैले विकसित मुलुकका नागरिकहरुसँग आफ्नो मानवीय र भौतिक पूँजी बढाउन अधिक समय हुन्छ । यसले पुनः पुराना र नयाँ मुलुकबीच एवं युवा र गरिबबीच मौजुदा असमानतालाई मलजल गर्दछ । तर, समयको साथसाथै स्वास्थ्यको हेरचाह, शिक्षा र पूँजी सञ्चयमा सुधारले यसलाई नाश गर्न सक्छ ।


## समानता, गरिबी र विकास

जस्तो कि नीति अनुसन्धानकर्ता टीम वर्स्टलले सन् २०१९ मा इंगित गरेका थिए, आइएम्एफ्ले गिनी 'स्वीट स्पट' (लागत र लाभको श्रेष्ठ सन्तुलन) लाई मान्यता दिएको छ । अर्थात् केही असमानताले मुलुकलाई धनी बन्न सघाउँछ जब तिनको आर्थिक वृद्धि निकै ज्यादा प्रभावित हुन्छ । आइएम्एफ्को स्वीट स्पटले अमेरिकाको तुलनामा अहिले भएभन्दा (कथित रुपमा निकै असमान) केवल थोरै बढी समानताको प्रतिनिधित्व गर्दछ । जुन बेलायतको जत्तिकै एवं फ्रान्स र स्वीडेनको तुलनामा निकै कम हो । यो प्रशंसनीय लाग्दछ । तर, यसबाट के थाहा हुन्छ भने गरिब मुलुकहरुले आन्तरिक पुनर्वितरणमार्फत लाभ हासिल गर्नेछन् भने धनी मुलुकले यसबाट आफैँलाईं हानि पुऱ्याउनेछन् ।

तर, त्यसपछि आइएम्एफ्ले गलत तरिकाबाट कारण र असर (कज एण्ड इफेक्ट) पार्न सक्छ । अधिक समानताले आर्थिक विकासलाई कसरी घनीभूत तुल्याउँछ भनेर बुझ्न मुश्किल छ । तर, द्रुत उन्नतिले असमानतालाई कसरी जागृत गराउन सक्छ भन्ने कुराको कल्पना गर्न भने सहज छ । कारण सरल छ- नौला अवसरलाई चिन्न सकेको कारण उद्यमीहरुको आम्दानी अरुको तुलनामा बढ्न जान्छ ।

**गरिबीको विकास ।** संसारका गरिबहरु झन्झन् गरिब हुँदैछन् भन्ने दाबीप्रति विश्वास गर्न पनि मुश्किल छ । किनभने सर्वाधिक खराब गरिबी (१ डलर ९० सेन्ट वा त्योभन्दा पनि कममा गुजारा चलाउन स्वीकार गरिएको अवस्था) द्रुत गतिमा सीमित हुँदैछ । जस्तो जोहान नरबर्गले आफ्नो किताब 'प्रगति' (सन् २०१६) मा लेख्दछन्- "बितेको २५ वर्षमा औसतन प्रति हप्ता लगभग दश लाख मानिसहरु १ डलर ९० सेन्टरुपी गरिबीबाट मुक्त भएका छन् । सन् १९५० मा विश्व जनसङ्ख्याको दुई तिहाइ आबादी १ डलर ९० सेन्ट वा त्योभन्दा कममा जीवन यापन गर्दथ्यो । सन् १९८० तिर भुमण्डलीकरण र व्यापार द्रुत गतिमा जब विस्तार हुन थाल्यो, तब यो टु- फिफ्थमा सीमित हुन पुग्यो । सन् १९९० मा यो एक तिहाईमा खुम्चियो । अहिले त्यो सङ्ख्या दशमा एक हुन पुगेको छ (सबै आँकडाले मुद्रास्फितिलाई अवलम्बन गरेको छ ।)

चित्र २ : सन् १८२० देखी सन् २०१५ सम्म चरम गरिबीमा रहेका मानिसहरूको विश्वव्यापी जनसंख्या




श्रोत: रोजर एण्ड अर्टिज-अस्पिना (सन् २०१३): रेभेलियन (सन् २०१६) विश्व बैङ्कसँग अद्यावधिक गरिएको ।

र, यो विश्वको बढ्दो जनसङ्ख्या हुँदाहुँदै पनि देखिएको छ: एक डलर नब्बे सेन्टमा गुजारा चलाईरहेको आँकडाले सन् १९९० मा १.९ अरब मानिसहरुको प्रतिनिधित्व गर्दथ्यो । र, त्यतिखेरदेखि अहिलेसम्म संसारको आबादी एक तिहाई बढिसकेका कारण अहिलेसम्ममा प्रति दिन एक डलर नब्बे सेन्टमा गुजारा चलाउन २.५ अरबभन्दा केही अधिक मानिसहरु प्रभावित भएका छन् । वास्तवमा त्यो सङ्ख्या झरेर ७०० मिलियन पुगको छ, त्यो पनि ज्यादाजसो उप-सहारा मरुभूमिमा । तैपनि यो नाइजिरिया, कङ्गो, इक्वेटोरियल गिनी, दक्षिणी सुडान, ताञ्जानिया, इथियोपिया र मादगास्करमा केन्द्रित छ । तीमध्ये ज्यादाजसो समाजवादी मुलुकहरुमा केन्द्रित छन् जो विश्व व्यापार प्रणालीमा राम्रोसँग एकीकृत भएका छैनन् । अरु ठाउँमा यो अधिकतर लुप्त भइसकेको छ । कुल मिलाएर १ डलर ९० सेन्टमा गुजारा गर्नुपर्ने गरिबी यस दुनियाँमा लगभग बिदा भइसकेको छ ।

वास्तवमा उदार लोकतान्त्रिक सँस्थाहरुमाफर्त सुदृढ भएर व्यापार र भूमण्डलीकरण सम्भव बनेको छ र गरिबी र असमानता दुवैकालागि यो सबभन्दा असल प्रतिषेधी प्रतीत हुन्छ । बढी बजारोन्मुख अर्थव्यवस्था र गरिबी, असमानता एवं समाजवादी तानाशाहीको पदानुक्रममा सम्पत्ति कसरी श्रृजित भयो र फैलियो भन्ने कुरा बुझ्न हामीले युद्धपछिको पूर्वी र पश्चिमी जर्मनी वा उत्तर र दक्षिण कोरियालाई हेरे पुग्छ ।

प्रोफेसर फिलिप बुथ र बेन साउथवुडले सन् २०१७ मा पत्ता लगाएअनुसार सन् १९८० मा भियतनाममा औसत ज्याला वार्षिक एक सय डलर थियो । भुमण्डलीकरणपछि अवसरहरुले त्यस राशिलाई २० गुणा ज्यादा बढाइदियो र अहिलेको एउटा ठूलो निर्यातकर्ता मुलुक चीनमा औसत ३५ गुणाले बढाइदियो । ज्यादा परस्पर जोडिएको र अन्योन्याश्रित बन्न पुगेको हाम्रो विश्व अधिक समान र समृद्ध हुँदै गएको छ ।

# ६ के अझै धनी हुनुपर्छ धनीहरू ?

'क्यापिटल इन दि ट्वेण्टी-फर्स्ट सेन्चुरी' मा फ्रान्सेली अर्थशास्त्री थमस पिकेटी (सन् २०१७) धनको प्रतिफल सँधै आर्थिक विकासको सामान्य दर (या उनले भनेजस्तै *'r > g'* अर्थात सम्पत्तिमा जोखिम) भन्दा ज्यादा हुन्छ भन्ने तर्क गर्दछन् । जसअनुसार साधारण कामदारको तुलनामा पूँजी मालिकले अधिक छिटो धन जम्मा गर्छन् । उनी भन्छन्, "यसले धनी-गरिबको विभाजनलाई कायम राख्छ र फराकिलो बनाउँछ, जसले कूल सम्पत्तिमा बढ्दो हिस्सेदारी गराउँदै भाडामा दिनेहरुको एउटा आभिजात वर्ग निर्माण गर्दछ ।"

त्यसोभए ३०० वर्षको अपेक्षाकृत मुक्त बजारपछि यस पूँजी-स्वामित्व भएको आभिजात वर्गले उहिले नै संसारको सारा सम्पत्ति किन सोहोरेर राखेनन् ? पिकेटीका अनुसार पूँजी समयसमयमा युद्धका कारण नष्ट हुन्छ, र सञ्चयको प्रक्रिया फेरि शुरु हुन्छ । त्यसैले पूँजी-आधारित धनको सञ्चयलाई नियन्त्रण गर्न उच्च विरासतीय करका साथै क्रमिक वैश्विक सम्पत्ति करको सुझाव पिकेटी दिन्छन् जसले सर्वाधिक समृद्ध मानिसहरुलाई ८० प्रतिशतसम्म कर तिराउँछ ।

## धन अनिश्चित छ

पूँजीको सञ्चय र त्यसमाथि नियन्त्रणको विरुद्ध षडयन्त्र रच्ने विभिन्न कारणमध्ये युद्ध एक हो भन्ने पिकेटीका आलोचकहरुको शिकायत छ । कुनै पनि लाभ आर्जन गर्न पूँजीको निर्माण, विकास, प्रबन्धन र उपयोग बुद्धिमानीपूर्वक गर्नुपर्छ । पूँजीका मालिकहरु उल्लेखित कुनै पनि चरणमा विफल हुन सक्छन्, र अक्सर भएका छन् । यदि कसैले आफ्नो भाग्य चम्काउन सकेपनि तिनीहरु स्वयं वा तिनका उत्तराधिकारीका त्रुटि, गलत अनुमान र दुर्भाग्यका कारण सहजै सम्पत्ति फेरि गुमाउन सक्छन् । वास्तवमा रबर्ट आर्नोट र उनका सहयोगीहरुले सन् २०१५ मा गरेको अध्ययनअनुसार विरासतबाट उपलब्ध पारिवारिक सम्पत्तिको आधा हिस्सा लगभग दश वर्षभित्र गुम्छ । परिवारको भाग्यमा उतारचढाव भइरहन्छ, र केही मानिसहरु मात्रै सण्डे टाइम्स रिच लिस्ट वा फोर्ब्स बिलिनियर्स लिस्टमा निकै लामो समयसम्म टिकिरहन्छन् ।

धनको उपभोग गर्दा पनि त्यो गुम्न सक्छ । अर्को शब्दमा भन्ने हो भने निरन्तर रुपमा पुनः लगानी नगरी धन खर्च गर्नाले र त्यसको आनन्द लिनाले पनि धन गुम्न सक्छ । र, साथसाथै (जमशेदजी टाटा, बिल गेट्स, जर्ज सोरोस, एण्ड्र्यू कार्नेगी र सेन्सबेरी एण्ड वेस्टन फेमिलीजले जस्तै) परोपकारी काममा खर्च गर्दा पनि धन गुम्न सक्छ । तैपनि पिकेटीलाई के लाग्छ भने पूँजीले सहजताका साथ लाभ प्रदान गरिरहन्छ जसले त्यसका मालिकहरुलाई समृद्ध तुल्याइरहनेछ, जस्तो कि रुखबाट झर्ने फलहरुलाई पानी, काँटछाँट, नोक्सानदायी कीट नियन्त्रण र वृक्षारोपण गरिरहने आवश्यकता पर्दैन ।

पूँजी लगानीमा प्रत्येकपल्ट जोखिम रहन्छ- पिकेटीको किताबमा यस शब्दको शायदै कहिल्यै उल्लेख गरिएको छ, र गरे पनि अञ्जानमा उल्लेख भएझैं लाग्दछ । उत्पादन र निर्माण कम्पनीहरु विफल हुन सक्छन्, या आक्रामक ढङ्गले अघि बढिरहेका प्रतिस्पर्धीहरुको अधीनस्थ हुन सक्छन् जसले गर्दा तिनमा लगानी गर्नेहरुको लगानी मूल्यहीन र बेकारका साबित हुन जान्छन् । जोखिमले यसलाई दश वर्षमा पूँजीको प्रतिफल आउने कुराको भविष्यवाणी गर्न कठिन हुन्छ । सयको त कुरै छाडौं, सानो जोखिमले पनि पिकेटीको *'r > g'* लाई अस्वीकृत गरिदिन्छ । पश्चिमी अर्थव्यवस्थाहरुमा सन् १९८० को दशकको आरम्भदेखि नै पूँजीमा लाभ खस्कँदो छ, र जोखिमले लाभलाई अझ ज्यादा अनिश्चित तुल्याइदिएको छ ।

## सम्पत्तिको अन्य स्वरूप

पूँजीका मालिक र कामदारहरु अलग समूह होइनन् भन्ने कुरा पनि याद राखौं । कामदारहरु निवृत्तिभरण र बचत योजनाहरुमा लगानी गर्दछन् जसमार्फत उनीहरुलाई आफ्नै पूँजी प्राप्त हुन्छ । र, पिकेटी सबभन्दा महत्वपूर्ण र व्यापक रुपमा बाँडिने सम्पत्तिको स्वरुप अर्थात् मानवपूँजी (ह्यूमन क्यापिटल) लाई नजरअन्दाज गरिदिन्छन् । यसअघि नै व्याख्या गरिसकिएको यो मानवपूँजीको हामी सबै जना मालिक हौं र यसलाई कौशल हासिल गर्न, अध्ययन गर्न कलेजमा दाखिल हुन, भाषा सिक्न र श्रेष्ठ काम हासिल गर्न हामी लगानी गर्दछौं । पुनर्भुक्तानीको हिसाबमा यो सम्भवतः हामी कसैद्वारा गर्न सकिने लगानीमध्ये सबभन्दा उम्दा लगानी हो । तर, यो पहिले नै समृद्ध भइसकेका केही धनाढ्यहरुको विरासत होइन, हामी सबैसँग यो छ वा हामी यसलाई हासिल गर्न सक्छौं ।

भौतिक र आर्थिक पूँजी बिना आफूसँग भएको मानवपूँजी लगानी गरेर पनि कसरी समृद्ध हुन र त्यसतर्फ उन्मुख हुन सकिन्छ भन्ने कुरा बुझ्न गरिब आप्रवासीहरुको समूहको प्रगतिलाई हेर्न आवश्यक छ । बेलायतका शीर्ष १ प्रतिशत ज्यादा कमाउने सङ्ख्यामा एक चौथाई मानिसहरु आप्रवासी छन्, साथै बेलायतको एफ्टीएस्ई (फाइनान्सियल टाइम्स स्टक एक्सचेञ्ज) को सयमा एक तिहाइभन्दा ज्यादा मूख्य कार्यकारी पदमा काम गर्नेहरु पनि आप्रवासी नै छन् । अमेरिकाका शीर्ष भाग्यशाली पाँच सय कम्पनीहरुमध्ये पाँचौ हिस्सा आप्रवासीहरुले स्थापना गरेका थिए, दोश्रो पाँचौ हिस्सा आप्रवासीहरुका सन्तानले स्थापना गरेका छन् । सत्य हो, तीमध्ये केही धनी मानिसहरु हुन सक्छन् जो देशविदेश घुमिरहेका होलान् । तर, तीमध्ये अधिकांश गरिबीबाट समृद्धिमा पुगेका कथाहरु दर्शाउने कुरा के हो भने आर्थिक रुपमा धनी बन्नका लागि तपाइँ तपाइँको शुरुवाती कालदेखि नै धनी बन्नु जरुरी छैन रहेछ ।

## समानता बिना समृद्धि

उन्नाइसौं शताब्दीको उत्तरार्द्धलाई अमेरिकी इतिहासमा घोर भौतिकवाद र घोर राजनीतिक भ्रष्टाचार काल अर्थात् 'गिल्डेड एज' मानिन्छ । त्यही गिल्डेड एजलाई अनुमोदन गर्छन् पिकेटी । त्यस ताका आयमा व्यापकता आयो, यद्यपि त्यतिखेर ट्रेड यूनियनलाई रक्षा गर्ने कुनै कानून आएको थिएन, न्यूनतम वेतन तोकिएको थिएन, कुनै कल्याणकारी राज्य थिएन, न कुनै त्यस्ता अन्य चीज थिए जसमार्फत आम तौरमा समानतालाई बढावा दिने कल्पना गर्न सकिन्छ । तर, त्यही ताका बिजुली, टेलिग्राफ, टाइपराइटर र लुगा सिउने कलको आविष्कारले औद्योगिक उत्पादन बढायो, जसले गर्दा वेतनमा वृद्धि भयो, काममा खटिने समयमा कमी आयो र खर्च गर्न सक्ने शक्ति बढ्यो, जसले गर्दा सबै खाले आर्थिक समूहलाई फाइदा भयो, खासगरी सबभन्दा गरिब मानिसहरुलाई । पिकेटीको दावा के छ भने 'जनसङ्ख्याको गरिब आधा हिस्सा आज पनि त्यति नै गरिब छ जति पहिले थियो, सन् १९१० मा गरिबहरुको कूल सम्पत्तिमा मुश्किलले ५ प्रतिशत हिस्सा थियो भने सन् २०१० मा पनि त्यति नै थियो' । यसले बढ्दो उत्पादकत्वका कारण सन् १९१० को तुलनामा हर कोहीलाई निकै ज्यादा धनी बनाइदिएको छ भन्ने तथ्यलाई भने पूरै नजरअन्दाज गरिदिन्छ । यसैगरी दोश्रो विश्व यूद्धपछि विशेष रुपमा अमेरिकामा आयको 'ग्रेट कम्प्रेसन' पूर्व सङ्घीय कानून या व्यापक कल्याणकारी राज्यको सुखद उत्पादन थिएन । यो त यूद्धपछि बढ्दो व्यापारको परिणाम थियो ।

यदि तपाइँ कुनै मुलुकलाई गरिब बनाउन चाहनुहुन्छ भने पिकेटीको पुनर्वितरणवादी नीतिहरु एउटा उपयोगी रणनीति हुन सक्छ । जुन मुलुकले पूँजी मालिकलाई दण्डित गर्दछ, उसले मानिसहरुमा धन कमाउने, बचत गर्ने, संरक्षित गर्ने र

लगानी गर्ने कुराप्रति उदासीन हुन सहयोग पुऱ्याउँछ । त्यस्ता मुलुकमा उत्पादन परियोजनामा लगानी गर्न घरेलु र विदेशी लगानीकर्ता एवं थोरै वचतकर्ता उपलब्ध हुन्छन् । विकासको सट्टा वितरणमा उनीहरुको ध्यान केन्द्रित भएकाले परिणामतः विकास, उत्पादनशीलता र समृद्धिमा कमी आउँछ, जसले गर्दा सबभन्दा ज्यादा नोक्सान गरिबहरुले ब्यहोर्नु पर्छ ।

# ७ नैतिक मामिलामा प्रश्न गर्नु

समानताकालागि आर्थिक तर्कहरु मात्रै नभई नैतिक तर्कहरु पनि छन् । समानताको सिद्धान्त हाम्रो सार्वभौमिक मानवता जस्ता उच्च मूल्यहरुबाट उत्पन्न हुन्छ, अथवा समानता आफैँमा एउटा राम्रो कुरा हो किनभने यो उचित र न्यायोचित छ, या यसले विश्वास र सामाजिक सद्भाव जस्ता अन्य मूल्य प्रदान गर्दछ भनेर केही मानिसहरु यसैमा चित्त बुझाउन सक्छन् । आउनुस्, यी सबै कुरामा घोत्लिउँ ।

## मानवतामा विश्वव्यापी तर्क

विश्वव्यापी मानवताबारे समानताको मामिलामा एउटा भनाई यो पनि छ कि सबैखाले महत्वपूर्ण कुराहरुमा मानिसहरु एकै खालका छन् । उनीहरुको पहिचान समान छ, जसको अर्थ उनीहरु मूलतः समान छन् र यसैकारण उनीहरुसँग समान व्यवहार गरिनुपर्छ ।

माथि गरिएको चर्चामा केही समस्याहरु छन् । कुरै गर्ने हो भने पहिचानबाट हामीले समानताको अनुमान लगाउन सक्दैनौं । सङ्ख्या ३ र ५ दुवैले पूर्ण अङ्क भएको साझा पहिचान बोकेका छन् । तर, ती समान छैनन् र न हामीले तिनलाई समान बनाउन सक्छौँ । यद्यपि मानिसहरु हरेक व्यक्ति 'समान जन्मिने' कुरा गर्छन्, तर वास्तविकता के हो भने उनीहरु समान हुँदैनन् । उनीहरु स्वाभाविक रुपमा विभिन्न कोणबाट भिन्न छन्- शारिरीक, बौद्धिक र नैतिक । विश्वव्यापी मानवताको अनुकूल हुन र कुनै विशेष लक्षणको समीकरणलाई न्यायसङ्गत तुल्याउन मानव पहिचानको सारभूत निशानी अन्य सबैथोकभन्दा किन माथ्लो स्थानमा रहनुपर्छ भन्ने कुरालाई हामीले साबित गर्नु पर्नेछ । यो कुनै परिक्षा होइन जसले सम्पत्ति वा आम्दानीलाई पार लगाउँछ ।

केही आलोचकहरुको यो तर्क पनि छ कि भलै मानिसको प्राकृतिक स्थिति समान छ, तर त्यो स्थिति आवश्यक रुपमा नैतिक, वाञ्छनीय वा दिगो हुँदैन । यो एउटा यस्तो अवस्था हुनसक्छ र थमस हब्सले (सन् १६५१) मा भने जस्तै त्यो जीवन 'एकाकी, गरिबीले घेरिएको, तल्लो स्तरको, पाशविक र छोटो' हुन्छ । यसमा सहमत आलोचकहरुको तर्कअनुसार असमान समाजले असल परिणाम दिनसक्छ । र, जन्मजात समानताको तर्कको कुनै महत्व रहनुअघि कसैले यसलाई साबित गर्नु पर्ने हुन्छ ।

मानवताका अन्य स्वरुप । आम्दानी र सम्पत्तिमा जुन अन्तर हामी देख्दछौँ त्यो कसैले जानीबुझिकन रोज्न पाउँदैन भन्ने कुरा याद राख्नु महत्वपूर्ण कुरा हो । ती केवल व्यक्तिसँग असम्बन्धित आर्थिक प्रक्रियाका परिणाम हुन् । र, यदि हामी सचेत रुपमा आफ्नो साझा मानवताको आधारमा आम्दानीलाई बाँड्ने काम गर्छौँ भने के हाम्रो अभिलाषा समान हुनेछ होला ? हाम्रो मानवताको श्रेष्ठ सूचक सम्भवतः अरुप्रति हाम्रो अति आवश्यक व्यवहार मात्र हुन्थ्यो होला- उदाहरणको लागि अरुकालागि हानि नपुऱ्याउने सङ्कल्प, र अतिअभागीहरुलाई 'सुरक्षा कवच' प्रदान । यसको अर्थ अरुलाई आफू समान मानवका रुपमा उनीहरुले पाउनुपर्ने उचित मान्यता र सम्मान दिनु हुनसक्छ । तर, तिनलाई आवश्यक रुपमा समान मान्यता र सम्मान दिइन्छ भन्ने हुँदैन ।

वास्तवमा असमान समाजमा अधिक मान्यता र सम्मान भेटिन सक्छ । विशेषज्ञतामा निर्माण भएको अर्थव्यवस्थामा हामी मानिसहरुलाई तिनका विभिन्न कौशलका निम्ति आर्थिक रुपमा महत्व दिन्छौँ । र, हामी तिनलाई अन्य दक्षताका आधार मा पनि फरकफरक महत्व दिन्छौँ, जस्तो कि तिनको सामाजिक प्रतिष्ठा या मित्रपन या साहस । एउटै आधारमा कसैलाई सम्बन्धित पक्षले महत्व दिनुभन्दा सम्भवतः मानिसहरुलाई तिनका मित्र र विभिन्न आधारमा महत्व दिनु जायज कुरा हो । मानिसहरुबीचको अन्तरलाई हामी पहिचान गरौं नकि केवल तिनको समानतालाई भन्ने विश्वव्यापी मानवताको मांग छ । यसले के पनि भन्दछ भने हामीले मानिसलाई व्यक्तिका आधारमा व्यवहार गर्नुपर्छ नकि तिनको आम्दानी र सम्पत्ति जस्तो कुनै एकको आधारमा । स्वतन्त्र व्यक्तिहरुको अलगअलग आकांक्षा हुन्छ जसमा गैरआर्थिक आकांक्षा पनि सामेल छ, जसअनुसार उनीहरुबीच आम्दानी र सम्पत्तिको असमानता उत्पन्न हुने कुरा पनि अपरिहार्य छ । तर, यी मानवतालाई परिभाषित गर्ने अन्तिम विशेषता भने होइनन् ।

## जोन रल्सः समानता र निष्पक्षता

आर्थिक समानताको लागि एक तर्कसङ्गत नैतिक मामिला प्रदान गर्ने शायद सबभन्दा सफल प्रयास जोन रल्सद्वारा लिखित 'अ थ्योरी अफ जस्टिस' हो । उनको पद्धति एउटा वैचारिक अनुभव होः

> **मानिसहरूको व्यक्तिगत परिस्थितिबाट अनभिज्ञ भएको अभिनय गर्दै एउटा निष्पक्ष समाजको कल्पना गर्न सहयोग पुऱ्याउने माध्यम अर्थात 'भियल अफ इग्नोरेन्स' अन्तर्गत यदि हामीले एउटा समाजको डिजाइन गऱ्यौँ भने हामीलाई हाम्रो स्थान कहाँ हुन्छ र हामीले कस्तो प्रकारको आचरण गर्छौं भन्ने थाहा हुँदैन ।**

रल्सका अनुसार हामीले सतर्कता अपनाउनेछौँ र सबभन्दा कम अनुग्रह पाएका मानिसहरुको मद्दत गर्न एउटा मजबूत सुरक्षा कवचसँगै अपेक्षाकृत समान समाज रोज्नेछौँ ।

**समानता हैन, सम्भावनाहरू ।** यो कुरा कुनै शिक्षाविद्कालागि एउटा स्वाभाविक रोजाई हुनसक्छ, तर उनीहरु जोखिम मोल्न खुलेआम डराउँछन् । जोखिमप्रति मानिसहरुको फरकफरक प्रतिक्रिया हुनसक्छ र यस द्यूतक्रीडामा उनीहरुले फरकफरक दाउ लगाउन सक्छन् । कतिपय मानिसहरु कम समान समाजमा श्रेष्ठ स्थितिमा पुग्ने अवसर नचुकाउने विषयमा पूर्णतया तैयार हुनसक्छन् ।

गणितीय रुपमा आकस्मिक कुरामा दाउ हान्ने कुनै एक तार्किकले समानताको साटो न्यूनतम सुरक्षा कवच रोज्ने निश्चित छ । र, विभिन्न प्रकारको समाजले दाउ हान्नेहरुलाई उनीहरुले चाहेको अपेक्षित मूल्य प्रदान गर्दछ- यसैले समानताको विकल्पमा कुनैपनि तार्किक कुरा अद्वितिय हुन सक्दैन ।

तर, समाजमा वितरण मात्र नभई कति सम्पत्ति होला या आम्दानी होला भन्ने कुरा यदि दाउ हान्ने जुवाडेहरुले तय गर्न सकेभने उनीहरुले गरिब, गतिहीन र अधिक समान समाजको साटो कम समान तर गतिशील समाज रोज्न सक्छन्, यस विश्वासका साथ कि यस प्रकार समाजमा प्रोत्साहन बढ्नेछ, प्रगति र समृद्धिलाई बढावा मिल्नेछ । अथवा उनीहरु त्यस्तो समाज रोज्न सक्छन् जो आर्थिक रुपले कम समान होस् तर सामाजिक स्थिति जस्ता अन्य तरिकाले समान होस् ।

दुर्भाग्यवश, रल्सको परिदृष्यले त्यस्ता सम्भावनाहरुलाई अनुमति दिँदैन जसले आर्थिक समानताको अलावा अरु सबै कुरालाई प्रभावकारी ढङ्गले अस्वीकार गरिदिन्छ ।

**चुनिएका जानकारी ।** रल्सका अनुसार दाउ हान्नेहरुले 'प्राकृतिक समानता' लाई साझेदारी गर्दछन्, त्यसैले उनीहरु कुनै पनि प्रकारका अपेक्षाको साटो तर्कसंगत आधारमा आफ्नो छनौटलाई रोज्दछन्, जसले गर्दा आफ्नो विशेष शक्ति वा क्षमताको उपयोग गरेर चुनेको समाजलाई आफ्नो निम्ति श्रेष्ठ तरिकाले आकार दिन सकियोस् । र, रल्सको अनुमानमा यसको मतलब यो हो कि उनीहरु असमान समाजलाई त्यतिखेर मात्र रोज्नेछन् जब त्यसले सबैलाई लाभ दिनेछ । तर, यस कथित 'प्राकृतिक समानता' ले स्वतः ती मानवीय मतभेदलाई हटाइदिनेछ जसले वास्तविकतामा समाजहरुलाई आकार दिन्छ । उदाहरणकालागि, सक्षम र महत्वाकांक्षी मानिसहरुलाई समानता रोज्नुपर्ने कुनै कारण हुनेछैन । उनीहरुको रोजाईमा असमान समाज पर्नसक्छ, जहाँ उनीहरुशीर्ष स्थानमा टिकिरहन सकुन् ।

ती जुवाडेहरुसँग समाज कसरी चलेको छ भन्ने कुराको जानकारी हुनुपर्छ ताकि के कुरामा दाउ लगाउँदैछु भन्ने कुरा तिनले बुझेका होउन् । तर, अरुको तुलनामा श्रेष्ठ परिणाम पाउने कुरामा आश्वस्त हुन भने तिनले नसक्लान् । रल्सको मतानुसार उनी न्यायका सबै सिद्धान्तसँग परिचित छन्, तर रल्सले यसलाई निष्पक्षताको रुपमा परिभाषित गर्दछन् । यसले अनिवार्य रुपमा तिनका रोजाईलाई विविधता वा गतिशीलता जस्ता अन्य सम्भावनाहरुको साटो समानतातर्फ डोऱ्याउँछ ।

अर्को शब्दमा भन्ने हो भने उनी आफ्ना जुवाडे र तिनका जुवालाई यस तरिकाले डिजाइन गर्दछन् कि जसले आवश्यक रुपमा समानताको मामिलालाई समर्थन गर्छ, तर परिवार वा योग्यता या स्वतन्त्रता जस्ता समाजका अन्य सबै पक्षहरुलाई नजरअन्दाज गरिदिन्छ । वास्तवमा अ थ्योरी अफ जस्टिसमा स्वतन्त्रता र त्यसको मूल्यको उल्लेख निकै कम छ । र, परिवार एवं पालन-पोषण स्पष्ट रुपमा असमानताको यौटा प्रमुख श्रोत हो भने रल्स यसलाई आफ्नो कथित तर्कसङ्गत समान समाजबाट छुट्याउन पछि सर्छन् ।

**सेवक वा लायक ।** हामी सम्पत्ति या आम्दानीलाई चाहे जतिसुकै बराबर गरौँ, अन्य मानवीय अन्तरका कारण तिनले हामीलाई विभिन्न अलग तरिकाले असमान बनाउँछन् भन्ने तथ्य अहिले पनि कायम नै छ । समानता बहाल गर्नकालागि जससँग प्राकृतिक प्रतिभा छ, तिनले त्यसको उपयोग आफ्नो उन्नतिकालागि नभई अरुको भलाईका निम्ति मात्र गर्नुपर्दछ भन्ने रल्सको प्रस्ताव छ । तर, यस्ता प्राकृतिक सम्पदा तक्दीरले मात्र मिल्ने हुनाले ती 'लायक छैनन्' अर्थात डिजभिङ् छैनन् भन्ने हुँदैन, र त्यसैले तिनीहरुलाई छाडिदिनुपर्छ भन्ने पनि हुँदैन । व्यक्तिगत उपलब्धि लगभग जहिलेपनि केही प्राकृतिक गुणसँग गाँसिएको हुन्छ, जस्तो कि फिटनेस या कुनै कौशल । तर हामी अझैपनि के सोच्छौं भने एथलिटहरु तिनले हासिल गर्ने पदकहरुका हकदार हुन् र अरु मानिसहरुमा पनि त्यसलाई हासिल गर्ने अधिकार छ भन्ने कुरा दिमागमै ल्याउँदैनौँ ।

संक्षेपमा, अत्यधिक प्रभावशाली भएपनि रल्सको तर्क सन्तोषजनक छैन । न्याय भनेको निष्पक्षता मात्र होइन, समानता मात्रै त झनै होइन । एउटा न्यायपूर्ण समाज त्यो हो जसले मानिसहरुलाई व्यक्तिगत रुपमा सम्मान गर्दछ, तिनका मतभेदहरुलाई सहन्छ, तिनको स्वतन्त्रतालाई सुरक्षित गर्छ, तिनको अधिकारहरुको रक्षा गर्छ र तिनीहरुमाथि कम बलप्रयोग गर्दछ । यदि हामीले यौटा समान समाजको पूर्वकल्पित धारणाबाट शुरुवात गऱ्यौं भने हामीले उल्लेखित कुनै पनि परिणामको प्रत्याभूति दिन सक्दैनौं ।

# ८ व्यावहारिक दाबीहरूप्रति सवाल उठाउनु

त्यस कारण कति हदसम्म आफैँमा एउटा नैतिक असलपनको रुप या न्याय जस्तो मौलिक मूल्यबाट उत्पन्न हुने एउटा त्यस्तो स्वरुप भनेर समानताबारे राय बनाउन सकिन्छ भन्ने कुरा सवाल उठ्न सक्छ। र, अन्य मूल्य हासिल गर्न समानताले हामीलाई कत्तिको मद्दत गर्दछ भन्नेबारे पनि सन्देह छ।

## दि स्पिरिट लेभल भन्ने पुस्तकमा भएका त्रुटिहरू

केट पिकेट र रिचर्ड जी. विल्किन्सन (सन् २०१०) को दि स्पिरिट लेभलको शोधालेखमा भनिएअनुसार खुशीदेखि लिएर मोटोपन, मानसिक स्वास्थ्य, बाल मृत्यूदर, निकृष्ट पाठशालाहरु र हत्या दरसम्मका लगभग सबै सामाजिक समस्याहरु आय असमानतासँग गाँसिएको छ। यी समस्याहरु ईर्ष्या, अविश्वास र लालचजस्ता असमानताबाट उत्पन्न मनोवैज्ञानिक क्षतिको परिणाम हुनसक्छ भन्ने लेखकहरुको आशय छ। आफ्नो शोधालेखलाई साबित गर्नका लागि उनीहरुले विभिन्न मुलुकहरुलाई असमानताका आधारमा तिनलाई श्रेणीबद्ध गरेका छन् र लगभग प्रत्येक मामिलामा सहसम्बन्ध खोज्दै तिनलाई मूल्याङ्कन गरेका छन्। भलै सहसम्बन्ध र कारणले सिर्जना गर्ने असर दुई अलग कुरा हुन्, तैपनि असमानता वास्तवमा सामाजिक समस्याहरुको एउटा विस्तृत श्रृङ्खलाको कारण हो भन्ने कुरा लेखकद्वयका प्रमाणहरुले हजारौं पाठकहरुलाई आश्वस्त तुल्याएको छ।

यद्यपि कतिपय आलोचकहरुले किताबको शोधालेख, पद्धति र निष्कर्षहरुमा कडा आपत्ति जनाएका छन्, तर तिनमा आधारित लोकप्रिय निष्कर्षहरुको उल्लेख गरेका छैनन्। उदाहरणकालागि अधिकांश कथित सहसम्बन्धहरुलाई तिनकै माध्यमबाट बनेका 'ट्रेण्ड लाईन' (सरल रेखा, जुन चार्टमा दुई वा त्योभन्दा ज्यादा मूल्यबिन्दुसँग जोडिन्छ) लाई स्केटरग्राम (तथ्याङ्कको सेटलाई आम तौरमा दुई वटा परिवर्तनशील स्वरुप प्रदर्शन गर्नकालागि कार्टेशियाली निर्देशाङ्क (फ्रान्सका एक प्रशिद्ध दार्शनिक डेकार्टेको गणितिय सूत्र) को उपयोग गर्ने एक प्रकारको 'प्लट' वा गणितिय रेखाचित्र) का रुपमा प्रस्तुत गरिन्छ भनेर बेलायतका प्रमुख अर्थशास्त्री जोन के भन्दछन्। तर, लगभग प्रत्येक मामिलामा यति धेरै 'आउटलायर्स' (एउटा डेटाबिन्दु जुन डेटासेटकालागि सम्भाव्यताको सीमाभन्दा बाहिर छ) भएका मुलुकहरु छन् (र अक्सर, धेरै कम 'इनलायर्स' (एउटा डेटामूल्य जुन अन्य मूल्यको सामान्य वितरणभित्र छ, तर असामान्य वा त्रुटिपूर्ण छ) कि त्यहाँ ट्रेण्ड लाईनबिना डेटाहरु पूर्ण रुपमा अव्यवस्थित छताछुल्ल देखिन्छन्।

**सोचविचार गरेर तयार पारिएको तथ्याङ्क।** क्रिस्टोफर स्नोडनले दि स्पिरिट लेभल डेल्यूजन (सन् २०१०) मा गरेको तर्कअनुसार कुन देशलाई सामेल गर्ने र कुनलाई छुट्याउने भनेर छान्दा त्यसले निष्कर्षमा बडो अन्तर ल्याइदिन्छ र कथित सहसम्बन्धलाई असरहीन पार्न या उल्ट्याइदिन पनि सक्छ। दि स्पिरिट लेभलका लेखकहरुको दाबीअनुसार तिनले जे छनोट गरे त्यसको कारण गतिलो छ। उनीहरुले आफूले सङ्कलन गरिरहेका तथ्याङ्कलाई ठूला मुलुकहरुमा मात्र सीमित राख्नुपर्छ जहाँबाट प्रत्येक मामिलामा तिनले मूल्याङ्कन गरिरहेका छन्। तर, स्नोडनको तर्कअनुसार केही विधि (जस्तो कि उमेरअपेक्षा) मा कस्ता खालका मुलुकहरु समावेश गरिएका छन् भन्ने विषय पनि अत्यधिक सम्वेदनशील हुनआउँछ। र, सिङ्गापुर, दक्षिण कोरिया, हङ्कङ् र चेक गणराज्यका साथै अरु मुलुकहरुलाई पनि छिटपुट रुपमा छुटाउँदा त्यसले

न्यारेटिभलाई पूर्णता दिँदैन, सोचविचारको परिणाम पनि त्यो हुन सक्दैन ।

**जटिल कारणहरू ।** मुलुकहरुबीच स्वास्थ्य, अपराध या अन्य कुराहरु केवल असमानताका कारण मात्र उत्पन्न हुन सक्ने सम्भावना छैन भन्छन् स्नोडन । उदाहरणकालागि कमजोर स्वास्थ्यको कारण गरिबी, दयनीय आवास, कमसल शिक्षा, दिनमा अधिकतम समय शारीरिक श्रम वा खेतमा श्रम गर्नु पनि कारण हुन सक्छन् । यहाँसम्म कि कुनै मुलुकमा जनताको औसत आयू पनि कारण बन्न सक्छ । बाल मृत्यू दर असमानतासँग भन्दा विवाह गर्ने उमेरमा विविधता, औषधि र तथ्याङ्क सङ्कलनसँग उल्लेख्य रुपमा गाँसिएको हुनसक्छ । र, विकसित मुलुकहरुमा बाल मृत्यू दर अब यति दुर्लभ भइसकेको छ कि कुनै पनि खालको अन्तर प्रासङ्गिक छैन (यद्यपि सिङ्गापुर जस्तो मुलुक, जहाँको समाजमा अत्यधिक असमानता छ, तर बाल मृत्यू दर भने संसारभरिमा सबभन्दा कम ।)

अर्को एउटा अनुमानित सहसम्बन्ध मोटोपनले असमानताको साटो विभिन्न मुलुकका खानपान र जीवनशैलीको परम्परालाई प्रतिबिम्वित गर्ने सम्भावना अधिक देखिन्छ । सुर्ती/चुरोट र मदिरा खपतको फरकफरक दर ती उत्पादनमा लगाइएको करको परिमाणबाट प्रभावित हुनसक्छ । मानसिक अस्वस्थताको दरमा पनि असमानताबाट उत्पन्न कथित मनोव्यथाको अलावा कैयौं अरु कारण हुन सक्छन् । कैयौं गरिब मुलुकसँग मानसिक अस्वस्थताको तथ्याङ्क समेत छैन, अर्कोतिर सम्पन्न मुलुकका जनताहरु मनोचिकित्सकको खर्च धान्न सक्ने हुनाले स्वाभाविक रुपमा त्यहाँ अधिक रोगीहरुको पहिचान हुन्छ ।

यस्तै जटिल कारण अन्य स्थानका अन्य स्पिरिट लेभलका सहसम्बन्धमा पनि लागू हुन्छन् । लेखकहरुको तर्क के छ भने अमेरिका जस्ता अपेक्षाकृत असमान समाजमा अधिक मानिसहरु जेल चलान हुन्छन्, असमानताले अपराधलाई बढावा दिन्छ भन्ने कुरा यसबाट बुझ्न सकिन्छ । तर, यो अन्तर अपराध दरको तुलनामा सजायँसँस्कृतिका कारण भएको हो भन्ने स्नोडनको भनाई छ । किनभने केही अपेक्षाकृत समान मुलुकहरुमा हिंस्रक अपराध दर ज्यादा छ तर ती कम मानिसहरुलाई जेल पठाउने विकल्प अपनाउँछन् । जापान र स्वीडेनमा रिसाइक्लिङ्गको उच्च दरले त्यस्ता अत्यधिक समान समाजमा अधिक सामाजिक प्रतिबद्धता छ भन्ने कुरा साबित गर्न सक्दैन । खाली कुरा यत्ति हो कि ती मुलुकहरुमा रिसाइक्लिङ्ग अनिवार्य छ । सामाजिक प्रतिबद्धताको श्रेष्ठ सुचकाङ्क (इन्डेक्स) वास्तवमा अमेरिकाको विश्वव्यापी परोपकारी अनुदान हुनसक्छ ।

**असम्भव नाप ।** समानता र खुशीकाबीच कथित सहसम्बन्ध सम्भवतः सबभन्दा कठिन विषयवस्तु हो जस्को नाप निकाल्नु ज्यादै कठिन (र, लगभग असम्भव) छ । उदाहरणकालागि छिमेकी मुलुक रुससँगको सम्बन्धलाई लिएर फिनल्याण्ड चिन्तित छ, तर उसैलाई विश्वकै सर्वाधिक खुशी मुलुक भनेर मानिएको छ । तर, यो यस मुलुकको सानो आकार र एकरुपताको परिणाम हुन सक्छ, जसले सम्भवतः विश्वास र आत्मविश्वासलाई बढावा दिन्छ । या यहाँसम्म कि त्यहाँ दुई तिहाईको आबादी लुथरेलीहरुको छ, उक्त लुथरेली चर्चले आफूले पाएको हिस्सामा सन्तोष गर्न शिक्षित गर्दछ । र, यदि खुशीयालीको मापन गर्दा त्यसले के देखाउँछ भने असमान आम्दानी हुँदाहुँदै पनि गरिब मुलुकहरुका भन्दा धनी मुलुकका जनताहरु साधारणतया खुशी देखिन्छन् ।

वास्तवमा शोधकर्ता जोनाथन केली र मारिया इभान्स (सन् २०१७) ले गरेको व्यापक सर्वेक्षणमा भने असमानताले खुशीलाई कम गराउँछ भन्ने विचारलाई नकारेको छ । विकासशील देशहरुमा असमानतालाई अवसर र उर्ध्वगामी गतिशीलताको संकेतकको रुपमा हेरिन्छ भने विकसित देशमा ती दुईबीच कुनै साइनो नै भेटिँदैन ।

असमानताले ईर्ष्या र सामाजिक तनावलाई जन्म दिन्छ भन्ने प्रस्तावनामा पनि सवाल उठ्दछ । फेरि, कुनै पनि धारणालाई मापन गर्न कठिन छ । गृह युद्ध, तख्तापलट, दङ्गा र आक्रामक सोशियल मिडिया पोस्टमध्ये कुनलाई सामाजिक तनावको

सङ्केतकको रुपमा लिने भन्ने कुरामा पनि विभिन्न राय बन्न सक्छन् । र, आवश्यक छैन कि इतिहासमा युद्ध र विद्रोह केवल आन्तरिक सामाजिक तनावका कारण भएका छन्, ती थुप्रै अलगअलग कारणहरुबाट भएका छन् । निश्चित रुपमा शताब्दियौं पहिले असमानता कहीँ ज्यादा थियो, तर ईर्ष्या कम थियो । या असमानतामा अधिक स्वीकार्यता शायद एउटा सामान्य स्थिति थियो । र, जो मानिसहरु राजनीतिक अशान्ति फैल्याउँदछन्, ईर्ष्याबाहेक तिनका अनेक उद्देश्य हुन सक्छन् ।

## ध्यानलाई गलतमार्गनिर्देश

असमानता विरुद्ध सामाजिक मापनको वृहत् श्रृङ्खलालाई तुलना गर्दा तथ्याङ्कहरु अविश्वसनीय देखिएर मापनविधिमा सवाल उठेतापनि र वास्तविकता निकै जटिल हुँदा पनि 'दि स्पिरिट लेभल' ले हामीलाई अझ केन्द्रित भएर कुरा बुझ्न बाध्य तुल्याउँछ ।

विभिन्न मुलुकहरुका विविध आबादी र विभिन्न मूल्य, सँस्कृति, धर्म, जातियता, इतिहास, परम्परा, आहार, शैक्षिक मानक, कल्याणकारी राज्य र पारिवारिक संरचनाबाट तथ्याङ्कहरुको जन्म हुन्छ । नर्वे, दक्षिण कोरिया, इजरायल, स्वीट्जरल्याण्ड र ब्रुनई धनी मुलुक हुन्, तर यिनमा धेरै कम समानता छ । आय असमानताले एशियाको कम कैशोर्य जन्मदर, अमेरिकीहरुको मोटोपन र परोपकार, जापानको उच्च आत्महत्या दर या स्क्याण्डिनेभियाको विश्वासको उच्च स्तरलाई व्याख्या गर्न सक्दैन । यस कुरामा न त कुनै विश्वसनीय सबूत छ र न कुनै प्राज्ञिक सहमति छ । जसले असमानताका कैयन् अवाञ्छित परिणामहरु यसमा छन् भनेर यसलाई आरोप लगाउन सक्छ ।

# ९ कार्यस्थलमा समान ज्याला

## समान ज्यालाको विरोधाभास

कार्यस्थलमा समान तर उचित ज्याला कायम कसरी गर्ने भन्ने समस्याले समानताको विचारलाई व्यवहारमा ल्याउँदा हुने व्यापक समस्याहरुलाई छर्लङ्ग पार्दछ ।

**समान वेतनको विरोधाभास ।** आउनुहोस्, एउटा चरम स्थितिबाट शुरु गरौँ, जहाँ काम दिने मालिकहरु आफ्ना कर्मचारीहरुलाई समान ज्याला दिन बाध्य छन् । स्वास्थ्यसमस्या, पारिवारिक प्रतिबद्धता या अव्यवस्थित टाइमकिपिङ्गका कारण यदि कर्मचारीहरु अलगअलग समयमा काम गर्दछन् भने त्यस समूहलाई अरुको तुलनामा प्रति घण्टा अधिक काम गर्नुपर्ने हुन्छ । यसले कर्मचारीहरुबीच अनिवार्य रुपमा द्वन्द निम्त्याउँछ, किनभने जून प्रमुख कार्यकारी अधिकृतले स्वेच्छयाले समान ज्याला दिलाउने कोशिश गरेका छन् (जस्तो कि बेलायतको मनोचिकित्सा सँस्था स्पिलका साइमन बेण्टोन) तिनले त्यसको मूल्य चुकाउनु परेको छ । कार्यस्थलमा बेखुशी र उत्पादनमा ह्रास यसको परिणाम बन्न पुग्यो ।

शायद त्यसैले समाजवादी मुलुकहरुमा पनि समान ज्यालाको चलन छैन । र, किन अभियन्ताहरुले आमतौरमा फगत ज्यादा र न्यून कमाई भएकाहरुबीच अधिकतम अनुपात, न्यूनतम र अधिकतम मजदूरी र यस्तै खालका 'समानता' को साटो ' अधिक समानता' को मांग गर्न थालेका छन् ? तथापि यस्ता नीतिहरुबाट त्यस्तै समस्याहरु जन्मिन्छन्, भलै ती अधिक मिहिन रुपमा किन नहुन् ।

**गैर-मौद्रिक मामिलाहरू ।** साथै, समान ज्याला नीतिले विभिन्न कामहरुबीच थुप्रै असमानताहरुलाई छुट्याउन सक्दैन । कुनै रमाइला हुन्छन्, कुनै हुँदैनन्, कोही 'सहुलियत' का साथ आउँछन्, कसैको तक्दीरमा त्यो हुँदैन । कसैलाई त काम शुरु गर्नु भन्दा पहिले शीप सिक्न समय र प्रयासको निकै ठूलो प्रारम्भिक लगानी गर्नु पर्ने हुन्छ । समान ज्याला पाइने त्यस्तो नोकरी गर्न कोही किन सहमत हुन्छ जसमा ठूलै लगानी गर्नुपर्छ ? त्यस्तो नोकरी जस्लाई कसैले पनि सरासरी गएर भर्ती हुन सक्छ ।

यदि हामी 'समान ज्याला' को अर्थलाई अलि व्याख्या गर्छौं र मानिसहरुका जागिरहरुमा यी अन्तरका निम्ति पारितोषिक दिने प्रयास गर्छौं भने हामीले सम्भवतः तिनको मूल्यलाई कसरी मूल्याङ्कन गर्न सकौंला ? त्यो कुरा केवल सम्बन्धित व्यक्तिहरुको दिमागमा हुने कुरा हो । र, यदि हामी कठिन काम गर्ने मानिसहरुलाई पारितोषिक दिन चाहन्छौं भने के त्यसको मतलब यो हो कि हामी कुशल श्रमिकलाई कम भुक्तान गर्छौं किनभने कुशल श्रमिकलाई उक्त काम सजिलो लाग्दछ ।

**परिवारमा असमान सङ्ख्या ।** अर्को समस्या भनेको कर्मचारीहरुको परिवारको सदस्य सङ्ख्या हो, तिनको सङ्ख्या फरकफरक हुन सक्छ । समान ज्याला भएको खण्डमा परिवारमा एक्लै भएको कर्मचारीको अवस्था दुई सदस्यीय परिवारको भन्दा राम्रो हुन्छ, चार वा पाँच जना परिवार भएको कर्मचारीको भन्दा त धेरै राम्रो । यसैले मानिसहरुलाई समान रुपमा भुक्तान गर्दैमा त्यसले सबैजनालाई समान रुपमा समृद्ध बनाउँदैन ।

**अलग स्वभावको परिणाम ।** कर्मचारीहरुलाई समान ज्याला दिन सकिन्छ, तर तीमध्ये कसैले त्यसलाई बचत गर्न वा लगानी गर्न सक्छन् अथवा कसैले भने आफ्नो परिवारलाई पैसा दिन सक्छन् । यसमा कुनै नाइन्साफी छैन, न यसले

कसैलाई हानि नै पुऱ्याउँछ । र, वास्तवमा हामी आमतौरमा यस्तो विवेकशीलता र जिम्मेवारीलाई प्रशंसनीय मान्दछौँ । तर, यसले सिकाउने कुरा के हो भने मानिसहरुलाई समान तलब दिँदा केही परिवार र व्यक्ति अरुको तुलनामा निकै राम्रो अवस्थामा रहन्छन् ।

यस्तै कुरा तब हुन्छ जब मानिसहरुको आम्दानी समान हुन्छ, तर त्यसको उपभोग अलग हुन्छ । उदाहरणकालागि कसैको घरमा खर्चिलो स्वास्थ्य सेवा या कसैको घर मर्मत आवश्यक हुन सक्छ । कसैलाई डिजाइनर परिधानमा खर्च गर्न मन लाग्ला भने कसैले पारिवारिक वैवाहिक आयोजनमा खर्च गर्नु पर्ने हुन्छ होला । अर्कोतिर कसैले भने आफ्नो कमाई सहजै उडाउलान् जसले तिनलाई नराम्रो अवस्थामा पुऱ्याउला । कारण जे भए पनि परिणाम के हुन्छ भने समान ज्याला पाएपनि तीमध्ये प्रत्येकको हातमा अलग मात्रामा धन रहन्छ ।

## के ज्यालामा लैङ्गिक अन्तर छ ?

समान प्रकृतिको काममा पनि पुरुष र महिलालाई भुक्तान गरिने ज्यालामा 'लैङ्गिक अन्तर' छ भन्ने दाबी नियमित रुपमा गरिन्छ, जसलाई विभेद र अनुचितताको सङ्केतको रुपमा लिइने गरिन्छ । पुरुष र महिलाहरुकाबीच औसत ज्यालादरमा अन्तर रहेको आलोचकहरु इङ्गित गर्दछन्, जून कतिपय विकसित मुलुकहरुमा ४० प्रतिशतसम्म छ । र, कैयन् मुलुकहरुमा उच्च कमाई गर्नेहरुमा केही महिलाहरु छन् । प्रत्यूत्तरमा, ठूल्ठूला सँस्थानहरुले पुरुष र महिलाहरुको तलबदर प्रकाशित गरुन् र त्यसलाई बराबर गर्नेबारे सोचुन् भन्ने कतिपय मुलुकहरुका राजनीतिज्ञहरुको मांग छ ।

**साँघुरिँदै गएको अन्तर ।** यद्यपि यस कुराको सन्तोषप्रद सबूद छ कि (कमसेकम उन्नत मुलुकहरुमा) हाल कुनै महत्वपूर्ण लैङ्गिक अन्तर छैन, र यसमा आधारित नीतिहरु गलत तरिकाले स्थापित छन् । निश्चित रुपमा पहिलेका श्रमिकहरुबीच लैङ्गिक अन्तर छ, तर त्यस्तो हुनुको कारण तिनले केही दशक पहिलेदेखि काम गर्न थालेका थिए, त्यो समय विभेद र तलबमा निकै लैङ्गिक अन्तर हुन्थ्यो- त्यसैले कर्मचारीहरुको तलबमा वार्षिक वृद्धि हुँदा त्यो अन्तर रहिरह्यो । तर, अहिले को समयमा जागिर खानेहरुले समान तलब पाउने अधिक सम्भावना छ । तीसभन्दा कम उमेरकाहरुमा त्यो अन्तर काफी हदसम्म कम भएको छ (र, अमेरिका जस्ता केही मुलुकहरु प्यू रिसर्च सेन्टरको सन् २०१३ को अभिलेखअनुसार त यो लगभग पुरै हिसाबले गायब भएको छ) ।

**अन्तरको उत्पत्ति ।** तलब अन्तर अहिले पनि छ, तर यो अधिकांशतः स्याहारसुसारको अन्तर हो नकि लैङ्गिक अन्तर । किनभने नातेदारहरुको हेरचाह र सन्तानको पालनपोषणमा अक्सर महिलाहरु नै अघि सर्छन् । (उदाहरणकालागि बेलायतमा आईजेड्ए इन्स्टिच्यूट अफ लेबर इकोनोमिक्सको अनुसार लगभग दुई तिहाई महिलाहरु हेरचाह गर्ने काममा छन्, र अर्गनाइजेसन फर इकनमिक कोअपरेसन एण्ड डिभेलपमेण्ट (ओइसिडि) तथा अन्य सँस्थाहरु कतिपय मुलुकहरुमा समान प्रभूत्वको सिफारिस गर्दछन् ।) यसकारणले महिलाहरुले लचिलो वा आंशिक समयको काम रुचाउने सम्भावना ज्यादा भएको हुनसक्छ । तर, आंशिक समय र लचिला कर्मचारीहरु रोजगारदाताका निम्ति आकर्षक हुँदैनन् किनभने त्यस्ता कर्मचारीहरुको प्रबन्ध मिलाउन तिनलाई ज्यादा लागत लाग्छ र आवश्यक परेको बेला त्यस्ता कर्मचारी उपलब्ध नहुन पनि सक्छन् । परिणामतः हेरचाहको जिम्मेवारी भएका कतिपय महिलाहरु कम तलब या तल्लो श्रेणीको लचिलो जागिरै रोज्छन् जसमा जागिरदातालाई पनि समस्याहरु कम हुन जान्छ ।

महिलाहरु पुरुषकै बराबर समान तलब र समान उर्ध्वगामी प्रगतिपथमा मजाले काम गर्न सक्छन् । तर, जसले बीस र तीसकै उमेरमा सन्तानको पालनपोषणका लागि कामबाट छुट्टी लिन्छन् या कम घण्टा काम गर्छन् तिनीहरु जीवनभरिको प्रगतिमा निश्चित रुपले पछि पर्छन् । जब उनीहरु फेरि काममा फर्किन्छन् साधारणतया तिनको तलब पनि बढ्छ (किनभने तलबमा अनुभव र कार्यकाल प्रतिविम्बित हुन्छ) तर, तिनले पूर्णकालिक कर्मचारीहरुको तुलनामा मुन्तिरको स्तरबाट फेरि काम शुरु गर्नु पर्ने हुन्छ ।

**अन्य तथ्यहरू ।** र, अरु कारणहरु पनि छन् । उच्च सीमान्त करका दर र सदाशयी सामाजिक लाभले हेरचाहको जिम्मेवारी बोकेका महिलाहरुलाई लामो समयसम्म कामबाट पन्छिएर रहन अभिप्रेरित गर्न सक्छ, जसका कारण उनीहरु अझ पछि पर्नेछन् । स्वभावमा लैङ्गिक अन्तर हुनसक्छः अमेरिकामा प्यू सेन्टरको अनुसन्धानले के देखाउँछ भने महिलाहरु आफूलाई रमाइलो लाग्ने, सुरक्षा प्रदान गर्ने र घरको जिम्मेवारी पूरा गर्न समयको अनुमति पाइने काम गर्न रुचाउँछन्, उता पुरुषहरु भने पदोन्नति र प्रगतिका निम्ति कठिन मार्गमा हिँड्न अधिक चाह राख्दछन् ।

महिलाहरु तलबमा मोलमलाई गर्न पनि अघि नसर्न सक्छन् (सामुहिक मोलमलाई गरिएको ठाउँमा तलब अन्तर कम हुन्छ भन्ने तथ्यमा आधारित) । आफूभन्दा ज्यादा उमेरका पुरुषलाई वरण गर्ने सँस्कृति भएका ठाउँमा र पहिलेदेखि नै आकर्षक तलबमा काम गरिरहेको अवस्थामा थोरै तलबवृद्धिमै महिलाहरु ज्यादा राजी हुन सक्छन् । त्यसबाहेक महिलाहरुको कार्य-प्राथमिकता अलग हुन सक्छ, उनीहरु साना वा नाफा नकमाउने सँस्थाहरुमा काम गर्न रुचाउन सक्छन् वा त्यस्तो जागिर खोज्न सक्छन् जसमा ज्यादा रमाइलो होस्, जोखिम कम होस् । त्यस्ता प्रकृतिका सँस्थामा उचित तलब नहुनु स्वाभाविक कुरा हो ।

**तथ्याङ्कगत त्रुटि ।** अधूरो आँकडाहरुबाट बाटो बिराउन सकिन्छ । उदाहरणका लागि औसत तलबलाई दाँज्नु गलत हुन्छ, किनभने आम्दानीको वितरण निकै अनियमित कुरा हो । तलबको कमसेकम सीमा निर्धारण (जस्तो कि वैधानिक न्यूनतम ज्याला) भएको हुन्छ, तर मानिसहरु कसका निम्ति वा कस्तो काम गर्छन् भन्ने कुरामा तलब कति हदसम्म दिइन्छ भन्ने कुराको कुनै माथ्लो सीमा हुँदैन । र, जस्तो कि हामीले देखेका छौं, कैयन् महिलाहरु लचिलो या आंशिक समय (तर, कम तलबवाला) को जागिर रोज्दछन् । एक वा दुई पुरुष अरबपतिहरुले लैङ्गिक औसतलाई विशेष रुपमा फराकिलो बनाउन सक्छन् । तर, अधिकांश सामान्य मानिसहरुको अवस्था बुझ्नकालागि हामीले मध्यस्थलको तलबतर्फ ध्यान दिनुपर्छ, जहाँ माथि र तल कर्मचारीहरु समान सङ्ख्यामा कार्यरत छन् । त्यहाँ हामीले लैङ्गिक अन्तर निकै कम पाउनेछौं ।

**प्राकृतिक अन्तरहरू ।** यति भनिसकेपछि यस्तो लाग्छ कि अधिकांश स्थानका निम्ति या भनुँ शायद लगभग सबै स्थानमा केही अध्ययनहरुकाअनुसार अनुमानित लैङ्गिक हिसाबले तलबअन्तर विभेद वा अनौचित्यका कारण भएको होइन, त्यो त महिला र पुरुषका प्राकृतिक जीवनशैलीको रोजाईका कारण हो । निःशुल्क शिशु हेरचाह वा शिशु हेरचाहका निम्ति समय छुट्याउन सक्ने महिलाहरुका निम्ति पुनः प्रशिक्षण कार्यक्रम या अन्य उपाय जस्ता नीतिहरु ल्याएर सरकारहरुले यसलाई पुर्नसन्तुलित गर्ने कोशिश गर्न सक्छ । तर, जबसम्म काम र हेरचाहप्रति लैङ्गिक दृष्टिकोणमा सामाजिक क्रान्ति हुँदैन, यो अन्तर कायम रहनेछ ।

## के प्रमुख कार्यकारी अधिकृत सम्पत्तिवाल रहन लायक छन् ?

एफ्टीएस्ई वा डो जोन्स कम्पनीहरुका प्रमुख कार्यकारी अधिकृतहरुले आफ्ना औसत कर्मचारीहरुको वार्षिक कमाईभन्दा ज्यादा कमाएको गुनासो जनवरीको शुरुवातमा आउँछ । यसलाई घोर अनुचित भएको दावा गरिन्छ- प्रमुख कार्यकारी अधिकृतहरु अधिक घण्टा काम गर्न सक्छन्, तर अरु कर्मचारीहरुको तुलनामा त्यति धेरै पनि होइन र यस्तो अनुचिततालाई रोक्न 'अधिकतम वेतन' (एकातिर शीर्षस्थानलाई र अर्कोतिर न्यूनतम वेतनलाई प्रतिविम्बित गर्दै) वा न्यूनतम राशि दिइने कम्पनीका कर्मचारी र कार्यकारीहरुको राशिको अनुपातमा एउटा सीमा निर्धारण गर्ने प्रस्तावनाहरु पनि गुनासोसँगै आएका हुन्छन् ।

**असमान दृष्टिकोण ।** अग्रपङ्क्तिका कलाकार, अभिनेता, रेसिङ्ग कार कुदाउनेहरु या फुटबल खेलाडीहरुले निकै ठूलो राशि कमाउँछन् । तर त्यसको विपरीत धेरै कम मानिसहरुले यस कुरालाई अनुचित मान्नेछन् । उनीहरुले थुप्रै मानिसहरुको, कहिलेकाहीँ त लाखौंको जीवनमा ठूलो परिवर्तन ल्याइदिएका हुन्छन्, जसले स्वेच्छापूर्वक आनन्दलाभका निम्ति उनीहरुलाई पैसा तिरेका हुन्छन् । तर, फेरि प्रमुख कार्यकारी अधिकृतहरुले पनि कैयन् शेयरधारकहरुको निम्ति एउटा ठूलो परिवर्तन ल्याएका हुन्छन्, जसले आफ्नो निम्ति कसैले कमाइदिएको सम्पत्तिका निम्ति स्वेच्छ्याले तिनलाई पनि रकम भुक्तान गरेका हुन्छन् ।

असल प्रमुख कार्यकारी अधिकृतले कुनै कम्पनीको मूल्यलाई निकै बढाइदिन सक्छ, कमसल अधिकृतले भने कम्पनीलाई (र यसका लगानीकर्ताहरुलाई) दिवालिया बनाइदिनसक्छ । तैपनि कम्पनीका शेयरधनीहरुले उनीहरुका निम्ति र कम्पनीमा काम गर्ने प्रत्येक कर्मचारीहरुका निम्ति लायक एक सफल प्रमुख कार्यकारी अधिकृतलाई बढाइचढाइ तलब दिन भने निषेध गर्नुपर्छ भन्ने राय पनि छ ।

**मूल्य बढाउने काम ।** प्रमुख कार्यकारी अधिकृतको तलब निश्चित रुपमा ज्यादा हुन्छ र त्यसमा वृद्धि भएको छ । तर, भूमण्डलीकरणसँगै प्रमुख शेयर बजारहरुमा शीर्ष कम्पनीहरु पनि आकार, मिश्रित अवस्था र अन्तर्राष्ट्रिय उपस्थितिमा बढेका छन् । त्यस्ता विशाल र मिश्रित अवस्थाका अन्तर्राष्ट्रिय उद्यमहरुलाई प्रबन्धन गर्ने कौशल भएका व्यक्ति केही मात्र छन् जस्तो कि संसारमा शानदार प्रदर्शन गर्ने खेलव्यक्तित्वहरु पनि केही मात्र छन् । त्यस्तैगरी प्रमुख कार्यकारी अधिकृत प्रतिभाहरुबीच प्रतिस्पर्धा बढ्दो छ र यसमा कुनै आश्चर्य रहेन कि प्रमुख कार्यकारी अधिकृत र खेलसिताराहरु दुवैले पाउने रकम निकै ज्यादा छ ।

**कसले गर्छ निर्णय ?** कार्यकारीलाई दिने तलब निकै ज्यादा छ भने आलोचकहरुले तर्क गर्न सक्छन्, तर निर्णय लिने अधिकार कोसँग छ ? प्रमुख कार्यकारी अधिकृतको आगमन र बहिर्गमनले कम्पनीको शेयरको मूल्यमा कस्तो प्रभाव पर्छ भन्ने कुरा हेरेपछि मात्रै कार्यकारीको महत्व वा मूल्य आकलन गर्ने वस्तुनिष्ठ तरिका हो । र, जस्तो कि नीति विश्लेषक स्याम बाउम्यानले सन् २०१६ मा भनेका कुरा वास्तवमा निकै विचारणीय हुन सक्छ । उदाहरणका लागि सँस्थापक र प्रमुख कार्यकारी अधिकृत स्टिभ जब्सको निधनपछि एप्पलले आफ्नो मूल्यको ५ प्रतिशत (लगभग साढे सत्र बिलियन डलर) नोक्सान भयो । उता स्टिभ बामरले सन् २०१३ मा राजिनामा दिएपछि माइक्रोसफ्टको मूल्य ८ प्रतिशत (२० बिलियन डलर) बढ्यो । सोही वर्ष बरबेरीबाट एन्जिला एहरेण्ट बिदा हुँदा फर्मको मूल्य ५०० मिलियन पाउण्ड भन्दा ज्यादा घट्यो । एक्लो मान्छेले फरक पारेको यो भनेको ठूलो सङ्ख्या हो ।

कुनै एक प्रमुख कार्यकारी अधिकृतको कामको मूल्य तय गर्न कठिन छ । यो ठेक्कापट्टाको काम होइन, जसमा भुक्तानीले

कामको रफ्तारलाई दर्शाउँछ, अधिकृतको काम भनेको उसको दूरदर्शिता, उपस्थित र स्वभावमा निर्भर गर्दछ । यदि शेयरधनीहरुलाई कमाईमा कमी भएको लाग्यो भने तिनले अधिकृतलाई जागिरबाट हटाउन वा तिनको तलबमा कटौती गर्न सक्छन् । कहिलेकाहीँ तिनले त्यस्तो गरेका पनि छन् । तर, अधिकतर उनीहरु आफ्ना अधिकृतको तलब बढाइदिएर हौसला दिने कुरामा रमाउँछन् । तिनलाई गलत भनेर कसरी भन्न सकिन्छ ? तर, असमानताका आलोचकहरु भने व्यवस्थापिका शक्तिद्वारा प्रेरित रहेर यस मूल्याङ्कनसँग असहमत हुन सक्छन् ।

# १० समीकरण नीतिको मूल

## नैतिकतादेखि राजनीतिसम्म

जब संदिग्ध आँकडामार्फत नैतिक विचार राजनीतिक कार्यक्रममा बदलिन्छन्, त्यसपछि समस्याहरु उत्पन्न हुन थाल्छन् । नैतिक विचार भनेको हामीले मानिसहरुलाई कुन रुपमा हेर्न चाहन्छौँ भन्ने हो, राजनीतिक नीतिहरुलाई तिनलाई अरु नै केही बन्न बाध्य तुल्याउँछन् । ठूलो अन्तर यहीँनेर छ ।

**मिथ्या धारणाहरू ।** निष्पक्षताको हाम्रो प्राकृतिक, साँस्कृतिक र धार्मिक भावनाले कैयन् मानिसहरुलाई समानता नै एक मात्र नैतिक अवस्था हो भन्ने कुरा मान्न प्रेरित गर्दछ । र, अक्सर तिनीहरु संदिग्ध आँकडा र त्यसलाई पुष्टि गर्ने धारणाहरुमा भरोसा गर्दछन् । र, निजी दान (गरिबीलक्षित, समानतालक्षित होइन) सबैलाई समान बनाउने काममा सक्षम नभएकाले सरकारले बलजफ्ती समानता लागू गर्नु पर्छ भन्ने कल्पित धारणा छ ।

यसको पछाडि एउटा धारणा यस्तो पनि छ कि व्यक्ति आफ्नो आर्थिक अवस्थाको लागि जिम्मेवार हुँदैन, असमानता समाजद्वारा सिर्जित कुरो हो । र, गरिबहरु परिस्थितिका शिकार हुन् भने धनीहरु अयोग्य र आफ्नो दुनो सोझ्याउनेहरु हुन् । तर, यो भाष्यले कडा परिश्रम, महत्वाकांक्षा, कौशलरथी, इच्छ्याशक्ति र लचिलोपन जस्ता कारकहरुको महत्वलाई नजर अन्दाज गर्दछ, र आम्दानी र सम्पत्तिमा मानिसहरु कहाँसम्म पुग्न सक्दछन् भन्ने कुरालाई पनि ।

**पुनर्वितरणको पक्षमा ।** केही शिक्षाविद्हरुकालागि समानताको भाष्यले नैतिक सोचबाट राजनीतिक अभियानतर्फ अघि बढाउन औचित्य (वा सम्भवतः आवरण) प्रदान गर्दछ । सरकारलाई यसले मानिसहरुको इर्ष्या शान्त गर्ने तरिका र राजनीतिक हस्तक्षेपकालागि आधार प्रदान गर्दछ ।

यसैले त्यस्तो कुनै खालको अन्तरलाई समान बनाउन राजनीतिक कार्यक्रमको मागले सामूहिक भलाईलाई सक्रिय रुपले प्रोत्साहन दिँदैन । यसले मानिसहरुलाई अवैयक्तिक स्थानमा राख्छ, जस्तो कि उनीहरु केवल कुनै सामाजिक उद्देश्यपूर्तिकालागि अधिकारप्रदत्त कसैले चयन गरेर अस्तित्वमा रहेका छन् । र, यसले नैतिक विचार (हामी कसरी आफ्नो जीवन बाँच्दछौँ भनेर) लाई राजनीतिक विचारहरु (हामी कसरी अरुको सेवा गर्दछौँ भनेर) तर्फ मोडिदिन्छ । तर, नैतिकताले राजनीतिलाई बाटो देखाउनु पर्छ नकि त्यसको विपरीत ।

## समान परिणाम सम्भव छैन

**अभौतिक अन्तर ।** आर्थिक समानताको नैतिक विचारलाई राजनीतिक नीतिमा बदल्ने हतारमा हामी बिर्सिदिन्छौँ कि मानिसहरुसँग त्यस्तो अवस्था नभएको होइन, उनीहरु आफ्ना थुप्रै गैरआर्थिक आकांक्षासहित उनीहरु अवस्थाको निर्माण गर्छन् र त्यसलाई सजाउँछन् । र, असङ्ख्य तरिकाले भिन्न छन् तिनीहरु, ज्यादातर हानिरहित- या यहाँसम्म कि लाभदायी पनिः शायद जैविक विविधताको लाभझैँ हाम्रो जातिय विविधताले पनि हाम्रो समाजलाई अधिक सुरक्षित बनाउँछ ।

सामर्थ्य वा हुर्काइ जस्ता अन्य कतिपय अन्तरलाई हामी परिवर्तन गर्न सक्दैनौं । न क्षतिपूर्ति नै दिन सक्छौंः हामी जोशिलो शैशवको आर्थिक महत्व अथवा अत्यधिक लजालुपनको मूल्यलाई कसरी आँकलन गर्न सक्छौं ? हामी खुशी र उदासीलाई कसरी जोख्छौं र मानिसहरुलाई बराबर परिणाम कसरी दिन्छौं ? त्यसैले हाम्रो आफ्नै आन्तरिक लक्ष्यप्राप्तिबाट मानवीय सन्तुष्टि हासिल हुन्छ, हामीले कमाएको बाह्य वैभव (जायदाद) बाट होइन ।

हामीले यी चीजहरुलाई बराबर गर्न सक्दैनौं, किनभने हामी तिनको मूल्य तोक्न सक्दैनौं । यसैले मानिसहरुले आम्दानी र सम्पत्ति जस्ता कुरामा ध्यान केन्द्रित गर्दछन् जसलाई तिनले नाप्नजोख्न या आफू अनुकूल बनाउन सक्छन् । आंशिक प्रस्तावनामा यो श्रेष्ठ लाग्न सक्छ र निकृष्ट अवस्थामा यही कुरा अत्यधिक विकृत लाग्न सक्छ । र, यो पनि पर्याप्त छैनः हामी जायदाद र आम्दानीलाई बराबरी तुल्याउने आशा लिन सक्छौं, तर मानिसहरुलाई समान लाभ दिलाउने कुराको प्रत्याभूति दिन सक्दैनौं ।

**रकस्टार (सुप्रसिद्धि) को समस्या ।** अर्कोतिर रकस्टारको समस्या छ । यद्यपि सबैले समान अवस्थाबाट शुरुवात गरेपनि प्रशंसक (फ्यान) हरु आफूले रुचाएको रकस्टारको साङ्गीतिक कार्यक्रम हेर्न स्वेच्छयाले खर्च गर्छन् । यी दुवैको साँझ एक जना प्रशंसकको अलि गरिब र अर्को रकस्टारको भने ज्यादा समृद्ध भएर सिद्धिन्छ । हामीले प्रारम्भ गरेको समानतालाई कायम राख्न हामीलाई आम्दानीको निरन्तर पुनर्मूल्याङ्कन र पुनर्वितरणको आवश्यकता हुनेछ । तर, लेनदेन पूर्णतया स्वेच्छिक भएका कारण कसैलाई पनि हानि वा अन्याय परेको मानिएन । कुनै निकायको सामाजिक दृष्टिकोणबाहेक हामी स्वैच्छिक आदानप्रदानलाई कुन आधारमा फेर्न सक्छौं ?

यसबाहेक, हामीमध्ये जो गरिब गिटारवादक छ, उनीहरु शायदै कुनै रकस्टारको बराबरी गर्न सक्छौं । या त हाम्रो तागत या हाम्रो कमाउन सक्ने ल्याकत त्यस बराबर छ । शायद हामी सर्वश्रेष्ठ गिटार वादकहरुमध्ये एक वा दुई जनाको औंला काटिदिएर मामिला सुल्झाउन सकौंला । तर, हामीले केही अद्भूत सङ्गीत प्रस्तुतिलाई अस्वीकार गर्नुको बाहेक यो तिनका विरुद्ध हिंसा गरेको ठहरिनेछ । तर, तैपनि चाहे गिटारवादक या कमाउनेहरुकाबीच होस् केही मानिसहरुबीच जबर्जस्ती समानता ल्याउन केही मानिसहरुका विरुद्ध हिंसाको त्रास देखाउन आवश्यक हुनेछ ।

इच्छित समानता ल्याउन मानिसहरुलाई असमान व्यवहार गर्न आवश्यक हुनेछ भन्ने कुरामा पनि यसले विरोधाभास निम्त्याउँछ । यसको भाष्यअनुसार समानताको नाउँमा त्यस्तो लादिएको असमान व्यवहारले न्याय, नागरिक अधिकार, स्वतन्त्रता, परिवार, समृद्धि र गरिबी उन्मूलन जस्ता जीवनका अन्य पक्षसँग द्वन्द्व निम्त्याउँदैन । तर, यसले द्वन्द्व निम्त्याउँछ ।

## दुर्भाग्यको क्षतिपूर्ति

समान परिणाम हासिल गर्न असम्भव भएका कारण हामीले मानिसहरुलाई दुर्भाग्यका निम्ति कमसेकम क्षतिपूर्ति दिनुपर्छ भन्ने सामान्य सुझाव छ । यसको अर्थ 'क्रुर' भाग्यका निम्ति क्षतिपूर्ति हुनसक्छ, जस्तो कि एउटा लापरवाह परिवारमा जन्म लिनु, दृष्टिहीन हुनु, लुटिनु या पीडितको नियन्त्रण बाहिरका अन्य दुर्भाग्य ।

तर, यस दुर्भाग्यको बोझलाई कसरी तौलिने र कस्तो खालको क्षतिपुर्ति उचित हुन्छ भन्न मुश्किल छ । जस्तो कि भाग्यका थुप्रै अलग प्रकारका पक्ष छन् जसले सारा मानवजीवनलाई फरक तरिका र फरक तहमा फरक परिणामले प्रभावित गर्दछ ।

यस्ता तथ्यले नीतिलाई जटिल तुल्याइदिन्छ । यसलाई कसरी सुल्झाउने र कति क्षतिपूर्ति दिने, कति हदसम्म दिने र के नदिने भन्ने तय गर्ने कुरा स्पष्ट छैन ।

**क्रुर भाग्य र विकल्पमा रहेको भाग्य ।** मानिसहरुले जानेबुझेर र हिसाबकिताब गरेर खेलेको द्युतक्रीडामा कसरी पासा पल्टिन्छ भन्ने कुराले मानिसको नियन्त्रणभन्दा दूर अवस्थामा क्रुर भाग्यसँगसँगै विकल्पमा रहेको भाग्यको पनि उपस्थिति छ भन्ने कुरा स्पष्ट पार्छ ।

जसको उदाहरणहरुमा एउटा इनाम पर्ने चिट्ठा किन्नु सामेल हुनसक्छ वा त्यस्तो व्यापारमा लगानी गर्नु हुनसक्छ जुन दिवालिया हुनेवाला छ । क्रुर भाग्यमा दिइने क्षतिपूर्तिको उत्तमतामा केही सहमति देखिन्छन् (यद्यपि उदारवादी (वामपन्थी) हरुको विचारमा सम्भव भएको ठाउँमा व्यापारमा घाटा खानेहरुलाई करदाताहरुले जोगाउनुको साटो व्यापारीहरुले बीमा गर्नु जरुरी छ) । तर, विकल्पमा रहेको भाग्यलाई कसरी हेर्ने भन्ने कुरामा कुनै सहमति देखिँदैन ।

एउटा तर्क यो छ कि हामीलाई विकल्पमा रहेको भाग्यलाई क्षतिपूर्ति बिल्कुलै दिनु हुँदैन, किनभने त्यसो गर्नाले व्यक्तिगत जिम्मेवारी समाप्त हुनेछ र मानिसहरु नचाहिँदा जोखिम मोल्न प्रेरित हुनेछन् । आफ्नो नोक्सान र चोटको पूर्णरुपेण भरपाई हुनेछ भन्ने कुरा बुझेर तिनले अत्यधिक अनिश्चित व्यावसायिक उद्यम गर्न वा ताशको खेलमा आफ्नो घरबार दाउमा लगाउन सक्छन्, या लागु पदार्थको दुरुपयोग गरेर आफ्नो स्वास्थ्यलाई हानि पुऱ्याउन सक्छन् । तर, यस नीतिले कठोर र असंगत परिणाम जन्माउँछ । ताश खेल्ने जुवाडीहरुलाई मुआब्जा दिन हामी अन्कनाउन सक्छौं, तर साधारण मानवताले हामीलाई एक जना मोटरसाइकल चालकलाई मद्दत गर्न अह्राउँछ, जसलाई हेल्मेट नलगाएकै कारण टाउकोमा चोट लागेको थियो ।

या फेरि, विकल्पमा रहेको नराम्रो भाग्यबाट पीडितहरुलाई स्वैच्छिक सहायता उचित छ भनेर उदारवादीहरुले भन्न सक्छन्, तर उच्च कर तिराएर अरुलाई मद्दत गर्न मजबूर तुल्याउनु ठीक होइन ।

जीवनमा उपलब्ध अधिकांश परिणामहरु विभिन्न खालका भाग्य, परिस्थिति, निर्णय, प्रयास, प्रयोग र अन्य धेरैथोकको मिश्रण हो । यहाँसम्म कि क्रुर भाग्य र विकल्पमा रहेको भाग्यमा मात्र सीमित गर्ने हो भने यीमध्ये कुनै पनि परिणामका निमित्त कुन चाहिँ ज्यादा जिम्मेवार छ भन्ने कुरा शायदै कहिल्यै स्पष्ट होला । उदाहरणकालागि कतिपय मानिसहरु धुमपान गर्दछन्, तर फोक्सोको अर्बुद रोग केहीलाई मात्र हुन्छ । कतिपय मानिसहरुले सम्पन्न, मायालु र प्रेरक परिवारमा जन्म लिन्छन्, जहाँबाट उनीहरुले शिक्षा र व्यवसायमा उत्कृष्ट अवसर पाएका हुन्छन् । तर, त्यसमध्येबाट केही मात्र मान्छेहरु अरबपति बन्न पुग्छन् । कसैको सफलतामा लालनपालन कत्तिको सहायक थियो र तिनको कडा मिहिनेत र तिनको नियन्त्रणमा रहेको अन्य कुराहरु सहायक थियो भन्ने कुरा हामी कसरी निर्धारित गर्न सक्छौं ? वास्तवमा के तिनीहरुको परिश्रम पूर्णरुपमा तिनको आफ्नो नियन्त्रणमा छ, या मूख्य रुपमा तिनीहरुको पालनपोषण नै सफलताको परिणाम हो ? र, के सही समयमा सही ठाउँमा भएको कारण क्रुर भाग्यको कारण तिनको निर्णयले सफलता पाएको हो ? एकपल्ट फेरि पनि समीकरण नीति शुरुमा सरल देखिएतापनि वास्तवमा त्यो त्यस्तो नहुन सक्छ ।

# ११ समानताकालागि राजनीतिक दृष्टिकोण

## बराबरीबाट हिस्सेदारी

यदि पूर्ण समानता सम्भव छैन र दुर्भाग्यका निम्ति मानिसहरुलाई मुआब्जा दिनु समस्यापूर्ण कुरा हो भने हामीले कति हदसम्मको समानताको लक्ष्य राख्नुपर्छ । विकल्पहरु थुप्रै छन् तर तीमध्ये कुनैले पनि समस्याको समाधान गर्दैन, किनभने एक समान नभई प्रत्येक समाधानमा एकरुप पदानक्रमिक परिणाम भेटिन्छ ।

**सैद्धान्तिक रणनीतिहरू ।** उदाहरणकालागि एक जना शास्त्रीय उदारवादीले राजनीतिक र कानूनी समान अधिकारको निम्ति वकालत गर्दछ या मानिसहरुलाई समान रुपमा एक्लै छाडिदिन्छ । तर यसले अद्यापि व्यक्तिपरक रुपमा त्यस अधिकारको बराबरीलाई आम्दानी, सम्पत्ति या सामाजिक प्रतिष्ठा जस्ता अन्य कुराहरुको बराबरीभन्दा माथि राख्दछ । मानिसहरुलाई समान चासो र सम्मान सहज रुपमा दिनु अर्को उदारवादी विकल्प हो । तर, यसको अर्थ के हो ? र अरुलाई दिइएको भन्दा ज्यादा सम्मान र प्रतिष्ठा खोज्ने मानिसहरुसँग हामी कस्तो व्यवहार गर्दछौं ? मानिसहरुबीच अनेकन् मतभेद छन्, तर सद्गुणलाई इनाम र अपराधलाई दण्ड दिएर सबैलाई समान मामिलामा समान व्यवहार गर्नु पर्दछ भन्ने तथ्यलाई स्वीकार गर्नु तेश्रो सम्भावना हो भनिन्छ । तर, यसले पनि हामीलाई असङ्ख्य अन्य क्षतिपुर्तिरहित असमानतासँगसँगै राखिदिन्छ ।

नोबेल पुरस्कृत अर्थशास्त्री अमर्त्य सेनद्वारा प्रस्तावित चौथो रणनीति क्षमतालाई बराबर तुल्याउने प्रयास गर्नु हो ताकि प्रत्येकलाई जीवनमा जरुरी आधारभूत आवश्यकता (जस्तो कि भोजन, आवास र शिक्षा) उपलब्ध होस् । तैपनि यसको परिणाम पनि असमान हुन सक्छ । साथै हामीले तिनलाई समान तुल्यायौं कि तुल्याएनौं भनेर थाहा पाउने र 'क्षमताहरुलाई' जोख्ने स्पष्ट उपाय छैन । र, 'आधारभूत' आवश्यकता कुनलाई मान्ने भन्ने कुरामा पनि सबैको आआफ्नै धारणा हुनसक्छ । सेनको दृष्टिकोणले हामीलाई अन्य मानिसहरुसँग गरिने न्यूनतम व्यवहारमा ध्यान केन्द्रित गर्न सघाउँछ, तर यसमा बनाईएका विशेष नीतिहरु विवादास्पद हुनकालागि बाध्य छन् ।

## मानिसहरूको आवश्यकतालाई सम्बोधन

**विविध आवश्यकताहरू ।** कार्ल मार्क्सको प्रसिद्ध उक्ति 'प्रत्येकलाई उसको क्षमता मुताबिक, प्रत्येकलाई उसको जरुरत मुताबिक' भने जस्तै मानिसहरुलाई तिनको आवश्यकता अनुरुप बराबर गर्ने कोशिश गर्नु अर्को रणनीति हो । तर, जबसम्म 'जरुरत' भन्नाले जीवनको न्यूनतम आवश्यकता हुँदैन त्यस्तो आवश्यकता व्यक्तिपरक हुन जान्छ । उदाहरणका लागि कुनै मानिसको 'जरुरत' ठूलो घर वा महँगो लुगा हुन सक्छ, कसैको 'जरुरत' बदला लिनकालागि मन सल्किरहेको होला, कसैको लागू पदार्थ त कसैको दरकार सामाजिक प्रतिष्ठा होला । यस्ता कुराहरुबारे हामीलाई कसरी जानकारी हुनसक्छ ? यस्ता शङ्कास्पद (प्रश्ननीय) 'जरुरतहरु' लाई के हामीले स्थान दिनु पर्ला ?

**समान भौतिक वस्तुहरू उपलब्ध गराउनु ।** आवश्यकताहरुको दृष्टिकोणले आयलाई बराबर गराउने अशक्त कोशिश गर्नुभन्दा हामीले मानिसहरुलाई भौतिक वस्तुहरु उपलब्ध गराउनु पर्दछ, जस्तो कि समान पाठशालाहरु, समान स्वास्थ्यसेवा, आवास, राशन, यातायात आदि इत्यादि । तैपनि यस्ता 'विश्वव्यापी आधारभूत सेवाहरु' मानिसहरुले प्राप्त गर्ने लाभलाई

समान तुल्याउन सक्दैन । ती मानिसहरुलाई निःशुल्क शिक्षाको कुनै महत्व हुँदैन जसको सन्तान छैनर र तिनलाई यस्तो सेवाको कुनै अर्थ रहँदैन । रोगी मानिसहरुलाई अधिक स्वास्थ्यसेवा चाहिन्छ, एक समानको आवास परिवारसङ्ख्या धेरै भएका परिवारलाई उपयूक्त हुँदैन । शारीरिक श्रम गर्नेहरुलाई कार्यालयका कर्मचारीलाईभन्दा ज्यादा क्यालोरीयूक्त भोजनको आवश्यकता हुन्छ, र जो घरैबाट काम गर्दछन् तिनलाई कार्यालयमै गएर काम गर्ने कर्मचारीको जत्ति यातायातको सुविधा आवश्यक पर्दैन । विश्वव्यापी आधारभूत सुविधा प्रदान गर्नु उचित छ, किनभने मानिसहरुले आवश्यकताअनुसार त्यसको उपयोग गर्छन् भन्ने समानताका समर्थकहरुको तर्क छ । तर, व्यक्तिपिच्छेको अन्तरलाई नजरअन्दाज गर्नाले त्यसले विसंगतिको गुनासो निरन्तर उत्पन्न हुने सम्भावना हुन्छ ।

**(विविध) दृष्टिकोणका जोखिम ।** 'आवश्यकता' र 'विश्वव्यापी आधारभूत सेवाहरु' जस्ता रणनीतिहरुले उत्पादन र वितरणमा राज्यको विशाल नियन्त्रणको सङ्केत दिन्छ । राज्यलाई यसको आर्थिक सहायता गर्नकालागि एउटा राज्य संयन्त्र र करअसुली आवश्यक पर्नेछ, जुन अहिले विद्यमानभन्दा ज्यादा खर्चालु हुनेछ । र, राज्यले राजनीतिज्ञ र प्रशासकहरुको हातमा अत्यधिक शक्ति, कार्यस्वतन्त्रता र संरक्षण सीमा (जसलाई शायदै समानता मानिन्छ) सुम्पिदिन्छ । यसबाहेक त्यति धेरै मुलभूत विषयमा राज्यको एकाधिकार प्रावधानले नयाँ परिवतर्न , प्रगति र आर्थिक विकासलाई रोकिदिन्छ । निजी रुपमा उत्पादन गरेर निश्चित रुपमा मानिसहरुलाई राशनकार्ड मार्फत हामी सबैलाई समान पहुँच दिन सक्छौं । तर, कसले कस्तो राशन पाउँछ भन्ने कुराले अहम भूमिका खेल्दछ ।

**समाजमा योगदान ।** यी दुई दृष्टिकोणहरुकालागि एउटा अर्को समस्या यो पनि छ कि जो कामचोरहरु जानीबुझीकन काम र श्रमसँग बच्दछन्, उनीहरु पनि ती सुविधाहरुको हकदार हुनेछन् । त्यसैले अर्को एउटा सुझाव- मानिसहरुलाई समाजमा तिनको योग्यताको अनुपात अनुसार पुरस्कृत गर्नु पर्दछ । सम्भवतः बजार अर्थव्यवस्थामा यो कुरा पहिले नै सामेल छः साधारणतया मानिसहरुलाई तिनले दिने सेवा मुताबिक भुक्तानी प्राप्त हुन्छ । तर, यसले पनि हामीलाई व्यापक असमानताको दुनियाँमा पुर्‍याइदिन्छ, जस्तो कि लाखौं मानिसहरुको जीवनलाई श्रेष्ठ तुल्याउने सामाग्रीका निर्माता आइटी उद्यमी र सुविधाकालीन समयमा कुनै एउटा सानो क्याफेको परिचारकबीच असमानता । र, बजारमूल्य बिना हामीले मानिसहरुले 'समाजमा दिएको योगदान' लाई निर्धारण गर्ने कुनै तरिका छैन । भन्नुस् त, एक जना नर्स, एक जना न्यायाधीश, एक जना समूद्री गोताखोर, एक जना करअधिकृत या जीवनरक्षक दवाई आविष्कारकलाई दिइने सम्बन्धित ईनाम के हुनुपर्छ ? यस विषयमा निरन्तर विवाद भइरहनेछ । विभिन्न समूह आफूले अरुको तुलनामा ज्यादा योगदान दिएको तर्क दिइरहनेछन् । र, यस विवादलाई हल गर्ने कुनै उपाय छैन ।

## मतभेदलाई कम गर्ने क्रम

यी सबै समस्याहरुलाई हेर्दा सम्पत्ति र आम्दानीको अधिक समानतालाई अधिक हिस्सेदारीतर्फ अग्रसर गराउन सम्पत्ति र आम्दानीमध्ये कुनको अन्तर अझै स्वीकार्य छ भन्ने कुरामा बौद्धिक बहसले अनिवार्य भूमिका खेलेको हुन्छ । हाम्रो ध्येय सम्पत्ति, आम्दानी र अन्य विशिष्टतामा रहेको तीब्र अन्तरलाई समाप्त गर्ने कुरामा यहाँनेर केन्द्रित हुनुपर्नेछ ।

**दृष्टिकोणमा देखिएका समस्याहरू ।** तर, यो व्यावहारिक दृष्टिकोण मजबूत छैनः यदि असमानतालाई नराम्रो मानिन्छ भने कम गराइएको असमानता पनि राम्रो होइन । स्थिर दृष्टिकोण पनि राम्रो होइनः हाम्रो लक्ष्य असमानतालाई 'निष्पक्ष'

सीमाभित्र राख्नु हुनसक्छ, तर निष्पक्षता भनेको व्यक्तिपरक विचार हो, र कति हदसम्मको असमानता स्वीकार्य छ भन्ने कुरामा असहमति आउन सक्छ। सम्भवतः पूर्ण रुपमा समान आम्दानी वा सम्पत्तिको तुलनामा अधिक समान आम्दानी वा सम्पत्ति ज्यादा बहसको विषय हुनसक्छ। किनभने मानिसहरु अझै पनि सम्पन्न अवस्थामा भएकाहरुको ईर्ष्या गर्दछन् र आफ्नो विशेष आवश्यकता र योगदानलाई कदर गरिएन भनेर असन्तोष प्रकट गर्छन्।

यी सबै समस्याहरुलाई मध्यनजर राख्ने हो भने परिणामलाई बराबर गर्ने या कम गर्ने नभई सबै जनाका लागि उपलब्ध ती अवसरहरुलाई बराबर या सीमित गर्नेतर्फ बहस अघि बढ्न सक्छ। यसो हुँदा त्यसमा कुनै आश्चर्यको कुरा हुने छैन।

# १२ अवसरमा समानता

सबैलाई जागिर, सरकारी कार्यालय या अन्य अवसरहरुमा समान शर्तमार्फत प्रतिस्पर्धा हुनुपर्छ भन्ने धारणा नै अवसरमा समानताको धारणा हो, चाहे तिनको सम्पत्ति हुर्काई र नश्ल, धर्म, लिङ्ग वा उमेर जस्ता अन्य विशेषता जस्तोसुकै होस् । केवल प्रासंगिक विशेषताहरु जस्तो कि तिनको क्षमतामा मात्र भरोसा राख्नु पर्दछ ।

मानिसहरुलाई लोभलाग्दो जागिर र अवसरहरुसम्म पुग्नलाई रोक्नसक्ने सबभन्दा प्रमुख कारणहरुमध्ये एक निश्चित रुपमा ऊसलाई कसरी हुर्काइयो भन्नेमा भर पर्छ । स्थिर, स्नेही र प्रेरक परिवारका सन्तानहरु स्कूलमा राम्रो प्रदर्शन गर्न, कलेज जान वा आकर्षक तलब आउने जागिर खान तालिम हासिल गर्न श्रेष्ठ अवस्थामा हुन्छन् । यसैले अवसरमा समानता भनेर गरिने अधिकांश बहस हामी कसरी समान बनाउन सक्छौँ, वा यी पृष्ठभूमिका अन्तरहरुलाई कसरी कम गराउन सक्छौँ भन्नेमा घुम्दछ ।

**अझै पनि, यसमा कमीहरू छन् ।** उदाहरणकालागि फाइदा हुने जागिर र कार्यालयमा समान अवसरका निम्ति ध्यान केन्द्रित गर्ने हो भने त्यसको अर्थ हामीसँग आम्दानी र प्रतिष्ठामा असमानता छ भन्ने कुरा बुझ्नुपर्छ । समान समाजको साटो यस दृष्टिकोणले सम्पूर्ण असमानतासहित गुणात्मक समाजको धारणालाई स्वीकार गरेको देखिन्छ । र, हामी फेरि पनि मानव जीवनको मात्र यौटा सानो हिस्सालाई नजरअन्दाज गर्दैछौँ, अर्थात पालनपोषणको प्रभावलाई अलग गर्दैछौँ र बाँकी कुरालाई उपेक्षा गर्दैछौँ ।

## समान अवसरको अर्थ

**समान पालनपोषणको असम्भवता ।** असमानताको एउटा शक्तिशाली जन्मदाता र सुदृढकर्ता नै परिवार हो । पालनपोषणले मानिसहरुको भावी जीवनलाई गम्भीर रुपमा प्रभावित गर्न सक्छ भन्ने कुराले हामीलाई सोच्न बाध्य तुल्याउँछ कि यसलाई कसरी बराबर गर्न सकिन्छ ताकि हरेक व्यक्तिलाई आफू योग्य रहेको कुनै पनि पद प्राप्त गर्ने उचित अवसर मिलोस् ।

शिक्षाले विशेष रुपमा जीवनको परिणाममा ठूलो अन्तर ल्याउन सक्छ, तर श्रेष्ठतम विद्यालयसम्मको पहुँच र शैक्षिक उपलब्धि पालनपोषणमा पनि निर्भर हुन सक्छ । विद्यालयशिक्षामा समानता सुनिश्चित गर्नकालागि शिक्षामा राज्यको एकाधिकार स्थापना गर्न सक्छौं । तर, त्यस्तो समान प्रणालीभित्र पनि केही शिक्षक बाँकीको तुलनामा प्रेरक हुनसक्छन् । वास्तवमा शिक्षामा कति खर्च गरिएको छ भन्ने कुराले अधिक फरक पर्नसक्छ । यसैले यस्तो अवस्थामा पनि समानताको कुनै प्रत्याभूति छैन । पारिवारिक मूल्यमार्फत केही बालबालिकाहरुले निरन्तर लाभ हासिल गरिरहनेछन् र त्यसले विद्यालय र रोजगारीको मामिलामा असर देखिनेछ ।

शायद यी सबैलाई बराबर गर्ने एकमात्र तरिका यही हुनेछ कि शिशुहरुलाई जन्मिनासाथ राज्यको नर्सरीमा लगियोस् र मानवसम्पर्कलाई न्यूनतम गराइयोस् । यो निश्चित रुपमा विवेकशून्य र अनुचित विचार हो, यद्यपि यसले अवसरहरुलाई बराबर गर्ने मुलभूत असम्भवतालाई उदाङ्ग पारिदिन्छ ।

**श्रमिक र कर्मचारीहरू ।** र, के जागिरका उम्मेदवारहरुसँग तिनलाई रोजगार दिनेहरुको छनोटमा समान धारणा रहोस् भनेर हावी हुने अधिकार छ ? मानि लिनुहोस् (सन् १९७० को दशकको वास्तविक संसारको कानूनी मामिलाअनुसार) कसैले स्कट भान्छे चाहियो भनेर विज्ञापन गऱ्यो । शायद ऊसलाई स्कट मर्नपर्छ, वा तिनलाई मितव्ययी र इमान्दार ठान्दछ, या स्कट खाना मन पराउँछ, या स्कट लवज सुन्न रमाइलो लाग्छ, या त्यस्ता अन्य सैकडौं कारण हुन सक्छन् । तर, शायद तिनले कम रुचाउने र विश्वास गर्ने फ्रान्सेली र इटालेली आवेदकहरुलाई अस्वीकार गर्न के कानूनले तिनलाई रोक्नु पर्छ ? विवेकरहित हुँदाहुँदै पनि तिनका आफ्ना प्राथमिकताहरुले के कुनै अर्थ राख्दैनन् ?

समान अवसरको त्यस्तो कुनै कानूनी प्रत्याभूति विना रोजगारदाताहरुले केही समूह (धार्मिक वा जातिय समूह या आप्रवासीहरु) का विरुद्ध विभेद गर्न सक्छन्, जसले कामदारहरुलाई स्थायी रुपमा वञ्चित र सहुलियतरहित बनाईदिन्छ- यो चिन्ताको कुरा हो । तर, त्यस उदाहरणलाई लिएर आप्रवासीहरुले कम ज्यालामा काम गरेर यस प्रकारका पूर्वाग्रहलाई हटाउन सक्छन्, हटाएका पनि छन्- जसबाट उनीहरु आफ्नो क्षमता र विश्वसनीयता प्रदर्शन गर्न सक्छन् र जसबाट तिनीहरु विरुद्ध रहेको पूर्वाग्रह हट्न सक्छ ।

स्पष्टतः यदि काम गर्न आउने मान्छे काम गर्न सक्षम छैन भने रोजगारदातामा तिनलाई अस्वीकार गर्न सक्ने क्षमता हुनुपर्छ । अपशोचको कुरा चाहिँ के भने यसको मतलब यो हो कि अदक्ष कामदारहरु र अलिअलि मात्र पढेका, हिसाबमा सिपालु र भाषामा राम्रो ज्ञान भएका मानिसहरुलाई अक्सर जागिरका उम्मेदवारका रुपमा पन्छाइनेछः र अल्पसङ्ख्यक समूहहरुलाई काम खोज्न र निवेदन हाल्नमा झन् कठिनाई हुन सक्छ । तर, यी सबै समूह गरिब हुन्छन्, र अवसरको समानताले तिनीहरुको सम्भावनाहरुलाई अगाडि बढाउनमा निकै कम योगदान दिन सक्छ ।

**कस्ता योग्यताहरुले अर्थ राख्छन् ?** 'काम गर्न सक्ने क्षमता' को अर्थ के हो भनेर कसले निर्धारण गर्छ ? पछिल्लो आपराधिक दोषसिद्धिका कारण कनै उम्मेदवारलाई अस्वीकार गर्नु उचित होला ? या केवल ती दोषसिद्धिकालागि जुन प्रासङ्गिक प्रतीत हुन्छन् (जस्तो कि बैङ्कमा जागिरकालागि दरखास्त हाल्ने मानिसहरुको मामिलामा धोखाघडीको दोषसिद्धि) । कसैलाई जागिरबाट वञ्चित गर्न तिनको अपराध कति गम्भीर हुनुपर्छ ? र हामीले ती उम्मेदवारहरुसँग कस्तो व्यवहार गर्नु पर्ला जोसँग काम गर्ने प्राविधिक कौशल छ, तर तिनमा काम गर्न जाँगर, प्रतिबद्धता वा उत्साह कम छ ? के तिनीहरुलाई अझै पनि समान अवसर नीति मातहत सामेल गर्नुपर्छ ?

भलै कुनै उम्मेदवारलाई असक्षमता वा विभेदका कारण अस्वीकृत गरिएको कहिलेकाहीँ स्पष्ट नहोस्, यसप्रकारका निर्णय स्वाभाविक रुपमा व्यक्तिपरक हुन्छन् र शायद रोजगारदाताहरुमै छाडिदिन उपयूक्त हुन्छ ।

## के हामीले विरासतको चिन्ता लिनुपर्छ ?

अलगअलग परिवारहरुले आफ्ना सन्तानलाई कति अर्थमा अलगअलग तरिकाले हुर्काउँछन्, यद्यपि नीतिको ध्यान हेरफेर गर्न सकिने आय र सम्पत्तिमा केन्द्रित छ । तर के सम्पत्तिको विरासत महत्वपूर्ण छ ? र यदि छ भने हामी कसरी त्यसको भरपाई गर्न सक्छौं ?

**कारक तत्वको आकार ।** सम्पत्ति विरासतमा पाउनु लाभको कुरा हुनसक्छ, तर आम तौरमा विरासत व्यक्तिगत सम्पत्तिको

केवल एउटा मामूली हिस्सा हुन्छ । तैपनि विरासतले असमानता खासै नबढ्न सक्छ, किनभने यो कुरा विरासत पाउने मान्छेहरुको चर्तिकलामा निर्भर गर्दछ । जस्तो कि हामीले देखेका छौँ पारिवारिक सम्पत्ति छिटै नष्ट भएर जान्छः र जो मानिसहरुले विरासतमा पारिवारिक व्यवसाय पाएका छन्, त्यसलाई तिनले राम्रोसँग चलाउन सक्दैनन्ः र जो मानिसहरुलाई आर्थिक सम्पत्ति विरासतमा हासिल भएको छ, तिनले त्यसलाई बुद्धि नपुऱ्याइकन लगानी गर्न सक्छन् ।

कुनै पनि घटनामा अधिकांश आर्थिक सफलता विरासतबाट होइन, मानिसको आफ्नै रोजाई, प्रेरणा र प्रयोगबाट आउँछ । संसारका दुई तिहाई सर्वाधिक धनी मानिसहरुले विरासतबाट नभई आफ्नो भाग्य आफैँ चम्काएका हुन् । रामसे सल्यूसन्सले सन् २०२१ मा दश हजार करोडपतिहरुमा गरेको सर्वेक्षण अनुसार तीमध्ये पाचौँलाई विरासतमा ऐश्वर्य हासिल गरेका थिए, र जम्मा ३ प्रतिशतले एक मिलियन वा त्योभन्दा बढी पाएका थिए ।

**के भाग्य मनासिब हुँदैन ?** कुनै पनि परिस्थितिमा त्यस्ता सन्तानहरुलाई हामी किन औँला उठाउँछौँ जसलाई तिनका आमाबाउले आर्थिक र अन्य तरिकाले मद्दत गर्दछन् । तिनले कुनै नराम्रो काम गरेकै छैनन् भने तिनीहरुको सौभाग्यमा किन औँला उठाउनु ? अधिकांश जीवन भाग्यकै खेल हो- उदाहरणका लागि सही समयमा सही ठाउँमा पुग्नु, उपयोगी मित्र भेट्नु, फाइदा हुने अवसर हासिल गर्नु । र मानिसहरुलाई दुर्भाग्य पनि आइलाग्छ- उदाहरणका लागि कसैको जागिर बदलिँदो प्रविधिको शिकार बन्न सक्छ । तर, क्षतिपूर्ति नै दिनुपर्ने वा औँला उठाउनु पर्ने गरि यीमध्ये कुनै पनि अनुचित अवस्था होइनन् । यो त आइपरेका घटना मात्र हुन् ।

चिट्ठामा परेको इनाम जस्तै विरासत भनेको भाग्यको खेल हो । चिट्ठामा परेको इनाममा मानिसहरुको अधिकार छ भन्ने हामी स्वीकार गर्छौं भने कसैले विरासतमा केही पाउँछ भने त्यसलाई किन स्वीकार नगर्ने ?

इच्छापत्र लेख्नेहरुले आफ्ना उत्तराधिकारीहरुलाई जुन राशि दिन्छन्, त्यो तिनलाई निसंदेह तिनले मात्र भाग्यको रुपमा पाएका हुँदैनन् । सामान्य तौरमा जोगाएर र लगानी गरेर तिनले त्यो सम्पत्ति आर्जन गरेका हुन्छन् । यद्यपि अधिकांश विरासतहरु अतिधनीहरुको विशाल साम्राज्यबाट नभई थोर्थोरै मात्रामा सामान्य परिवारबाट आउँछ । यसले तिनका उत्तराधिकारीहरुलाई राज्यमा थोरबहुत सुरक्षा दिन्छ- अर्थात् करदातामा तिनको निर्भरतालाई कम गर्दछ ।

**नियमको प्रभुत्व हुन्छ ।** विरासतका नियमहरुले परिणामहरुमा ठूलो अन्तर ल्याउन सक्छ । उदाहरणका लागि ज्येष्ठाधिकारको बेलायती परम्पराले देशमा सम्पत्तिलाई संरक्षित बनाउन मद्दत गरेको छ । यस परम्परामा राम्रो औचित्य भेटिन सक्छः यसको विपरीत जीवित सन्तानहरुमा जमीन बाँड्ने फ्रान्सको समतावादी परम्पराले अव्यवहारिक रुपमा ससाना खेतहरुको निर्माण गर्दछ । यदि हामी परिणामलाई झन् ज्यादा समान बनाउन चाहन्छौँ भने हामी पुनर्वितरणको प्रयास गर्नुको साटो विरासतको नियममा सुधार गरेर राम्रो गर्न सक्छौँ ।

विरासतलाई कर लगाउँदा त्यसले अर्थव्यवस्थालाई नोक्सान पुऱ्याउँछ । यसले धन भएकाहरुलाई बचत र लगानी गर्नको साटो खर्च गर्नकालागि प्रोत्साहित गर्दछ, जसले गर्दा देशको उत्पादनशील पूँजी कम हुन जान्छ र यस प्रकार मुलुकमा उत्पादनशीलता र वृद्धि कम हुन्छ । र, यसले उनीहरुलाई आफूसँग भएको अचल सम्पत्तिलाई राखिराख्न प्रोत्साहित गर्दछ । र, त्यो सम्पत्ति उत्पादनशील हुन छाडेर कर तिर्न बाट उम्किन अथवा परल कर नतिर्ने हिसाबमा जान्छ ।

**अवसरको बढ्दो समानता ।** यद्यपि धन भनेको पारिवारिक पृष्ठभूमि वा श्रेष्ठ शिक्षाको भाग्यसँग सम्बद्ध भएको हुन्छ, तर यही नै पूर्णतया यसको कारण होइन । रकस्टारको आय भनेको शिक्षा या परिवारको तुलनामा प्राकृतिक प्रतिभामा अधिक

निर्भर गर्दछ । तथ्य यही छ कि प्रतिभाशाली मानिसहरु सामान्य पृष्ठभूमिबाट आएतापनि रकस्टार हुन पुग्छन्- र, वकील, चिकित्सक, प्रमुख कार्यकारी अधिकृत (सिइओ) र प्रधानमन्त्रीहरुको अवस्थाले के चित्रित गर्छ भने अवसर त पहिलेदेखि नै निकै समान छ, र अहिले शायद झन् निकै समान हुँदैछ ।

# १३ पुनर्वितरण नीतिहरू

जति सिद्धान्तमा छ त्योभन्दा कुन चाहिँ व्यावहारिक नीतिले श्रेष्ठ आर्थिक समानतालाई बढावा दिन सक्छ भन्ने कुरामा झनै कम सहमति छ। सम्भावित विकल्पहरुमा धन करको माध्यमबाट प्रगतिशील करप्रणाली, कल्याणमा वृद्धि, न्यूनतम मजदूरी, नकारात्मक आयकर र वञ्चित समूहलाई बढावा दिने सकारात्मक कारवाही सामेल छ। तर, एउटा अलग खालको रणनीति छ, जसको उल्लेख कम गरिएको छ, त्यो हो आर्थिक विकासलाई बढावा दिनु।

## प्रगतिशील करप्रणाली

प्रगतिशील करप्रणालीअनुसार उच्च आय भएका मानिसहरुलाई कम आय भएका मानिसहरुको तुलनामा आफ्नो आयको ज्यादा प्रतिशत करमा दिनुपर्छ। यसलाई सामान्य विरोधाभास मानौँ- समानताको नाउँमा असमान व्यवहार। तर, यसका समर्थक यसलाई घट्दो सीमान्त उपयोगिताको आधारमा उचित मान्दछन्। सीधा शब्दमा भन्ने हो भने जो मानिसहरुसँग कुनै चीज ज्यादा हुन्छ, तिनलाई त्यसको मूल्य र आनन्द कम लाग्छ। गरम दिनमा हातमा पानीको एउटा बोतल हुनु वरदान हुन सक्छ, दोश्रो हुनुसम्म ठीकै छ, तर साथमा पचास बोतल पानी हुनुको कुनै फाइदा छैन।

तर्क यो छ कि आयका बारे पनि यही कुरा लागु हुन्छ। कम आय हुने मानिसको लागि एक पाउण्ड या डलर वा यूरो अति महत्वपूर्ण हुन्छ। मध्यम आय हुनेकालागि महत्वपूर्ण। तर, अधिक आर्जन गर्नेहरुकालागि त्यो रकम कम चासोको विषय हो। यसैले अधिक आर्जन गर्नेहरुसँग तलबको अधिक हिस्सा लिनु उचित हुन्छ, किनभने तिनलाई नोक्सानको त्यति साह्रो महसुस हुँदैन। त्यसबाट आउने अतिरिक्त राजस्वले कम आय भएका मानिसहरुलाई सहयोग गर्न हामीलाई सक्षम बनाउँछ र यसरी यसले आयलाई झन् अधिक मजबुतीले बराबर गर्नेछ। र, यस प्रक्रियामा समुदायले हासिल गर्ने कूल उपयोगिता बढ्नेछ, किनभने पैसा तिनीहरुसँग लिइएको छ जो यसलाई कम महत्व दिन्छन् र ती मानिसहरुलाई प्रदान गरिँदैछ जो यसलाई अधिक महत्व दिन्छन्।

**आत्मचेतनाको समस्या।** यो निःसन्देह चेतना सम्बन्धी कुरा हो। कसैलाई पनि एक पाउण्ड, डलर वा यूरोबाट जुन उपयोगिता वा आनन्द मिल्छ, त्यो तिनको मनमै रहन्छ। त्यसलाई हामी नापजोख गर्न सक्दैनौँ, जति मानिसहरुको आनन्द वा पीडा, खुशी वा शोक, चिन्ता वा स्थिरतालाई तौलिन सक्छौँ। र, (यिनीहरुमध्ये कुनै पनि अन्य भावनाझैँ) हामी निश्चित रुपमा यसलाई एक व्यक्तिबाट अर्को व्यक्तिबीच बराबर गर्न सक्दैनौँ। एउटासँग रकम लिएर अर्कोलाई बाँड्दैमा त्यसले समाजले पाएको कूल मूल्यमा वृद्धि हुन्छ भन्ने कुरामा त्यसैले हामी निश्चिन्त हुन सक्दैनौँ।

व्यक्तिहरु विविध हुन्छन्, र सबैले त्यसले के खरीद गर्न सक्छ भनेर केवल आयलाई महत्व दिँदैनन्। धेरै जसो मानिसहरु आयलाई उपलब्धि, स्वीकृति, सफलता र प्रतिष्ठाको प्रतीक मान्न सक्छन्। कसैले भने आफ्ना उत्तराधिकारीहरुको निम्ति भनेर साँच्न सक्छन्। कोही पैसा जोगाउन वा व्यवसाय शुरु गर्न इच्छुक हुन सक्छन्। उता केही मानिसहरु भने परोपकारी कामका लागि आफ्नो सबैथोक दिने इच्छा राख्न सक्छन्। यसैले यी अधिक आर्जन गर्नेहरु पनि कम कमाई गर्ने मानिसहरु सरह नै नोक्सानको उत्ति नै महसूस गर्न सक्छन्।

**बहुमतको नीतिको सीमा ।** यद्यपि यदि प्रगतिशील करले समाजमा कूल मूल्य बढाउँछ भन्ने हामीले मान्यौं भने पनि के राजनीतिक बहुमतलाई वास्तवमा (अधिक आर्जन गर्नेहरुबाट लिएर) अल्पसङ्ख्यकहरुलाई यसरी पुनर्वितरण गर्ने अधिकार छ र ? यसको मतलब यो हुनेछ कि आयलाई एक निश्चित श्रोतको रुपमा मानिनेछ र यदि केही मानिसहरुसँग धन छ भने बाँकी सबैलाई पर्याप्त हुन अपुग छ भन्ने पनि मान्नु पर्ने हुन्छ । यो उचित होइनः मूल्य निश्चित हुँदैन, यो त नयाँ खोज, लगानी र उत्पादनशीलतामार्फत सिर्जित हुन्छ । कारण यही हो कि स्वतन्त्र र विकसित देशहरुको आबादी सन् १८०० को तुलनामा सय गुणा श्रेष्ठ छ । उच्च कमाई भएकाहरुको ठूलो हिस्सा त्यस्तो यसकारणले बनेका हुन् । किनभने तिनीहरुले हजारौं या लाखौं मानिसहरुलाई मूल्य प्रदान गरेका छन् र तिनको जीवनमा सुधार ल्याएका छन् । र, जस्तो कि हामीले देखेका छौं, ती आय वर्गका मानिसहरुलाई पहिले नै अत्यधिक कर लगाइ सकिएको छ ।

हामी परिणामहरुलाई त्यस प्रक्रियाबाट अलग गर्न सक्दैनौं जसबाट तिनीहरु निर्माण भएका हुन्छन् । प्रगतिशील करले अनिवार्य रुपमा उद्यमशीलता र लगानीलाई हतोत्साहित गर्दछ, र यसैकारण प्रगति र आर्थिक विकासको रफ्तारलाई त्यसले सुस्त बनाइदिन्छ । यसले हामीलाई समाजलाई अरु अधिक समानतातर्फ लगे पनि अवस्था अधिक नराम्रो तुल्याउँछ ।

## सम्पत्ति कर

एउटा अर्को सम्भावित समानता रणनीति भनेको धनी मानिसहरुको सम्पत्तिमा वार्षिक कर लगाउनु हो । उदाहरणकालागि गरिबी र अन्यायलाई समाप्त गर्न काम गर्ने विश्वव्यापी सँस्था अक्सफ्यामले सम्पत्तिमा ०.५ प्रतिशत करको प्रस्ताव गरेको छ, जुन अपेक्षाकृत रुपमा मामूली लाग्दछ । तर, कम ब्याज दरहरुको समयमा जहाँ लगानीमा वास्तविक रुपमा १ प्रतिशतभन्दा पनि कम कमाइ हुनसक्छ, उक्त प्रस्ताव लगानी फर्किंदा ५० प्रतिशत बराबर हुन जान्छ । मुद्रास्फितिको प्रकोपले लगानी फर्किने क्रमलाई कम गराइदिनेछ (असरकारक कर दरलाई यसले अझै उच्च बनाइदिनेछ) वा त्यसलाई नकारात्मक अवस्थामा पुर्‍याइदिनेछ (जुन स्थितिमा हामी घट्दो सम्पत्तिमा पनि मानिसहरुलाई कर लगाउन थाल्नेछौं) ।

यस्ता करले स्पष्ट रुपमा मानिसहरुको व्यवहारलाई बद्लिदिन्छन् । ऊनीहरु अर्थव्यवस्थाको विकासकालागि आवश्यक लगानीलाई उडाएर सहजै आफ्नो धन खर्च गर्न सक्छन् । उनीहरु आफ्नो पैसालाई विदेशमा वा कररहित तर कम उत्पादनशील मुलुकमा लगानीलाई स्थानान्तर गरेर करबाट बच्ने कोशिश गर्न सक्छन्- जसले आर्थिक विकास फेरि कमजोर हुनेछ । अथवा धनको नापजोख गर्न कठिन भएकाले ऊनीहरु झुठा जानकारी दिन सक्छन् र आफूसँग भएको सम्पत्तिको मूल्याङ्कन घटाउन सक्छन् । थोमस पिकेटीको ८० प्रतिशत वा त्यसभन्दा ज्यादा सम्पत्ति कर लगाउने सुझावको अझै ज्यादा तरङ्गित तुल्याउने प्रतिकूल परिणाम आउनेछन् ।

**सम्पत्तिको बद्लिँदो मूल्य ।** धन मापन गर्ने समस्या एउटा अर्को दृष्टिले पनि गम्भीर छ । कुनै व्यक्तिको सम्पत्ति ऊसको सम्पत्तिको बजार मूल्य हो, जसमा उसको ऋण घटाइदिइन्छ । तर, बजारको मूल्य बढ्ने र घट्ने भइरहन्छ- अक्सर निकै हदसम्म । एक जना अरबपतिको सम्पत्ति एउटा यस्तो कम्पनीबाट हासिल भएको हुन सक्छ, जुन कम्पनीले केही अति सफल उत्पादन विकसित गरेको छ । तर, कुनै पनि समयमा प्रविधिमा परिवर्तन आएर तथा फेशन वा श्रोतको उपलब्धताका आधारमा उक्त उद्यम डुब्न सक्छ र त्यसको मालिकलाई टाट पल्टाउन सक्छ । करको निर्धारण कुन दिन गरिएको थियो भन्ने कुरामा दिनुपर्ने करको राशि निर्धारण हुनुपर्छ । चरम प्रकरणको अवस्थामा यदि त्यस्तो घटना शेयर बजार खस्केको एक दिन पहिले हुँदो हो त हामी ती मानिसहरुलाई कर लगाइरहेका हुन्थ्यौं जो अब धनी छैनन् । जुन अवस्था मनमानी र अन्यायपूर्ण लाग्दछ ।

**राजस्वको सीमा ।** मानिसहरु सम्पत्ति करबाट हासिल हुने कुराबारे अधिक अनुमान लगाईरहेका हुन्छन् । फिलिप बुथ र बेन साउथवुडले (सन् २०१७ मा) हिसाब गरेअनुसार यदि तपाईंले संसारका सबभन्दा धनी मानिसहरुका सम्पूर्ण सम्पत्ति लिनुभयो र विश्वआबादीमा समान रुपले वितरण गर्नुभयो भने तपाईंले सबै व्यक्तिलाई प्रति वर्ष १ डलर ३५ सेन्ट मात्र तलबवृद्धि गर्न सक्नुहुन्छ । र, तपाई सारा प्रोत्साहनका बाटाहरु नाश गर्नुहुनेछ ।

अक्सफ्यामको कर प्रस्तावले लगभग २०० अरब डलर जुटाउन सक्छ, जुन विश्वका सरकारहरुद्वारा खर्च गरिने २२,००० अरब डलरको एउटा सानो हिस्सा हो, यसको अधिकांश हिस्सा कल्याणसेवा, निवृत्तिभरण र अन्य समान लाभमा खर्च गरिन्छ । निश्चित रुपमा, विश्वका सबभन्दा गरिबहरुकालागि उपलब्ध अवसरहरु बिस्तार गर्नकालागि निर्देशित २०० अरब डलरबाट धेरै कुरा हासिल गर्न सकिन्छ, तर सरकारहरुसँग ध्यान केन्द्रित गर्नकालागि आफ्ना घरेलु समस्याहरु (र, राजनीतिज्ञहरुका आफ्नै रुचिका परियोजनाहरु) हुन्छन्, यसैले त्यसो हुने सम्भावना निकै कम छ ।

**दूरदराजमा धन ।** समानताको भाष्यमा आम कथन के छ भने धनी मानिसहरु कम कर तिर्नुपर्ने स्थान (ट्याक्स ह्यभन्स अर्थात् करआश्रयको रुपमा बदनाम) मा आफ्नो धन जम्मा गरेर करबाट बच्दछन् । जसले गर्दा स्कलू , कल्याणकारी सेवा र अन्य राज्य सेवासुविधामा सरकारलाई धन उपलब्ध हुँदैन । तर, यस्ता धन केवल 'जम्मा' भएका हुँदैनन्- ती निष्ठावान आर्थिक केन्द्रहरुमा पुगेका हुन्छन् जसले उक्त रकमलाई अधिक उत्पादनशील क्षेत्रमा मजबुत तरिकाले निर्देशित र प्रबन्धित गराएको पाइन्छ । यसैले त्यस पूँजी सरकारहरुको करप्रणालीमा जाने तुलनामा कहीँ अधिक उत्पादनस्थलमा लगानी पुग्छ, जो रकमको अधिकांश हिस्सा चालु व्ययमा खर्च हुन्छ, जसले गर्दा देशको उत्पादन भविष्यमा लगानी गर्ने सम्भावना कम हुन्छ र यसले गर्दा आय स्तरमा मानिसहरुको अवस्था झन् खराब बनाउँछ ।

मानिसहरुले आफ्नो धन या स्वयंलाई कम कर तिर्नु पर्ने क्षेत्रमा लैजाने सम्भावनाले प्रभावी हुनका लागि हामीले धनमा करलाई विश्वव्यापी बनाउनु पर्छ भन्ने सङ्केत गर्दछ । यसो गर्न बडो मुश्किल हुनेछ । कतिपय कम कर तिर्नुपर्ने स्थानहरु कहिलेकाहीँ यस्ता द्वीप र मुलुकहरु हुन्छन् कि तिनलाई जोगाइराख्न पूँजी प्रबन्धन गर्नु सिवाय उनीहरुसँग अरु चारा हुँदैन । र, यहाँसम्म कि यदि कम कर या मन्द दवाबबाट फाइदा हुनसक्छ भनेर उनीहरुलाई लाग्छ भने ठूला राष्ट्रहरुले पनि अन्तर्राष्ट्रिय सम्झौतलाई विफल तुल्याउन सक्छन् । कर जति ज्यादा हुन्छ, त्यति नै ज्यादा मानिसहरु यसबाट बच्ने उपाय खोज्ने प्रयास गर्नेछन् । त्यसैले सम्भवतः विशेष रुपले पिकेटीले सुझाएको अनुपातमा सम्पत्ति कर बिल्कुल अव्यावहारिक र बहसअयोग्य छ ।

## न्यूनतम मजदूरी

रोजगारदाताहरुले कर्मचारीहरुलाई निश्चित प्रतिघण्टाको दरले भुक्तान गर्नबाट रोक्ने खालका कानूनहरुलाई कर नबढाइकन सबभन्दा गरिब श्रमिकहरुको आय बढाउने एउटा तरिकाको रुपमा हेरिन्छ । यसले ती श्रमिकहरुको हौसला बढाउँछ, उत्पादनशीलतामा लगानी बढाउँछ र सामाजिक लाभ प्राप्त गर्न एवं काम गर्नकालागि प्रोत्साहन बढाउँछ भन्ने तर्क पनि गरिन्छ ।

तर, न्यूनतम मजदूरीले सबभन्दा गरिबहरुलाई मद्दत पुग्दैन । सबभन्दा गरिब मानिसहरुले बिल्कुल पनि काम पाएका हुँदैनन् र (समीक्षकका भनाईमा) न्यूनतम वेतन नीतिका कारण उनीहरुलाई कामबाट बाहिरिनु परेको हो । जबसम्म

श्रमिकहरु कुनै व्यवसायमा उनीहरुलाई काम दिँदा लाग्ने सबै लागतहरु (तलब, कर, निवृत्तिभरण, समयप्रबन्ध ईत्यादि) भन्दा ज्यादा मूल्य उत्पादन गर्दैनन्, तबसम्म तिनलाई काममा कसैले लिँदैनन् । यसैले न्यूनतम तलबका कारण कममूल्य भएका जागिरहरु चरणबद्ध तरिकाले समाप्त हुँदैछन् या मानिसहरुको साटो रोबोटद्वारा काम लिईंदैछ ।

यसबाट ती मानिसहरुकालागि जागिर पाउन कठिन भईदिन्छ जसलाई हामी सबभन्दा ज्यादा मद्दत गर्न चाहन्छौँ, तर तिनीहरु नै व्यवसायकालागि कम मूल्यवान छन्, जस्तो कि अनुभवहीन युवा, अकुशल श्रमिक या भाषा राम्ररी नबुझ्ने आप्रवासीहरु । वास्तवमा युवा मानिसहरुकालागि आम तौरमा न्यूनतम मजदूरीको दर कम छ भन्ने तथ्य तिनलाई राम्रो तलब दिन नसकिएको एउटा स्वीकारोक्तिझैं लाग्दछ । यद्यपि यहाँ केही सबूदहरु छन् कि वास्तवमा सानातिना कामहरु (सिनेमाघरमा सीट देखाउने, सुपरमार्केटमा सामान प्याक गरिदिने र पेट्रोल पम्पमा इन्धन हालिदिने ईत्यादिहरु) ले केही युवाहरुलाई अगाडि बढ्ने अवसर नदेला र उनीहरु सामाजिक लाभ याने कि सरकारी वृत्तिमा निर्भर रहनुपर्ने हुन्छ ।

न्यूनतम मजदूरीका पक्षपातीहरुको तर्क छ कि यी नोकरीहरु प्राविधिक परिवर्तन जस्ता विभिन्न कारणहरुले सिद्धिन्छन् र यसको कुनै स्पष्ट प्रमाण छैन कि न्यूनतम मजदूरीले वास्तवमा रोजगारलाई प्रभावित गर्दछ । तर, यदि यो सत्य हो भनेपनि के न्यूनतम मजदूरीले वास्तवमा प्रभाव पार्नु पर्ने ठाउँसम्म पार्ला त ? कतिपय न्यूनतम तलब भएका देशहरुमा न्यूनतम तलब पाउनेहरु अधिकांश व्यक्तिहरु गरिब घरबाटै आउँछन् भन्ने छैन, तिनीहरु आमाबाहरुसँग बसेका छात्रछात्रा हुन सक्छन्, सेवानिवृत्त मानिसहरु हुन सक्छन् जो सक्रिय रहन रुचाउँछन् या अधिक कमाई गर्नेहरुका साथी होलान् जो कार्यस्थलमा सँगै काम गरेर मित्रताको आनन्द उठाउँछन् । यदि हामी साँच्चिकै गरिबलाई मद्दत गर्न चाहन्छौँ भने हामीले आर्जित ट्याक्स क्रेडिट वा ऋणात्मक आयकर प्रणालीबाट उपलब्धिमूलक काम गर्न सक्छौँ, जसले रोजगारदाताहरुलाई नोकरीअनुरुप तलबको भुक्तान गर्ने अनुमति दिन्छ, तर त्यो वास्तवमा स्वीकार्य सीमासम्म सबभन्दा गरिब मानिसहरुको तलब हुनेछ ।

## विभिन्न समूहहरूकानिम्ति अलग मानक

विभेदलाई गैरकानूनी ठहऱ्याएर मात्र होइन, विभिन्न मानकलाई लागू गरेर फाइदाजनक नियूक्तिहरुमा कम प्रतिनिधित्व भएका समूहलाई मुआब्जा दिएर हामी गरिब मानिसहरुलाई मद्दत गर्न सक्छौँ- यो एउटा अर्को तरिका हो । यसमा कोटा प्रणाली लागू हुन सक्छ, जसमा कुनै स्कूल वा व्यवसाय, विश्वविद्यालय वा सरकारी विभागमा एक निश्चित अनुपातमा विशेष लिङ्ग, जाति या धर्मका मानिसलाई जागिर दिइनु पर्छ ।

यस नीतिमा एउटा समस्या यो छ कि यसले समूहहरुमा ध्यान केन्द्रित गर्दछ, व्यक्तिमा होइन । कुनै विशेष समूहको सम्भावनालाई बढावा दिँदा त्यसका गरिब सदस्यसँगसँगै सम्पन्नहरुलाई सहयोग पुग्न जान्छ, जुन यस नीतिको मनसाय होइन । त्यसपछि कुन चाहिँ समूहलाई विशेष व्यवहार गर्नुपर्छ, यसको निर्णय कसले गर्ने हो र कुन आधारमा प्रश्न उठ्छ । वस्तुनिष्ठ उत्तर भने पाइँदैन ।

**विश्रृङ्खलित व्यवहार ।** कुनै समूहलाई अवसरहरु सोझ्याइदिँदा त्यसले समाजमा लागतको भार थोपर्छ, चाहे अवसरका निम्ति तिनीहरु जतिसुकै योग्य किन नहुन् । यदि रोजगारदाताहरु चुनिएका समूहबाट आफ्नो कोटा पुऱ्याउन बाध्य छन् र उनीहरु राम्रोसँग गुणसम्पन्न पनि छन् भनेतापनि व्यावसायिक स्तर खस्किन सक्छ । त्यसबाहेक जो मानिसहरु उक्त समूहमा छैनन्, तर जो व्यक्तिगत रुपमा उत्तिकै योग्य हुन सक्छन्, तिनीहरु समान अवसरबाट विमुख हुन पुग्छन् । र, हामी

हुनुपर्ने प्राविधिक विकल्प रोज्न छाडेर अप्रासङ्गिक मूल्यलाई अँगाल्ने जोखिम उठाउन पुग्छौं- उदाहरणकालागि यदि हाम्रो इन्जिनीयरिङ्ग परियोजनाहरुलाई सुरक्षित राख्नु छ भने हामीलाई त्यस्ता इन्जिनीयरिङ्ग प्रोफेसरहरुको आवश्यकता पर्दछ जो कुशल छन्, सामाजिय न्यायको नाममा नियूक्त गरिएकाहरुको समूह होइन ।

**चयनमा समस्या ।** एउटा अर्को समस्या के छ भने जागिर खान दरखास्त हाल्नेहरुले आबादीलाई प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन । सीमित महिलाहरु सेनामा काम गर्न दरखास्त हाल्छन्, र सीमित पुरुषहरु सामाजिक हेरचाहको काम गर्न रुचाउँछन् । रोजगारदाताहरुलाई आवश्यक पदहरु भर्नकालागि निर्दिष्ट समूहका उम्मेदवार पर्याप्त नहुन सक्ने समस्याको सामना गर्नु पर्ने हुन्छ- जसले गर्दा स्तर अझ ज्यादा खस्किन सक्छ ।

र जब यी समूहहरुबाट योग्य आवेदकहरुलाई नियूक्त गरिन्छ, तब तिनलाई यसबारेमा सन्देहको सामना गर्नु पर्ने हुन सक्छ कि के उनीहरुलाई वास्तवमा उनीहरुको क्षमताका कारण चुनिएको थियो या केवल कोटा भर्नको लागि चुनिएको थियो ।

## आर्थिक विकास

असमानताको सबभन्दा राम्रो तोड पुनर्वितरण होइन, बरु चम्किएको अर्थव्यवस्था हो भन्ने कुरा विश्व बैङ्कका तथ्याङ्कबाट थाहा हुन्छ । उत्तरी अमेरिका, यूरोप र ओशेनियाका समृद्ध औद्योगिक देशमा विश्वको औसत प्रति व्यक्ति कूल गार्हस्थ्य उत्पादनमा लगभग तीन गुणा ज्यादा छ, जुन गिनी मापनको स्तरमा सर्वाधिक समान मानिन्छ । ती दक्षिण एशिया, पूर्वी एशिया, मध्यपूर्व र उत्तर अफ्रिकाका आम तौरमा गरिब देशका तुलनामा अधिक समान छन् । र, ती उप-सहारा अफ्रिकाको तुलनामा कहीं अधिक समान छन्, जहाँ प्रति व्यक्ति कूल गार्हस्थ्य उत्पादन विश्व औसतको लगभग पाँचौं हिस्सा हो । (ल्याटिन अमेरिकामा यद्यपि विश्व औसत प्रति व्यक्ति कूल गार्हस्थ्य उत्पादनबाट लगभग २० प्रतिशत कम छ, यो अरुभन्दा निकै कम हो, तर यसबाट केही क्षेत्रीय विशिष्टताहरुका कारण हुन सक्छन् । जस्तो कि यूरोपेली र स्थानीय आबादीकाबीच ठूलो ऐतिहासिक असमानताहरु छन् ।)

एउटा समृद्ध अर्थव्यवस्थाले अधिकांश गरिबहरुको तुलनामा सबभन्दा ज्यादा गरिबहरुकालागि उपलब्ध अवसरहरुको बिस्तार गर्दछ । समृद्ध अर्थव्यवस्थामा धनी मानिसहरु ठूला खालका बिलासीनौका (सुपरयाट) किन्न सक्षम हुनसक्छन् भने गरिबले पनि स्तरीय आवास, यातायात, सञ्चार, भोजन र परिधान किन्न सक्छन् र कठिन काम कम र अधिक आरामको आनन्द लिन पाउँछन् ।

जहाँसम्म एउटा गतिशील अर्थव्यवस्थाको कुरा छ, त्यहाँ अधिक आय आर्जन गर्ने सम्भावना हुन्छ, र मानिसहरुलाई त्यसले लगानी गर्न, नयाँ उद्यम खोज्न र उत्पादन गर्न प्रोत्साहित गर्दछ । यसले पुरै समुदायलाई सस्तो, श्रेष्ठ र अधिक प्रचुर उत्पादनसम्म पहुँच पुऱ्याएर तिनलाई लाभान्वित गराउँछ । तर, यदि पुनर्वितरणले आर्थिक गतिविधिलाई अस्थिर तुल्याउँछ भने त्यसले गरिबहरुसहित समुदायलाई कमसल अवस्थामा पुऱ्याउँछ नै, र गरिबहरुको अवस्था अहिलेको भन्दा पनि नाजुक हुन सक्छ ।

आम्दानीमा समानताले आर्थिक विकासलाई कसरी प्रभावित गर्दछ र आर्थिक विकासले कसरी समानतालाई उँभो लैजान्छ भन्ने कुरा हामीले सही रुपमा मापन गर्न सक्दैनौं । निश्चित रुपमा एउटा स्वतन्त्र समाज आर्थिक रुपमा असमान हुने

सम्भावना छ । तर, स्वतन्त्र समाजहरु समृद्ध र प्रजातान्त्रिक समाज पनि हुन सक्छन् जसले सबभन्दा गरिबहरुलाई भरथेग गर्न कल्याणकारी उपाय निकाल्न सक्छन्, निकालेका छन्, र अक्सर तिनलाई गरिब समाजको आयभन्दा धेरै माथि उकासेका छन् । उदाहरणकालागि अमेरिकी आबादीको मुनिबाट पाँचौं हिस्साका औसत आयलाई काङ्ग्रेसको बजेट कार्यालयले सरकारी हस्तान्तरण लाभबाट पाइने ६८ प्रतिशत वृद्धिभन्दा पहिले पनि २२ हजार डलर प्रति वर्ष राखेको छ । यो (समाजवादी) अल्जेरियावासी प्रत्येकको औसत आयभन्दा छ गुणा ज्यादा छ भने (कम्यूनिष्ट) क्यूबाको औसत आयभन्दा पैंतीस गुणा अधिक । जस्तो कि अमेरिकी दार्शनिक ह्यारी फ्र्याङ्कफर्ट (सन् २०१५) भन्छन्- सबैलाई समान रुपले गरिब बनाउनुलाई 'के नै भन्न सकिन्छ र... । आय असमानतालाई समाप्त गर्नु हाम्रो सबभन्दा आधारभूत लक्ष्य हुन सक्दैन ।'

तर, चालु दशकहरुमा भएको उदारीकरण र व्यापारका कारण विश्व धनी हुँदैछ, र यसकारण सबैभन्दा निकृष्ट खालको गरिबी दुर्लभ हुँदै जाँदो छ । र के समानताकोबारेमा यी सबै चर्चामा हाम्रो मूख्य उद्देश्य सबभन्दा गरिब मानिसहरुलाई श्रेष्ठतर अवस्थामा पुऱ्याउनु होइन र ? फ्र्याङ्कफर्ट (सन् २०१५) भन्दछन्, "नैतिकताको दृष्टिले 'यो महत्वपूर्ण होइन कि सबैसँग एकनास हुनुपर्छ । नैतिक रुपले जे महत्वपूर्ण छ त्यो यो हो कि प्रत्येकसँग पर्याप्त हुनुपर्छ ।"

# १४ प्रजातन्त्र र समानता

सार्वजनिक नीतिहरुमा राम्रो मनसुवा भएर मात्र पुग्दैनः तिनले राम्रो परिणाम पनि दिनुपर्छ। तर, पुनर्वितरणात्मक नीतिहरुले अक्सर त्यसको विपरित काम गर्दछ। अधिकांश खर्च गरिबसम्म पुग्न पाउँदैन, राज्य सेवाहरु विविध आवश्यकताहरुलाई प्रतिविम्बित गर्दैनन्, र पुनर्वितरण कार्यक्रम जति ठूलो हुन्छ, जीवन उति नै ज्यादा राजनीतिक भइदिन्छ।

## गठबन्धनको राजनीति

जो मानिसहरु पुनर्वितरणका पक्षधर छन्, तिनलाई के विश्वास छ भने लोकतन्त्रले गरिब मानिसहरुको पक्षमा काम गर्न सक्छः धनीहरुभन्दा सङ्ख्यामा अधिक भएका कारण यदि गरिबहरुका निम्ति यसको अभ्यास गर्दै पुनर्वितरण गरेर उनीहरुसँग राजनीतिक वजन बढाउने उपाय पनि छ।

तर, यो केवल अनुमान होः परिणामलाई आफ्नो पक्षमा पार्न अन्य हितको गठबन्धनबाट आवश्यक चुनावी बहुमत जुटाउन सकिन्छ। उदाहरणकालागि अधिक कमाई गर्नेहरुले सबभन्दा गरिब मानिसहरुसँग गठबन्धन गर्न सक्छन्, कर बदली गरेर तिनको गरिबी समाप्त गर्नकालागि पर्याप्त भुक्तानी गर्न सहमत हुन सक्छन्- र यस प्रक्रियामा उनीहरु आजको प्रणालीको मुकाबलामा आफैँलाई श्रेष्ठ अवस्थामा पाउँछन्। जसले मध्यमवर्गीय हासिलकर्ताहरुले वस्तु खरीद र सेवा प्रदान जस्ता सार्वजनिक खर्च (पब्लिक स्पेण्डिङ्ग) बाट लाभ हासिल गर्दछन्।

तर, जुन गठबन्धन अन्ततः प्रबल हुन्छ, त्यो अझ कम परोपकारी हुन सक्छ। वास्तवमा यो मध्यमआय र केही राम्रो स्थिति भएका समूह हुन् जसको असर चुनावी प्रक्रियामा ज्यादा हुन्छ, यसमा अधिक गरिबको भूमिका हुँदैन। यस्ता उदाहरण अरु पनि छन्। आम्दानीको वितरण घण्टी आकारको हुन्छ। जसमा माथ्लो र तल्लो खण्डमा कमाउनेहरु सङ्ख्या कम हुन्छ र बीचमा ज्यादा। यहाँसम्म कि सबभन्दा कम तलब पाउनेहरुको आधा आबादीमा पनि यही समूहको बर्चस्व हुन्छ।

**राजनीतिमा मध्यम वर्गको बोलबाला।** र, चुनावी प्रक्रियामा मध्यम आय र हल्का सम्पन्न समूहको दबदबा छ। तिनीहरु अधिक सङ्ख्यामा छन्, अधिकांशले कर भुक्तान गर्छन्, र कुनै आश्चर्यबिना तिनलाई भुक्तानीको अधिकांश हिस्सा सार्वभौमिक राज्य लाभ (मुलुकअनुसार) जस्तो कि सेवानिवृत्त भत्ता, निःशुल्क शिक्षा, सहुलियत दरमा आवास, स्वास्थ्य सेवा र यातायातमा फिर्ता उपलब्ध हुन्छ, जुन सबै ती मध्यम वर्गीयहरुकालागि तिनका आवश्यकताअनुरुप डिजाइन गरिएको हो।

यी लाभ तथा सेवाहरु गरिबहरुलाई मद्दत गर्ने तरिकाको रुपमा जनतालाई बेच्न सकिन्छ, तर मध्यम वर्गले पनि यसबाट लाभ उठाउँछन् (र, अक्सर अधिक लाभ उठाउँछन्: उदाहरणकोलागि गरिब परिवारहरुकोभन्दा राम्रो आय भएको परिवार का सन्तानहरुले राज्यस्तरीय विश्वविद्यालयमा भर्ना हुन पाउने ज्यादा सम्भावना छ)। राज्यको लाभ र सेवालाई व्यापक बनाउनकालागि मत दिनाले मध्यम वर्ग दानीदयालु लाग्न सक्छ- तर उनीहरुको एक पाई पनि खर्च भएको हुँदैन।

यदि सरकारी बजेटलाई तिनीहरुबीच समान रुपमा बाँडिदियो भने गरिबहरुको स्थिति निकै राम्रो हुनेथियो। अहिलेसम्म अधिकांश सरकारी खर्च राम्रै गुजारा चलिरहेका किसान, विद्यार्थी, वृद्धवृद्धा, कलाकार र बुद्धिजीविजस्ता समूहमा गइरहेको छ।

साथै बजेटको एउटा महत्वपूर्ण हिस्सा यस्ता कार्यक्रमहरुलाई बढावा दिन सरोकार राख्ने समूह, त्यसमा काम गर्ने कर्मचारी र प्रशासक एवं त्यसलाई डिजाइन र कार्यान्वयन गर्ने अधिकारीहरुलाई जान्छ । यी सबै क्रियाकलापले मध्यमवर्गीहरुको कल्याणलाई आत्मघाती बनाउँछ, किनभने यी समूह (मध्यमवर्गीयमध्ये अधिकतर केही राम्रो अवस्था भएकाहरु) सँग व्यवस्थालाई संरक्षित गर्ने कुरामा एकजुट हुने रुचि देखिन्छ । गरिबहरुको निम्ति एकजुट हुन सरोकार राख्ने समूह एकदम कम छ, त्यसैले नीतिनिर्माणको काममा उनीहरुको उपस्थिति निकै कम प्रभावशाली छ ।

**गरिबीमा राजनीति ।** यिनै कारणहरुले उदार लोकतन्त्रमा कल्याणकारी राज्यको उदय र विस्तार हुँदाहुँदै पनि गरिबी रहिरह्यो । गरिबी हटाउने वा समानतालाई बढावा दिने कुनै पनि तर्कसङ्गत रणनीतिको तुलनामा त्यस समयका राजनीतिक दवाब र गठबन्धनमा परिणामहरु अधिक निर्भर गर्दछन् । राजनीतिक व्यवस्था लोकतान्त्रिक र निष्पक्ष छ भन्ने भरोसामा यो केही त्यस्तो कुरा हो जसलाई शिक्षाविद्हरु अक्सर नजरअन्दाज गरिदिन्छन् । वास्तवमा यो निकै हदसम्म सरोकार राख्ने समूहहरुद्वारा सञ्चालित हुन्छ । राजनीतिक शक्तिको वास्तविकता नियाल्ने हो भने यसले असमानतालाई कम गर्दैन । उक्त शक्तिमा मध्यम वर्गकाहरुको राजनीतिक प्रभुत्व हुन्छ । जसको अर्थ हो, राजनीतिक व्यवस्थाले पनि असमानता जन्माएको हुन्छ ।

## पुनर्वितरणको हदबन्दी

ज्यादा कमाई भएकाहरुलाई कर लगाएर कतिसम्म पुनर्वितरण गर्न सकिन्छ भन्ने अभ्यासको आफ्नै सीमा छ । अरबपतिहरुको सम्पत्तिबाट वर्षौं त होइन केही दिनसम्म सरकार चल्न सक्छ । उक्त सम्पत्ति कब्जा गर्न पनि कठिन छ । किनभने अधिकांश अरबपतिहरुको सम्पत्ति उनीहरुकै व्यवसायमा वा व्यवसायको शेयरमा लगानी भएको हुन्छ । त्यसलाई सरकारले सजिलै हडप्न सक्दैन, र यदि त्यसो गर्ने कोशिश गरियो भने ती व्यवसायहरुको मूल्य आकस्मिक रुपमा घट्नेछ ।

यसबाहेक, उच्च रुपमा बढ्दो कर दरले अधिक कमाउनेहरुलाई आफ्नो पैसा जफत हुनबाट बचाउनकालागि महँगा सल्लाहकारहरु नियूक्त गर्न प्रेरित गर्दछ । धनी मानिसहरु वास्तवमा आफूलाई र आफ्नो धनलाई पनि उच्च करबाट जोगाउन कम कर हुने ठाउँमा सार्दछन् । जति सजिलोसँग मानिसहरु बसाइँ सर्न सक्छन् या आफ्नो पैसा परदेशमा सार्न सक्छन्, तिनबाट उति नै कम कर असुल हुन सक्नेछ । यदि धनाढ्यहरु बसाइँ सरे भने त्यसले अवस्थालाई अधिक समान देखाउन सक्छ । तर, मानवीय, भौतिक र आर्थिक पूँजीको हानि देशको लागि अनर्थ हो । उदाहरणको लागि बेलायतका धनीमनीले सन् १९७० को दशकमा बसाइँ सरेको घटनालाई लिन सकिन्छ, त्यतिखेर आयकरको शीर्ष दर ८३ प्रतिशत थियो भने लगानीबाट हुने आम्दानीमा १५ प्रतिशत अधिशुल्क थियो ।

यस कुराले फेरि पनि राजनीतिक धुर्ततापूर्ण तरिका असमान व्यवहारलाई प्रोत्साहित गर्दछ । राजनीतिज्ञहरुले उच्च आम्दानी भएकाहरुलाई प्रभावशाली उच्च कर दर निर्धारण गर्न सक्छन्, तर उक्त बोझलाई विभिन्न कटौती र छुटद्वारा सहन गर्न सकिने पनि बनाउँछन् । सट्टामा, त्यस कदमको परिणामस्वरुप हुन सक्ने अनुचिततताप्रति जनआक्रोश जन्मिन्छ । केही त्रुटि वा त्रुटिरहित (समानकरको अवधारणा) नियमसँगै सबैकालागि घटाएर दर राख्दा त्यसले आनाकानी र गुनासो गर्ने एवं बहाना बनाउने कुरामा कमी ल्याएर राजस्व निकै बढ्न सक्छ ।

**जबर्जस्ती पुनर्वितरण कतिको उचित होला ?** त्यसैपनि 'धनाढ्यलाई निचोर्नु' कतिको उचित छ ? किनभने अधिकांशले

आफ्नो आय उचित रुपमा आर्जन गरेका छन्, त्यसको कर तिरेका छन्, आफ्नो पैसा लगानी गर्न चलाखीपूर्ण निर्णय लिएका छन् ।

निश्चित रुपमा त्यस्ता मानिसहरु छन्, जसले विरासतमा धन पाएका छन्, र अरु छन् जो राजनीतिज्ञहरुसँग आफ्नो साँठगाँठ मिलाएर पैसा कमाउँछन्, प्रतिस्पर्धालाई दबाउनकालागि राजनीतिक प्रणालीलाई प्रयोग गर्छन्, वा सरकारी अनुबन्धलाई आफ्नो तरिकाले सञ्चालन गर्नकालागि राजनीतिक मित्रहरुलाई मनाउँछन् । तर, यो सरकारको विस्तार हो जसले यस प्रकारको भाइ-भतिजावादका अवसरहरुलाई वृद्धि गराउँछः यदि एकाधिकार, राहतप्याकेज, सरकारी अनुदान, ऋण र ठेक्कापट्टा गर्नु परेको खण्डमा केही मानिसहरुले त्यसलाई जसरी भएपनि अघि बढाए भने त्यसमा आश्चर्यको कुनै कुरा हुँदैन । भाइभतिजावाद असमानताको एउटा अर्को उदाहरण हो जुन राजनीतिक व्यवस्थाद्वारा निर्माण भएको हो ।

**आर्थिक उद्योग ।** आर्थिक उद्योगलाई अक्सर धनाढ्यहरुलाई अत्यधिक धनाढ्य बन्ने अवसरको रुपमा चित्रित गरिन्छ, र प्रचारकहरुले केही वर्ष यता वित्त क्षेत्रको विस्तारलाई असमानतामा वृद्धिसँग जोड्न थालेका छन् । तर, आर्थिक उद्योग भनेको अत्यधिक उत्पादक खण्ड हो जसले विश्व उत्पादकतामा वृद्धि ल्याउँछ । सबै व्यवसायहरुलाई आफ्नो सञ्चालन र व्यापार गर्न लगानीकोलागि ऋण, बीमा, मुद्रा विनिमय र जोखिम कम गराउन अरु धेरै कुरा चाहिन्छ । जसै वृहत् अन्तर्राष्ट्रिय व्यापारले कैयन् कम्पनीहरुको आकारलाई विस्तार गरिदिएको छ र जहाँ त्यसको उपस्थिति छ ती स्थान र बजारहरुमा विविधता ल्याइदिएको छ । यस्ता आर्थिक सेवाहरु झन ज्यादा महत्वपूर्ण हुन पुगेका छन् । वृहत् अन्तर्राष्ट्रिय व्यापारमा सामेल हुन जोखिमको सामना गर्न कौशल, निर्णय र विवेकको आवश्यकता पर्दछ ।

सरकारहरुले प्रतिस्पर्धालाई जीवन्त राख्न यी सबलाई सुविधाजनक बनाउनु पर्दछ– यद्यपि अभ्यासमा, अनुकूल कानूनी सुविधा र 'विफल हुन नसक्ने' नीति र राहतप्याकेजले केवल वरिपरिका मानिसहरुलाई पञ्छाउन र त्यस प्रतिस्पर्धालाई कम गर्नकालागि काम गर्दछन् ।

**धनाढ्यहरुको राजनीतिक असफलता ।** 'धनाढ्य' राजनीतिक निर्णय लिने प्रक्रियाको फाइदा उठाउने र त्यसलाई आफ्नो पक्षमा पार्ने काम गर्न आफ्नो आर्थिक शक्तिको प्रयोग गर्छन् भन्ने आम अवधारणा छ । तर, अन्य कैयन् स्वार्थ (इन्ट्रेस्ट ग्रुप पछि मिलाउने) समूह र स्वार्थ समूहको गठबन्धन यसमा निकै ज्यादा सफल छन् । कमसेकम 'धनाढ्य' को स्वार्थमा जो राजनीतिक भाइभतिजावादको सट्टा सफल व्यावसायिक उद्यमको माध्यमबाट धनी बनेका छन् भने उनीहरु सरकारमा कम हाबी हुन्छन् कर पनि थोरै तिर्छन् । तर ऐतिहासिक अभिलेखले यी कुराहरु वास्तवमा कसरी चलिरहेका छन् भन्ने सङ्केत चाहिँ दिँदैन । समानताको भाष्यअनुसार 'धनी' हरुले 'सानो राज्य' (कमनवेल्थको सचिवालयअनुसार सानो राज्य अर्थात 'स्मलर स्टेट' त्यस्तो देश हो जसको आबादी १५ लाख वा त्योभन्दा कम छ । विश्व बैङ्कको सुचीमा भने त्यो भन्दा ज्यादा समान विशेषता भएका देशहरु पनि सामेल गरिएका छन्) को अवधारणालाई समर्थन गरेका रोनल्ड रिगन र मार्गरेट थ्याचरजस्ता राजनीतिज्ञहरुलाई बढावा दिएर आफ्नो लाभलाई सुरक्षित बनाए । तर, सानो राज्य कहिले पनि साकार हुन सकेन । सरकारको विस्तार, जबकि करमा वृद्धि हुँदो छ, प्रशस्त कमाई गर्नेहरुले अनुपातहीन हिस्सा चुकाइरहनु परेको छ ।

धनीहरुले फाइदा लिन्छन् किनभने उनीहरु आफ्नो आयलाई पूँजीगत लाभका रुपमा लिन सक्छन्, जसमा आमतौरमा आयको तुलनामा कम दरले कर लगाइन्छ भन्ने निश्चित रुपमा केही मानिसहरुको गुनासो छ । तर, अपेक्षाकृत कम मानिसहरुले त्यसो गर्न सक्छन्, र पूँजीगत लाभमा कम दरले कर लगाइन्छ किनभने त्यसको पछाडि गरिएको लगानी त्यस

आयबाट गरिएको छ जसमा पहिले नै कर लागिसकेको छ । यसलाई ध्यानमा राखेर पूँजीगत लाभ करको वास्तविक दर आम तौरमा आयकर दरभन्दा बडो ज्यादा छ ।

**राजनीतिक सामञ्जस्यको अभाव ।** 'धनीहरु' को कुरा गर्दा उनीहरु समान रुचि भएका सजातीय आर्थिक वर्गका रुपमा चित्रित छन् । वास्तवमा उनीहरु अलग व्यवसायहरु वा पेशा या खेल, सँस्कृति वा कलामा आफ्नो विशिष्ट प्रतिभाहरुबाट उजागर भएका अलग व्यक्ति हुन् । तिनीहरुको अलग मूल्य, उद्देश्य, प्रतिबद्धता, दायित्व र यहाँसम्म कि राजनीतिक संलग्नता समेत हुन्छ । उनीहरु मध्यमवर्गको तुलनामा एक सुसम्बद्ध राजनीतिक शक्तिको रुपले सरकारी कार्यक्रममा आफ्नो लाभलाई आकार दिन निकै कम सङ्ख्यामा सक्षम छन् । दुःखको कुरा के छ भने हामी असमानतालाई कम गर्नकालागि राजनीतिमा भरोसा गर्न सक्दैनौं, जबकि यसको लागि ज्यादाजसो राजनीति नै जिम्मेवार छ ।

## बराबरी तुल्याउनेलाई बराबर कसले बनाउँछ ?

व्यापक समानताको पैरवी गर्नेहरु यसलाई कानूनद्वारा लागू गराइनुपर्छ भनेर आम तौरमा मान्दछन्- एक्लो लोकोपकार पर्याप्त छैन । तर, फेरि स्वमर्जी उपायको विस्तार गर्न ध्यान केन्द्रित गर्नुको साटो समानता, प्रतिभा र उर्जालाई बढाउन सक्नेहरु यसलाई प्राप्त गर्नकालागि राजनीतिक अधिकारको उपयोग गर्नमा ध्यान केन्द्रित गर्दछन् । उदारवादी (लिबरलहरु) कालागि यस कुराले चिन्तित तुल्याउँछ किनभने राजनीति शक्ति वरिवरि घुम्छ र शक्ति खतरनाक चीज हुनसक्छ ।

मिश्रित आर्थिक व्यवस्थाको कुनै पनि क्रान्तिकारी प्रतिस्थापनको सट्टा तलब नियमन र सम्पत्तिकर जस्तो केही अतिरिक्त विधानसम्मत उपाय खोज्ने काम निकै मामूली लाग्न सक्छ । तैपनि ती उपायहरुलाई निर्माण गर्न र लागू गर्नकालागि शक्तिको आवश्यकता हुन्छ, र यो कुन चाहिँ, कुन स्तरमा र कसमा लागू हुन्छ भनेर निर्धारण गर्नकालागि विवेको आवश्यकता हुन्छ । यसको जिम्मा कसैले लिनु छ र ती निर्णयहरुलाई लागू गर्नु छ, यसैले मानिसहरुलाई तिनको आयको मामिलामा समान बनाउने अभियानमा हामी आफैँले तिनीहरुको राजनीतिक शक्तिको मामिलामा केही विशिष्ट मानिसहरुलाई हल्का असमान बनाइरहेका हुन्छौं ।

**यो चासोको विषय हो ।** राजनीतिक अभिजात वर्गसँग यस्तो शक्ति हुन्छ जसमा सबभन्दा धनी व्यक्तिले पनि दावा गर्न सक्दैन- जस्तो कि कानून बनाउने कुरा र त्यसको पालन नगर्ने मानिसहरुलाई जरिवाना गर्ने र तिनलाई जेल हाल्ने शक्तिको कुरा । हाम्रा राजनीतिज्ञ र प्रशासकहरुलाई कसरी छान्ने भनेर राजनीतिक निर्णय लिनु मूख्य समस्या होइन, समस्या, तिनलाई कसरी नियन्त्रित गर्ने भन्ने हो । कामकुरो निर्णय गर्नुको निकै गडबड र तर्कहीन तरिका हो राजनीतिक प्रक्रिया । र, बिना अभिप्राय केही मानिसहरुसँग पैसा लिएर अर्का मानिसहरुलाई पैसा दिने जस्तो सरल काममा पनि अधिकारीहरुको शक्तिको दुरुपयोग हुनु विशेष रुपमा सजिलो कुरा हो ।

# १५ समानतामा बाधाहरू

यदि हामी असमानतालाई कम गर्नकालागि राज्यको शक्ति प्रयोग गर्न चाहन्छौँ भने हामीले पहिले ती सँस्थानहरुमा ध्यान केन्द्रित गर्नु पर्ने हुन्छ जो समानतालाई संरक्षित गर्दछन् र ध्यान केन्द्रित गर्नुपर्छ यसका विरुद्ध आइलाग्ने बाधाहरुमा पनि, जून कहिलेकाहीँ सरकार स्वयंले सिर्जना गर्दछ ।

## कानूनी र नागरिक समानता

एउटा न्यायपूर्ण समाजको निर्माणमा पहिलो कदम कानूनको अघिल्तिर (सन्मुख) समानता हो । सबै अपराधीहरुसँग समान व्यवहार गर्नु पर्छ भन्ने यसको अर्थ होइन । (यसको मतलब यो होइन कि सबै अपराधीहरुसँग समान व्यवहार गर्नुपर्छ ।) यसको मतलब केवल यो होइन कि मानिसहरु समान कानूनाधीन छन्, किनभने कानून अन्यायपूर्ण हुन सक्छन् । बरु, यसको अर्थ समान पहुँच, न्यायिक निष्पक्षता र कानूनको उचित प्रक्रियासहित समान निष्पक्ष कानूनद्वारा समान र न्यायपूर्वक प्रबन्धित हुनु हो । केही अपवाद पनि हुन सक्छन्– उदाहरणकालागि कानूनले संदिग्धलाई गिरफ्तार गर्न बल प्रयोग गर्ने शक्ति प्रहरीलाई प्रदान गर्न सक्छ, तर त्यस्तो अपवादहरुलागि पर्याप्त, प्रासङ्गिक, तर्कसङ्गत र उचित औचित्यको आवश्यकता पर्दछ ।

यही कुरा नागरिक वा राजनीतिक समानतामा पनि लागू हुन्छ । भोट खसाल्न र कुनै पदमा उठ्न नागरिकलाई समान अधिकार छ भन्नु नै नागरिक समानता हो । तर, त्यसबाहेक, एउटा न्यायपूर्ण राजनीतिक व्यवस्थाले वाकस्वतन्त्रता र बहसमा भाग लिने अधिकारलाई मानेको हुन्छ, साथै मिडियाको राजनीतिक वर्चस्व, विपक्षी नेताहरुको झुठो गिरफ्तारी, राजनीतिक दलहरुलाई प्रतिबन्ध या उम्मेदवारलाई डर देखाउने/धम्क्याउने जस्ता रणनीतिलाई यसले प्रतिबन्ध लगाएको हुन्छ । राज्यतन्त्र र राज्यशक्ति जति ठूलो भयो यस्ता प्रतिबन्धहरुको उति नै ज्यादा आवश्यकता हुन्छ ।

## समानता र गतिशीलता

सामाजिक गतिशीलतामा ह्रास आएको तर्क दिन्छन् अधिक समानताका पैरवी गर्नेहरु । उनीहरु यसलाई असमानताको लक्षणको रुपमा हेर्दछन् र यसलाई उल्ट्याउनकालागि सरकारी कारवाहीको माँग गर्दछन् ।

**तथ्याङ्कगत समस्याहरू ।** गतिशीलता भनेको त्यस्तो क्षमता हो जसले श्रेष्ठताको आधारमा एक ठाउँबाट अर्को स्थानमा पुऱ्याउँछ– र आमतौरमा यसको मतलब यही लिइन्छ कि मानिसहरुलाई अवरोध खडा गर्ने अप्रासङ्गिक विभेदपूर्ण बाधाहरु बिना मानिसहरु कति सजिलोसगँ कम सुविधाबाट शुरु गरेर अधिक सुविधा भएको स्थितिसम्म पुग्न सक्छन् । यद्यपि, गतिशीलताको तथ्याङ्कले बिना कुनै बाधा माथ्लो स्थानमा पुग्ने क्षमतालाई नाप्दैन, त्यसले नाप्ने भनेको कतिजना माथ्लो स्तरमा पुगे र बाधा थियो वा थिएन भन्ने मात्र हो । अवसरको समानताकालागि गतिशीलतको तथ्याङ्क हाम्रो निम्ति सबभन्दा राम्रो उदाहरण हुन सक्छ, तर गतिशीलता र अवसर एउटै कुरा होइन । तथ्याङ्क ती मानिसहरुलाई

देखाउँछ जो सफल हुन्छन् किनभने उनीहरुको महत्वाकांक्षा छ, कार्यआचार र दृढ सङ्कल्प छ । तर, तिनलाई देखाउँदैन जो सफल हुन सक्थे, तर तिनमा आवश्यक प्रेरणाहरुको कमी छ । यस प्रकार उनीहरु सफलता खोजिरहेका मानिसहरुबीच गतिशीलता र व्यापकतालाई कम मूल्यको ठान्छन् ।

**गतिशीलता र असमानता ।** यति हुँदाहुँदै पनि असमानताले गतिशीलतालाई प्रभावित गर्दछ भन्ने कुरा तथ्याङ्कले देखाउँदैनन् । उन्नाइसौं शताब्दीको अन्त्य र बीसौं शताब्दीको शुरुआतमा असमानता निकै ज्यादा थियो, र तैपनि यो अत्यधिक गतिशीलताको समय थियो । जसको उदाहरण एण्ड्रयू कार्नेगी र हेनरी फोर्ड नूनबाट सुन बन्न पुगेको कहानी साक्षी छ । बरु त्यसको मूख्य कारक ज्यादा खुला प्रतिस्पर्धा र व्यापार थियो । तीव्र गतिमा बढ्दै गएको अर्थव्यवस्थाहरुमा गतिशीलता ज्यादा हुन्छ, किनभने महत्वाकांक्षी मानिसहरु अवसरलाई छोप्दछन् ।

गतिशीलता यसकारण पनि बढ्दछ, किनभने यदि रोजगारदाताहरुलाई चढ्दो आर्थिक ज्वारभाटा छोप्नु छ भने गतिशीलताको विरुद्ध पारम्परिक अडचनहरुलाई जोगाइराख्ने जोखिम उनीहरुले उठाउन सक्दैनन् । उदाहरणकोलागि हिन्दुस्तानमा सन् १९९० को दशकमा भएको सुधारपछि हैदराबादमा आईटी उद्योगको तीव्र बिस्तार भयो । जसको कारण समाजमा तल्लो जाति कहलाईनेहरु आकर्षक तलब हुने जागिरमा ओइरिए, किनभने रफ्तारका साथ बढेको उद्योगमा तिनको सामाजिक श्रेणीको तुलनामा दिमाग र क्षमताले महत्व पायो ।

तथ्याङ्कअनुसार बढ्दो असमानता हुँदाहुँदै पनि सन् १९७० को दशकपछि गतिशीलताले ओरालो लाग्नु परेको छैन । असमान भएकोमा अमेरिकाको आलोचना गरिन्छ – र, तैपनि यो अत्यधिक गतिशील छ । एउटा असमान देश कुनै प्रतिभाशाली व्यक्तिको सफलतालाई स्वीकार गर्दछ भने के यो त्यति नराम्रो कुरा हो र ?

## गतिशीलताको विरुद्ध बाधाहरु

हुन त धेरै मान्छेहरु गतिशीलतालाई सुधार गर्न आवश्यक शक्तिका रुपमा सरकारलाई हेर्दछन्, तर वास्तविकतामा राज्यसेवा, करप्रणाली, नीतिनियम र नियन्त्रण सरकारको दायित्वमा आइदिन्छ । न्यूनतम तलबको कानूनले जागिर शुरु गर्न र आम्दानीको लिस्नो चढ्न बाधा दिन्छ । व्यावसायिक चालक प्रमाणपत्रको नियमले ती व्यवसायहरुलाई बन्द गरिदिन्छन् जुन व्यवसायले महँगो तालिमलाई लामो समयसम्म वहन गर्न सक्दैनन् । तर, सार्वजनिक सुरक्षाको नाउँमा प्रचारित गरिने विनिमयले स्थापित व्यवसायहरुलाई झिँझो लगाउने नयाँ मानिसहरुलाई टाढै राख्न सक्षम बनाउन सक्छ । विधिनिर्माण योजनाले आवासको लागत बढाउन सक्छ, जस्ले युवाहरु पछि पर्न जान्छन् । गरिबहरुलाई मार पर्ने 'रिग्रेसिभ' कर, उपभोग कर र उपयोगकर्ता शुल्कहरुको सबभन्दा ज्यादा मार गरिबहरुलाई पर्दछ ।

नयाँ उद्यमलाई आकार दिन खोज्नेहरुलाई सरकारी हस्तक्षेपद्वारा रोकिएको छ । एकाधिकार विरोधी कानून सबभन्दा सफल कम्पनीहरुको विस्तारलाई र उत्पादक पूँजीको निर्माणलाई रोक्दछ । कलेजको शिक्षामा राज्यको एकाधिकारले विविध र नयाँ प्रकारको शिक्षा एवं अनुसन्धानलाई बाधा पुऱ्याउँछ । कर्मचारीतन्त्रले साना र नयाँ कम्पनीहरुका उत्पादन प्रयासलाई फाराम भर्ने र कोष्ठकमा चिनो लगाउने काम गराएर प्रगतिमा बाधा पुऱ्याउँछ ।

यसैबीच, पुनर्वितरण कर र लाभको नाउँमा केही व्यक्तिहरुबाट उत्पादक धन खोस्छन् र अन्यलाई सापेक्ष गरिबीमा

फँसाइदिन्छन् । अधिकांश गरिबी यसकारण छ, किनभने मानिसहरु काम गरिरहेका छैनन्: तर, सामाजिक लाभको डिजाइनका कारण अक्सर उनीहरुलाई काम गर्न कठिन बनाइदिने कारक बन्छ । यदि हामी आर्थिक गतिशीलतामा आइपर्ने बाधाहरुलाई टाढा पन्छाउन चाहन्छौँ भने निश्चित रुपमा 'ग्लास सिलिङ्ग' (महिला र सीमान्तकृतलाई अवसर नदिने) र अन्य भेदभावमा हामीले ध्यान दिनुपर्छ । तर, सरकारको कारवाहीबाट देखा परेका बाधाहरुलाई पनि हामीले ध्यानमा राख्नुपर्छ ।

# १६ असमानताको भूमिका

## के मानिसहरुले समानता चाहेका हुन् ?

परिणामको समानताबारे के आमजनतालाई साँच्चिकै चासो छ, र उनीहरु त्यसलाई हासिल गर्न चाहन्छन् ? सन्तुलनको कुरा गर्ने हो भने त्यस्तो लाग्दैन । जनमत सर्भेक्षणहरुमा उनीहरु नियमित रुपले समानतालाई भन्दा स्वास्थ्यसेवा, समृद्धि, सुरक्षाबल, शान्ति र सुरक्षा जस्ता अन्य कुरालाई महत्व दिन्छन् । न उनीहरु समानतालाई बढावा दिनकालागि उच्च करको पक्षमा स्वैच्छिक रुपमा अगाडि आउँदछन् ।

प्राज्ञिक वर्गको समान, एकरुप, अप्रतिस्पर्धी समाजको आदर्शलाई जनताले अपनाएका छन् भन्ने कुराको बहुत कम सङ्केत भेटिन्छ । बरु तिनीहरु विविध समाजलाई रुचाउँछन्, जहाँबाट उनीहरु उँभो लाग्ने आकांक्षा पूरा गरुन् । जुवाको ठूलो माँगले सम्भवतः यस कुराको पुष्टि गर्दछ – विश्वको लगभग हरेक देशमा राज्यले नै चिट्ठा चलाएको पाइन्छ । क्रिस्टिना स्टारमन्स, मार्क शेस्किन र पल ब्लुम (सन् २०१७) जस्ता मनोवैज्ञानिकहरुले पत्ता लगाएअनुसार मानिसहरु आयको असमान वितरण रुचाउँछन् । कडा मिहिनेत गर्नेहरु, प्रतिभासम्पन्नहरु र भाग्यशाली चिट्ठा विजेताहरुकहाँ त पैसा जान्छ भन्ने जबसम्म उनीहरुलाई लागिरहन्छ, यस्तो कुरा उचितै रहला ।

आफ्नो समाज कतिको समान वा असमान छ भन्ने पनि मानिसहरुलाई थाहा छैनः जब ओलिभर हाउसर र माइकल नर्टन (सन् २०१७) ले मानिसहरुलाई सम्भावित प्रतिनिधित्वको श्रृङ्खलाबाट आफूले सोचेको समाज छान्न लगाएका थिए- उदाहरणकालागि सिरानमा थोरै धनी मान्छे र तलतिर ठूलो सङ्ख्या, या धेरै सङ्ख्यामा धनी मान्छे र केही मात्र गरिब, या बीचमा मध्यम वर्गको ठूलो सङ्ख्या र सिरानमा थोरै धनी र मुनि थोरै गरिब । साधारणतया उनीहरुले त्यसो गर्न सकेनन्, छाने पनि त्यो पूर्णतया गलत छनाई थियो । (सामान्य तवरमा उनीहरुले समाजमा मापन गरिएको असमानतालाई कम आँकेका थिए । यस्तो अवस्थामा समानताको सोच राख्ने प्राज्ञिकहरुले आफ्नो अज्ञानतालाई स्वीकार गर्नुको विकल्प थिएन । तर, समानताका कारकहरुको ठूलो श्रृङ्खलालाई यस्ता मापनले नजरअन्दाज गर्ने वा महत्व नबुझ्ने गरेको हामीले देखेका छौं । सम्भवतः जनताहरु वास्तविक अवस्थालाई अपेक्षाकृत राम्रो ढङ्गले बुझ्दछन् । त्यसैले यसबारे उनीहरुलाई चिन्ता कम छ ।)

## समान र असमान समाजहरू

समानताका समर्थकहरु यसलाई यति स्पष्ट रुपमा लाभकारी मान्दछन् कि तिनका विचारमा जसले सवाल उठायो जवाफ दिने दायित्व पनि उसैको हो । तर, यो प्रष्ट छैन । वास्तविक विश्वका सबै समाजमा धन, आय, शक्ति र सामाजिक स्थितिको पदानुक्रमसँगै असमानताहरु हुन्छन् । जसमा मानिसहरुसँग अलगअलग व्यवहार गरिन्छ । समाजवादी समाजमा समेत मन पराएको कलाकारको नाउँमा उत्तराधिकार, छात्रवृत्ति, सम्मान, पुरस्कार र यहाँसम्म कि आलिशान घर पनि हुन्छ । एउटा असामान्य कुरा, यदि यो कुरा अस्तित्वमा हुन्थ्यो (वा पहिलो क्रान्तिकारी कदमपछि पनि रहिरहेकै भए) भने एउटा समान समाज हुन्थ्यो । सवाल उठायो कि जवाफ दिनुपर्ने दायित्व स्पष्ट रुपमा तिनैमाथि छ, जसले यस्ता नयाँ खोजको वकालत गर्दछन् ।)

**असमानता कतिसम्म चलिरहन सक्छ ?** समाजहरु किन विभिन्न कोणबाट असमान हुन सक्छन् र रहिरहन्छन् भन्ने कुराका राम्रा कारणहरु हुन सक्छन् र वास्तवमा समानतामा पहिलो प्रयोग हुनेबित्तिकै त्यो असमानतामा फिर्ता आइहाल्छ । असमानता र विभेदले समाजमा केही आधारभूत कुरालाई प्रतिविम्बित गरेझैँ लाग्दछ । असमान समाज नै चल्छः त्यो समाज सहस्राब्दिदेखि थियो, अहिले पनि छ र विश्वको हर कुनामा पाईन्छ । यो सोभियत सङ्घ, या माओको चीन, या पोल पोटको कम्पूचिया वा एशिया, अफ्रिका र ल्याटिन अमेरिकास्थित अनगिन्ति अन्य समाजवादी राज्यहरुमा गरिएको अल्पकालिक समानताको प्रयोगको तुलनामा असमान समाजको अधिक ठोस अभिलेख छ ।

किन ज्यूँदो छ असमान समाज ? सवाल यही हो । यस्तो हुन सक्छ कि असमानताले मानिसहरुलाई प्रशिक्षित हुन, कौशल हासिल गर्न र आफ्नो उत्पादकत्वमा सुधार ल्याउन प्रेरित गर्दछ, वा उद्यमशीलतामा पुरस्कारको सम्भावनाले मानिसहरुलाई जोखिम मोल्न र उद्यममा नयाँ खोज गर्न प्रोत्साहन दिन्छ । यी सबै कुराले प्रगति र समृद्धिलाई वृद्धि गर्दछ । या शायद केही बढ्तै गहिरो कुरा छ असमानतामाः जस्तो कि एडमण्ड बर्कले नियम, सँस्कार र मर्यादाक्रममा एउटा 'प्राज्ञिक ज्ञान' छ, जुन शताब्दियौँ अघि बने र अहिलेसम्म पनि ती कायम छन् ।

## पैसा र प्रतिष्ठा

धनको आफैँमा एउटा उपयोगी सामाजिक भूमिका हनु सक्छ, न कि फगत उत्पादक पूँजीको निर्माणका निम्ति एउटा साधनको रुपमा । उदाहरणकालागि एफ. ए. हायक (सन् १९७६) को भनाईअनुसार कला, शिक्षा र अनुसन्धानकालागि प्रायोजन गर्ने र नयाँ आइडियालाई प्रबर्द्धन गर्ने जस्ता भौतिक रुपमा लगानी फिर्ता नहुने कुनै सम्भावना नहुँदा पनि धनी मानिसहरु आफ्नो विश्वासलाई अघि सार्न सक्दछन् । धनीले ती दमनकारी सरकारको विरुद्ध हुने अभियानहरुलाई पनि समर्थन गर्न सक्छन् जुन सरकारले जनतालाई अन्यायपूर्ण कानूनले धम्क्याउँछन् ।

उद्योगका अग्रदूत (पायोनिएर) का रुपमा धनीहरुको पनि सामाजिक भूमिका हुन्छ । आमतौरमा जब कुनै बिल्कूल नयाँ (इन्नो भेटिभ) सामान पहिलोपल्ट बजारमा आउँछ, धनीहरुले मात्र त्यसलाई किन्न सक्छन् । उनीहरु आफ्नो धनप्रदर्शन गर्न पनि त्यस्ता उत्पादन किन्न सक्छन् । तर, बडो छिटो सबैलाई फाइदा हुन्छ– किनभने यी उद्योगका अग्रदूतले सामानमा के सही छ र के त्रुटि छ भन्ने तुरुन्तै पत्ता लगाउँछन् र ती जसले महँगो मूल्य चुकाएका हुन्छन्, निर्मातालाई सामान कसरी श्रेष्ठ बनाउने र व्यापक बजारको लागि यसलाई अझ सस्तो र अधिक सङ्ख्यामा निर्माण गर्न सक्षम बनाउँदछन् । यदि आज लाखौं मानिसहरु स्मार्ट फोन, वाइडस्क्रीन टेलिभिजन, रेफ्रिजेरेटर वा हवाई यात्राको खर्च धान्न सक्छन् भने त्यो त्यस्तो यसकारण भएको होकि केही वर्ष पहिले केही धनी व्यक्तिहरुले यस उत्पादनलाई आजमाए र त्यसलाई आफ्नो अधीनमा राख्न लायक ठाने ।

**पदानुक्रम (मर्यादाक्रम) को भूमिका ।** सामाजिक प्रतिष्ठाको पनि एउटा मूल्यवान सामाजिक भूमिका हुनसक्छ । परिवारबाट शुरु हुने मर्यादाक्रमले असमानता दर्शाउँछ, तर ती हाम्रो सामाजिक बन्धनहरुलाई सुरक्षित राख्नमा मद्दत गर्दछन् । हामीले कसलाई गम्भीरतासँग लिनु पर्छ भन्ने कुराको उपयोगी सङ्केत हुन सक्छ कुनै सम्मानित पेशाको वरिष्ठता, सम्मान र सदस्यता । फरकफरक दाबीहरुले भरिएको अरबौं मानिसहरुको यस विश्वमा यस विशिष्टताले हाम्रो चिन्ता र विश्लेषणको सीमित शक्तितर्फ केन्द्रित गर्न मद्दत गर्दछ ।

'डिभाइडिङ्ग दि पाई' (रोटीको विभाजन) भन्ने विम्बले हामीलाई स्वाभाविक रुपमा यो कल्पना गराउँछ कि समान हिस्सेदारी नै एकमात्र उचित समाधान हो । तर, यस भ्रामक विम्बमा पनि अन्य भागबण्डाका तरिका पनि पूर्णतया तर्कसङ्गत हुन सक्छन् । जस्तो कि कसलाई धेरै पाई चाहिएको छ, वा कसलाई सबभन्दा ज्यादा क्यालोरीको आवश्यकता छ ? समान शेयरको धारणाअनुसार सामाजिक र आर्थिक जीवन एउटा जानीबुझी गरिएको सामूहिक उपक्रम हो । यद्यपि वास्तवमा यसको औचित्य तब देखिन्छ जब हामी एकातिर ज्यूँदछौँ र अरुसँग भलाकुसारी गर्दछौँ । र यदि मानिसहरु समाजका अन्य सदस्यहरुकालागि अलग मात्रामा अलगअलग मूल्यको योगदान गर्दछन्, र तिनको फरक जरुरत र आकांक्षा हुन्छ भने श्रेष्ठता, आवश्यकता र इच्छा समानताभन्दा ज्यादा तर्कसङ्गत र क्रियाशील मानक किन हुनुपर्दैन ?

## ग्रोइङ्ग द पाई (अर्थतन्त्रमा सुधार)

ग्रोइङ्ग पाईको विम्बले त्यस चीजलाई नजरअन्दाज गरिदिन्छ जुन धन श्रृजना गर्ने प्रक्रियाबारे महत्वपूर्ण छ- कि यो गतिशील छ । हामीमध्ये प्रत्येकको लक्ष्य आफ्नो धन बढाउनु हो, अरुबाट लिनु होइन । अरुबाट हत्याउने काम केवल अपराधीले मात्र गर्छन् । र एउटा खुल्ला, प्रतिस्पर्धी अर्थव्यवस्थामा आफ्नो सम्पत्ति बढाउने एक मात्र तरिका अरुलाई ती वस्तु वा सेवा प्रदान गर्नु हो (उनीहरुको सम्पत्ति पनि वृद्धि गरिदिनु हो), जसलाई तिनले महत्व दिन्छन् । विभिन्न मानिससँग बढ्दो सम्पत्तिको 'एक्स्प्याण्डिङ् पाई' (विस्तारित हिस्सा) को अलग मात्रा भएतापनि अन्त्यमा गएर साह्रै गरिबलगायत सबैसँग अधिक बचत हुन्छ । र, जोसँग अधिक छ, तिनले अत्यन्त गरिबहरुलाई कल्याणकारी प्रावधान, सार्वजनिक सेवा र दान दिएर सहायता गर्न सक्छन् ।

**गरिबी अन्त्य गर्नकालागि उत्पादकता ।** अर्थव्यवस्था र आम्दानी चम्किएको बेला विशेष रुपमा उन्नाईसौँ शताब्दी र बीसौँ शताब्दीको पूर्वाद्धमा गरिबहरुको अवस्था राम्रो भएको समानताको वकालत गर्नेहरु स्वीकार गर्दछन् । तैपनि त्यसबखत ट्रेड यूनियनलाई विशेष दर्जा दिने कुनै कानून बनेको थिएन, कुनै न्यूनतम तलब तोकिएको थिएन, अपेक्षाकृत कम करको व्यवस्था र सामाजिक व्यय थियो, र कतिपय अन्य चीजहरु पनि कम थिए जुन समानताका लागि जरुरी थिए । बरु आयमा वृद्धि ती आविष्कारहरुले भए, जसबाट उत्पादकत्व बढ्यो, जसबाट संसारलाई सस्ता कपडा, वस्तु, सञ्चार साधन, यातायात, बिजुली, स्वच्छता र अन्य धेरै थोक उपलब्ध भए । बढ्दो उत्पादकत्वले काम गर्ने समयलाई आशलाग्दो कटौती र फुर्सदको समयलाई वृद्धि गरायो । साथै एउटा धनी समाजले गरिब नागरिकहरुकालागि शिक्षा, आवास, कल्याणयोजना र अन्य लाभको उच्च स्तर हासिल गर्न सक्यो । सन् १९१० को दशकमा सबै आर्थिक वर्गहरुलाई लाभ मिल्यो र उनीहरु केवल ५० वर्षको तुलनामा निकै राम्रो स्थितिमा थिए ।

**स्तरमा सुधार ।** विश्व युद्धहरु र अन्य अडचनहरु झेल्दाझेल्दै पनि जीवनस्तरमा प्रशस्त वृद्धि जारी छ । औसत आयु, शिक्षा, साक्षरता, सुरक्षा, पोषण, खर्च गर्न सकिने आम्दानी र फुर्सदको समय, सबैमा सुधार आएको छ । शिशु मृत्यूदर, घातक दुर्घटना, भोकमरी र अरु थुप्रै कुरामा कमी भएको छ । र, यो सबैको अन्तिम श्रोत बढ्दो उत्पादकता हो- जुन मानवक्षमता, नयाँ खोज, प्रेरणा, शिल्प, मानवीय तथा भौतिक सम्पत्ति र कडा परिश्रमको परिणाम हो, जुन सबै उदार मूल्य तथा सँस्थाहरु, विचार र कामको स्वतन्त्रता, सम्पत्तिको अधिकार र निःशुल्क विनिमयमा आधारित छ ।

यो सबै असमानताको संसारमा भएको हो । असमानतालाई अन्त्य गर्ने कोशिशले उद्यम र प्रगतिको झिल्कोलाई निभाइदिन्छ ।

जस्तो कि उस्तै खालका उत्तर र दक्षिण कोरिया वा पहिलेको पूर्व र पश्चिम जर्मनीको छक्क पार्ने कथा त्यसको उदाहरण हो । भियतनाम जस्तो पूर्व समाजवादी र समान मानिएका मुलुकहरुमा नवधनीहरु गरिबहरुको तुलनामा निकै बढी धनी भएका छन् । सबभन्दा गरिब मजदूरहरु समेत टेलिभिजन र मोटरसाइकल किन्दैछन्, र तिनलाई आफ्नो समृद्धि बढि नै रहनेछ भन्नेमा पूरा विश्वास छ । असमानता प्रगतिको प्रेरक वा त्यसको परिणाम या दुवैको केही संयोजन हुनसक्छ । तर, असमानता र विविधताको गहिरो सामाजिक र आर्थिक महत्व छ भन्ने कुरा निश्चित प्रतीत हुन्छ । र, असमानतालाई मेटाउने निर्णय लिनुभन्दा पहिले सम्भावित परिणामहरुको बारेमा गहन विचार गर्न आवश्यक छ ।

# १७ निष्कर्ष

यस अर्थमा शुरुमा जसरी बुझिएता पनि समानता ज्यादा परेशानीयूक्त खालको अवधारणा हो । यसका यति विविध अर्थ हुन सक्छन् कि समानतालाई कसरी निर्धारण गर्ने भनेर पत्ता लगाउन नै मुश्किल छ । मानिसहरु धेरै तरिकाले असमान छन्: उनीहरुसँग अलग अलग प्राकृतिक क्षमताहरु छन् । उनीहरु अलग विकल्प रोज्छन्, अलग जोखिम मोल्छन् र उनीहरुसँग भाग्यको अलग अंश हुन्छ, जुन उनीहरुको आर्थिक सफलताको कारक हो । समानतालाई कसरी हेर्ने वा कसरी लिने भन्ने कुरा यी र यस्तै थुप्रै कारकहरुले अधिक अस्पष्ट बनाउँछ ।

**त्रुटियुक्त नपाई ।** तथ्याङ्कको अस्पष्टता र समान कर, सामाजिक लाभ र वस्तुगत राज्य लाभलाई नजरअन्दाज गर्ने तथ्य र आँकडाले मानिसहरुको जीवनको विभिन्न चरणलाई तुलना गर्दछ भन्ने कुरालाई दृष्टिगत गर्दै हामी असमानतालाई राम्रोसँग मापन गर्न पनि सक्दैनौं । एकपल्ट जब यी कारकहरु मिसिन्छन् तब असमानताको व्यापकता नाटकीय रुपमा कम हुन जान्छ । निकै अन्तर भएका मुलुकहरुलाई दाँज्नु भनेको अझ ज्यादा समस्याग्रस्त कुरा हो ।

**त्रुटियुक्त सफाई ।** अधिक समानता चाहनुको आम औचित्य विश्वसनीय छैन । हाम्रो सार्वभौमिक मानवताको याचनाले गरिबीबाट उन्मुक्तिलाई उचित ठहऱ्याउन सक्छ, तर यो भनेको समानताभन्दा निकै अलग कुरा हो । कल्पित रुपमा तर्कसङ्गत बहस गर्ने हो भने उदाहरणकालागि हामी एउटा समान समाजमा बाँच्न चाहन्छौं भनेर परिणामको चासो नराखी झ्वाट्ट एउटा विकल्प छान्यौं भने त्यो अमिल्दो हुन्छ जब हामीले थाहा पाउँछौं कि फरक मानिसहरुसँग जोखिम मोल्ने र आत्मप्रगति गर्ने सम्भावनाप्रति अलग दृष्टिकोण हुन्छ । धनी झन् धनी हुन्छन् भन्ने धारणा तथ्यबाट प्रमाणित हुँदैन । किनभने भाग्य उदय र अस्त दुवै हुन्छ । र, विभिन्न सामाजिक समस्याहरुकासाथ असमानताको कथित सहसम्बन्ध कमजोर एवं तपाइँका कुनै पनि विचार त्यसमा मिसाउँदा अत्यधिक संवेदनशील हुन्छ ।

**त्रुटियूक्त नीति ।** समानताका नीतिहरु पनि सीधा र सरल छैनन् । समान तलब त्यतिञ्जेलसम्म उचित लाग्छ जबसम्म फरक कार्यअवधि र अलग परिवारको आकारले अनुचितताको आरोप जन्माउँछ र मानिसहरुलाई असमान रुपले अलग्याइदिन्छ भन्ने कुरा तपाईं सोच्नुहुन्न । न यसले कुनै नोकरीहरु अरुको तुलनामा अधिक रमाइलो हुन्छ भन्ने तथ्यलाई नै पुष्टि गर्छ ।

विभिन्न मानिसहरुको विभिन्न क्षमता, दृष्टिकोण, काम र मूल्यको विशाल श्रृङ्खलाको सामु समान परिणाम उत्पन्न गर्ने असम्भवतालाई मध्येनजर राख्दै समान तुल्याउने अवसरहरुको बिचारमा बदलिन्छ तर्क । तर, अलग परिवार अनिवार्य रुपले आफ्नो सन्तानको जीवनमा एटउटा अलग मार्ग दिन्छन्, जसले उनीहरुको प्रगतिलाई प्रभावित गर्दछ । तर, तिनीहरुको सफलता कति यसको कारण, वा कडा मिहिनेत र प्रेरणा, वा भाग्यको कारण भएको हो भनेर मापन गर्न असम्भव छ ।

**विरोधाभास ।** पुनर्वितरणमा विरोधाभास छः यो भनेको मानिसलाई असमान ढङ्गले व्यवहार गरेर कसैमा समानतामाथि विश्वास जगाउनु हो । यद्यपि यो धारणा अनिवार्यतः व्यक्तिपरक हो । र, आवश्यक शक्ति र विवेक भएका कुनै राजनीतिज्ञ वा अधिकारीले निर्णयलाई वास्तविकतामा बदल्ने उल्लेखनीय खतरा छ । वास्तवमा सरकार अक्सर समस्याझैं देखिन्छ, जसले गरिबहरुको सट्टा मध्यम वर्गीयहरुका निम्ति श्रोतहरुको सञ्चालन गर्दछ ।

**सामूहिकतावादी मानसिकता ।** समानताको नारा अनिवार्य रुपमा सामुहिकतावादी छ, जसले ब्यक्तिहरुलाई यस प्रश्नयोग्य

सामाजिक परिणामको सहायक मान्दछ । तर अधिकांश समाज असमान छ र तिनलाई बराबर गर्ने व्यावहारिक प्रयास अल्पकालमै असफल भएका छन् । हामीले यस सम्भावनामा विचार गर्नुपर्छ कि धन, प्रतिष्ठा वा मर्यादानुक्रम, र सरल मानव विविधताका महत्वपूर्ण सामाजिक काम हुनसक्छन्, जस्तो कि नवीन खोज, लगानी, उत्पादकत्व, र उद्यमलाई प्रोत्साहन । र, हामीले आफैँलाई सम्झाउन सक्नुपर्छ कि धन अपराधी र सरकारहरुबाट लिइएको कुनै वस्तु होइन- बरु त्यो यस्तो चीज हो जो विभिन्न व्यक्तिबीच दैनिक जीवनमा हुने आर्थिक कारोवारबाट उत्पन्न भएको हुन्छ ।

**श्रेष्ठ केन्द्रित ।** हामीले समानतामा होइन सबभन्दा गरिबहरुको स्थितिमा सुधार ल्याउने र असफल सरकारी विद्यालय, आर्थिक कुप्रबन्ध र राजनीतिक शक्ति जस्ता वास्तविक सामाजिक समस्यामा आफ्नो ध्यान केन्द्रित गर्नु वेश हुनेछ । असमानतालाई अन्त्य गरेर सामाजिक समस्याहरुलाई अन्त्य गर्ने कोशिश गर्नु कानूनलाई अन्त्य गरेर अपराधलाई अन्त्य गर्ने कोशिश गर्नु जस्तै हो । हामीले आफ्नो सामाजिक समस्यालाई सीधै सम्बोधन गर्नु पर्ने आवश्यकता छ, न कि समानताले तिनलाई तह लगाइदिन्छ भनेर आशा राख्नु । उदाहरणको लागि असफल विद्यालयलाई ठीक पार्न सकियो भने त्यसले तथ्योत्तर पुनर्वितरणमा दिईने कुनै पनि राशिभन्दा गतिशीलता र समानतालाई उँभो लगाउन ज्यादा काम गर्न सक्छ ।

समानता र 'पाइको हिस्सा' मा ध्यान केन्द्रित गर्नुले एउटा मुक्त अर्थव्यवस्थाको गतिशीलताको नजरअन्दाज गर्दछ । बढ्दो उत्पादकत्व र आर्थिक विकासले सबैको जीवनस्तरलाई निकै माथि उठाएको छ । आजभोलि विकसित मुलुकहरुमा गरिबहरु दैनन्दिनको सुविधाहरुका साथ पहिलेभन्दा श्रेष्ठतर जीवन बाँचिरहेका छन्, जुन हिजोका कुलीनहरु सपनामा पनि सोच्न सक्दैनथे । आफ्नो समयमा दोश्रा धनी मान्छे नाथन मेयर रोथ्सचाइल्डको सन् १८३६ मा गिजामा आएको फोकाका कारण निधन भयो । आजभोलि हामी गिजामा आएको फोकालाई एण्टिबायोटिकले निको पार्दछौं । हामी जनावरलाई समेत एण्टिबायोटिक ख्वाउँछौं ।

**नैतिक अत्यावश्यकता ।** यदि तपाईले एउटा त्यस्तो बटन थिच्न पाउनुभयो जसले संसारको सबभन्दा निर्धनलाई दुई गुणा धनी र त्यसको परिणाममा संसारको सबभन्दा धनीलाई तीन गुणा धनी बनाइदिन्छ भने के तपाईं त्यो बटन थिच्नुहुन्नथ्यो ? तर, यो वास्तविक विकल्प होईन, किनभने सबभन्दा ज्यादा आर्थिक रुपले उन्नत अर्थव्यवस्थाहरु गरिब अर्थव्यवस्थाको तुलनामा कतिपय तरिकाले समान र अधिक समान छन् । तर, असमानतामा ध्यान केन्द्रित गर्न हामी त्यस चीजलाई नजर अन्दाज गरिदिन्छौं जुन वास्तवमा महत्वपूर्ण छ । यो होइन कि प्रत्येक व्यक्ति समान हुनुपर्छ, बरु यो कि प्रत्येक व्यक्तिको पहुँच एउटा विशिष्ट जीवनस्तरसम्म हुनुपर्छ ।